वर्ष : १३, अंक : १८, काठमाडौं, २०७४ साउन २७ गते शुक्रबार 11 August 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# राजपा मध्यमार्गी विकल्पको खोजीमा

## केन्द्रीय समिति बैठकमा पनि नेताहरूबीच मतभेद

**मधेशवाणी डेस्क**

काठमाडौं । अन्ततः सबै अडकल र आशंकालाई चिर्दै राष्ट्रिय जनता पार्टी नेपालले संविधान संशोधनबिना चुनावमा नजाने ठोस निर्णय गरेको छ । यसअघि पार्टी भित्रै चुनावमा जानु पर्ने केही नेताहरूको दबाबलाई चिर्दै पार्टीले प्रदेश नम्बर २ मा असोज २ गते हुने तेस्रो चरणको स्थानीय तहको चुनावलाई पहिलो र दोस्रो चरणजस्तै सशक्त वहिष्कार गर्ने निर्णय गरेको छ ।

तीन दिनसम्म चलेको केन्द्रीय समिति बैठकले यथास्थितिमा चुनावमा नजाने निर्णय गरेको हो ।

चुनावमा जाने/नजाने बीच तीव्र भदभेद र आन्तरिक तथा बाह्य दबावका बीच आएको राजपाको पछिल्लो निर्णयले सत्तारूढ घटक काँग्रेस र नेकपा माओवादी केन्द्रलाई झस्काएको छ । ती दुवै दल चुनावका लागि राजपामा परेको दबाबले उ संविधान संशोधन बिना नै आउने कुरामा विश्वस्त थिए । तरा पछिल्लो निर्णयले तेस्रो चरणको चुनावलाई मात्रै निस्तेज गरेको छैन अब सरकारालाई चुनावअघि नै संविधान संशोधन गर्ने दबाब पनि परेको छ ।

**राजपा विकल्पको खोजीमा**

राजपाको केन्द्रीय कार्यसमिति र पदाधिकारी बैठकमा चुनावमा जाने कि नजाने भन्नेमा पार्टीभित्र विवाद भएपछि राजपाले मध्यमार्गी विकल्पमा जान सक्ने संकेत पनि देखाएको छ । कार्यकर्ताको दबाब र आन्दोलनमा जान बाह्य परिस्थितिसमेत अनुकूल नरहेकाले राजपा उपयुक्त विकल्पको खोजीमा देखिएको हो । त्यस्तो विकल्प परिणाम जे आए पनि संविधान संशोधन विधेयकलाई निर्णयार्थ लगेर चुनावमा जानु रहेको राजपा प्रवक्ता केशव झाको भनाइ छ । उनले पार्टीमा नेता तथा कार्यकर्ताको ठूलो पंक्ति चुनावमा जान आतुर रहेकाले मध्यमार्गी विकल्पमा सरकारसँग सहमति प्रयास भइरहेको बताए । त्यस्तो विकल्प भनेकै संविधान संशोधन रहेको उनको भनाइ थियो ।



*केन्द्रीय समितिको बैठकमा राजपा नेपालका अध्यक्षमण्डलका नेता लगायत ।*

सरकारलाई माग पूरा गर्न सात दिनको अल्टिमेटम दिने भनेको राजपाले अब देउवा भारत भ्रमणबाट फर्कने समयसम्म पर्खने भएको छ । राजपाले उठाएको आन्दोलनमा मृत्यु भएकालाई शहीद घोषणा, घाइते तथा अपाङ्गको उपचार र भरणपोषण, मुद्दा फिर्ता, कार्यकर्ता रिहा गर्नेलगायत धेरैजसो माग पूरा भइसकेको सरकार पक्षको दाबी छ । सरकारले मारिएका मध्ये ६ जनाको मात्र शहीद घोषणा बाँकी रहेको, ४३ जना अपाङ्गताका लागि भरणपोषणको व्यवस्था गर्न प्रक्रिया अघि बढाएको र ३२ मुद्दा फिर्ताका लागि सम्बन्धित जिल्लामा निर्देशन गइसकेको जनाएको छ ।

मन्त्रिपरिषद्बाट बाँकी काम पूरा गरी विधेयक अघि बढाए चुनावमा जानुपर्छ भन्ने मत राजपाभित्र सशक्त बन्दै गएको छ । नेता महेन्द्र यादव, शरत्सिंह भण्डारी, हृदयेश त्रिपाठी, सर्वेन्द्रनाथ शुक्ललगायत नेता चुनावमा जानुपर्ने पक्षमा छन् । महन्थ ठाकुर, राजेन्द्र महतो, राजकिशोर यादव, अनिल झालगायतले संविधान संशोधन पारित हुनुपर्ने विषयलाई बटमलाइन बनाउँदै आएका छन् ।

**काँग्रेस संशोधन विधेयकको पक्षमा**

राजपाले तेस्रो चरणको निर्वाचन वहिष्कार गर्नु केही अघिमात्र सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसले असोज २ गते हुने तेस्रो चरणको स्थानीय तह निर्वाचनअघि नै संविधान संशोधन विधेयकलाई निर्णयार्थ सदनमा राख्ने निर्णय गरेको छ ।

कांग्रेसको बैठकले संशोधन विधेयकलाई मतदान प्रक्रियामा लैजाने निर्णय गरेको हो । केही दिनअघि कांग्रेसले २ नम्बर प्रदेशमा गरेको कार्यकर्ता भेलाले चुनावअघि नै संशोधन विधेयकलाई मतदानमा लैजान सुझाव दिएको थियो । सोही आधारमा कार्यसम्पादन समितिको बैठकले यस्तो निर्णय लिएको हो ।

विधेयक सदनबाट पारित गराउन सरकार र दलका तर्फबाट संसद्मा प्रतिनिधित्व गर्ने दलसँग वार्ता गर्ने निर्णय पनि बैठकले गरेको छ । बैठकले अन्य दलसँग वार्ता गरेर विधेयक पास हुने वातावरण मिलाउने जिम्मा पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवालाई दिएको छ । विधेयक पास या फेल जे भए पनि मतदान प्रक्रियामा लगेर टुंग्याउने निर्णयमा कांग्रेस पुगेको हो ।

कांग्रेस नेता कृष्ण सिटौलाले तेस्रो चरणको स्थानीय तह चुनावअघि नै संविधान संशोधन विधेयकलाई निर्णयार्थ सदनमा मतदान प्रक्रियामा लैजाने निर्णय बैठकले गरेको जानकारी दिए ।



*केन्द्रीय समितिको बैठकमा राजपा नेपालका नेतागण ।*

संशोधन विधेयकलाई मतदान प्रक्रियामा लैजानुअघि प्रधानमन्त्री देउवाले राजपा नेतासँग कुरा गर्नेछन् ।

**भारत भ्रमणपछि संशोधन विधेयकमा मतदान**

सरकारले राजपा नेपाललाई चुनावमा ल्याउन संसदमा रहेको संविधान संशोधन विधेयक मतदानमा लैजाने भएको छ । प्रक्रियामा लैजाँदा जस्तो परिणाम आए पनि स्वीकार गरेर चुनावमा जाने संकेत राजपा नेताहरूले दिएपछि प्रधानमन्त्री शेरबहादुर देउवा भारत भ्रमणबाट फर्केलगत्तै विधेयकलाई मतदानमा लैजाने तयारी गरेका हुन् ।

राजपा नेताद्वय महेन्द्र यादव र शरत्सिंह भण्डारीले प्रधानमन्त्री देउवालाई भेटेरै संविधान संशोधन विधेयक निर्णयार्थ लैजान आग्रह गरेका थिए । सरकारका तर्फबाट गर्नुपर्ने बाँकी काम पूरा गरेर संविधान संशोधन विधेयकलाई मतदानमा लगे राजपा चुनावमा जाने बताउँदै दुवै नेताले आग्रह गर्दा प्रधानमन्त्रीले भारत भ्रमणपछि उपयुक्त हुने भन्दै त्यतिञ्जेल पर्खिदिन आग्रह गरेका थिए ।

# राजपामा संसदीय दलको नेता को हुने ?



महेन्द्र राय यादव

**काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालभित्र यतिखेर संसदीय दलका नेता को हुने भन्नेमा विवाद देखिएको छ । ६ मधेशकेन्द्रित दलहरू मिलेर गठन भएको राजपा नेपाल विधिवत्रूपमै निर्वाचन आयोगमा गठन भइसक्दा पनि संसदीय दलको नेतामा विवाद बल्झिँदै गएको हो । वरिष्ठताक्रमका अनुसार राजपा अध्यक्षमण्डलका सदस्य महेन्द्र राय यादव संसदीय दलको नेता हुनुपर्ने देखिन्छ । तर, यादवलाई हुन नदिन पार्टीभित्र षड्यन्त्र भइरहेको स्रोतको दाबी छ । अध्यक्षमण्डलका अन्य सदस्यहरूमध्ये यादव मात्र एउटा प्रत्यक्ष निर्वाचित सांसद् हुन् । उनी सर्लाहीको निर्वाचन क्षेत्र नं. ४ बाट अध्यक्षमण्डलकै अर्का नेता तथा तत्कालीन सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोलाई संविधानसभाको दोस्रो निर्वाचनमा पराजित गरेका थिए । वरिष्ठताक्रमको आधारमा यादव नै संसदीय दलका नेता हुनुपर्ने केही नेताहरूको अडान छ भने, अर्को पक्षले सर्वेन्द्रनाथ शुक्ल हुनुपर्ने षड्यन्त्र भइरहेको स्रोतले जनाएको छ । पार्टीभित्र फेरि जातिवादको गन्ध आउन थालेको एक नेताले नाम नउल्लेख गर्ने शर्तमा भने, 'वरिष्ठता क्रमका अनुसार महेन्द्र यादव नै संसदीय दलका नेता हुनुपर्छ ।'**

| क्र.सं. | नाम | जिल्ला | निर्वाचन क्षेत्र | परिणाम |
|---|---|---|---|---|
| १. | महन्थ ठाकुर | सर्लाही | ६ | पराजित |
| २. | राजेन्द्र महतो | सर्लाही | ४ | पराजित |
| ३. | महेन्द्र राय यादव | सर्लाही | ४ | विजयी |
| ४. | शरत्सिंह भण्डारी | महोत्तरी | १ र ६ | पराजित |
| ५. | राजकिशोर यादव | सिरहा | ६ | पराजित |
| ६. | अनिलकुमार झा | रौतहट | १ | पराजित |

* संविधानसभा-२ को निर्वाचनमा अध्यक्षमण्डलका नेताहरुको परिणाम ।

# भारतीय विदेशमन्त्रीद्वारा उच्चस्तरीय भेटवार्ता



*राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटवार्ता गर्दै भारतीय विदेशमन्त्री सुष्मा स्वराज ।*

काठमाडौं । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका निम्ति बंगालको खाडीको प्रयास (बिमस्टेक) बैठकमा सहभागी हुन काठमाडौं आएकी भारतीय विदेशमन्त्री सुष्मा स्वराजले राष्ट्रपति र प्रधानमन्त्रीसँग छुट्टाछुट्टै भेटेकी हुन् । भारतीय विदेशमन्त्री स्वराजले राष्ट्रपति विद्यादेवी भण्डारीसँग शिष्टाचार भेट गरेकी छिन् । यस्तै, भारतीय विदेशमन्त्री स्वराजले प्रधानमन्त्री शेरबहादुर देउवासँग पनि भेट वार्ता गरेकी छन् । दुई नेताको भेटमा दुई देशबीचको सम्बन्धको बारेमा कुराकानी भएको बुझिएको छ ।

# यादवद्वारा लोकतान्त्रिक फोरम परित्याग



**रामेश्वर राय यादव**

काठमाडौं । उपप्रधान तथा संघीय मामिलामन्त्री विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरम पार्टीका सहअध्यक्ष रामेश्वर राय यादवले पद त्याग गरेका छन् । अध्यक्ष गच्छदारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै उनले राजीनामा गरेका हुन् । मधेशलाई आधारभूमि बनाएर गठन भएको पार्टीले मधेशका मुद्दा छोडेर सत्तामुखी भएको आरोप यादवले लगाएका छन् ।

राजीनामा दिनुका कारणहरू उल्लेख गर्दै उनले ८ बुँदा सार्वजनिक गरेका छन् । स्थापना कालदेखि हालसम्म पार्टी संस्थागत रूपमा अगाडि बढ्न नसकेको, निःस्वार्थ भावले पार्टीमा खट्ने नेता कार्यकर्ताको भावनाको कदर नभएको, पार्टीभित्र आन्तरिक छलफल नगरी बाहिरी प्रभावमा निर्णय लादिने गरेको लगायतका आरोप उनले लगाएका छन् । एकल नेतृत्वको बोझ एवं सञ्चालनमा पारदर्शिताको अभाव रहेको आरोप उनले लगाएका छन् । महाधिवेशनको भावनाविपरित पार्टीको नाम परिवर्तन एवं पार्टीलाई जातिगत प्रभावबाट मुक्त गराउन नसकेको उनले आरोप लगाएका छन् ।

# मधेशमा स्थानीय तहको संख्या थप्न सर्वोच्चको निर्णय

काठमाडौं । सर्वोच्च अदालतले मधेशमा स्थानीय तहको संख्या थप्ने बाटो खोलिदिएको छ । प्रधान न्यायाधीश गोपाल पराजुली र न्यायाधीश पुरूषोत्तम भण्डारीको इजलासले स्थानीय तहको संख्या बढाउन उक्त बाटो खोलिदिएको हो । पुष्पकमल दाहाल नेतृत्वको सरकारले मधेशमा स्थानीय तहको संख्या बढाएपछि अदालतमा रिट परेको थियो । सोही रिटमा आदेश दिँदै सर्वोच्च अदालतले स्थानीय तह नबढाउन अन्तरिम आदेश दिएको थियो । तर प्रधानन्यायाधीश समेत संलग्न इजलासले उक्त रिटलाई खारेज गरेर स्थानीय तहको संख्या थप्न सक्ने बाटो खोलिदिएको छ । दाहाल सरकारका उपप्रधान एवम् स्थानीय विकासमन्त्री विजयकुमार गच्छदार नेतृत्वको कार्यदलले प्रस्ताव गरेअनुसार मधेशका १२ जिल्लामा २२ स्थानीय तह थप गर्ने निर्णय भएको थियो, जसलाई सर्वोच्चलाई अन्तरिम आदेश मार्फत रोकिदिएको थियो । सर्वोच्चले उक्त रिट खारेज गरेपछि सरकारलाई स्थानीय तह बढाउन बाटो खुलेको छ ।

**निर्णय सकारात्मक : राजेन्द्र महतो**

राष्ट्रिय जनता पार्टी, नेपालका नेता राजेन्द्र महतोले सर्वोच्चको निर्णय सकारात्मक भएको बताएका छन् । 'सर्वोच्चको निर्णय सकारात्मक छ', उनले भने, 'यसले सहज बनाएको छ । हामीले भने बमोजिम नभएपनि सरकारले पहल गरेको थियो ।'

# मधेशी प्राध्यापक चीनको अर्धसरकारी संस्थाको उच्च पदमा



डा. राजीवकुमार झा

काठमाडौं । मधेशी मूलका नेपाली प्राध्यापक डा. राजीवकुमार झा चीनको सान्सी प्रान्तमा रहेको चिनियाँ अर्धसरकारी अन्तर्राष्ट्रिय स्तरको बुद्धिजीबीहरूको संस्था थिंक ट्याङ्कको अन्तर्राष्ट्रिय विभागको संयोजकमा नियुक्त भएका छन् । चिनियाँ र अन्तर्राष्ट्रियस्तरका बुद्धिजीबीहरूको संलग्नतामा चीन सरकारद्वारा स्थापित संस्था 'सान्सी इनोभेटिभ ट्यालेन्ट डेभलपमेन्ट रिसर्च इन्स्टिच्युट' को अन्तर्राष्ट्रिय संयोजक तथा अनुसन्धातामा तीन वर्षका लागि प्राडा झा नियुक्त भएका हुन् ।

उक्त संस्थामा चीन सरकारका उच्च पदस्थ वर्तमान तथा निवृत्त अधिकारी, नीतिनिर्माता, प्राध्यापक, बुद्धिजीवी, चिनियाँ तथा विदेशी विकासविद्, कानुनविद्लगायत संलग्न छन् ।

साथै, सो संस्थाले हरेक वर्ष विभिन्न क्षेत्रका १०० जना प्रतिभाशाली व्यक्ति 'सय प्रतिभा' (हन्ड्रेड ट्यालेन्ट) पनि छनौट गर्ने गर्छ । प्राडा झा सन् २०१४ मा सो प्रान्तको एक सय प्रतिभामा छानिएका हुन् । विगत २० वर्षदेखि चीनमा रहेका प्राडा झा हाल सान्सी प्रान्तको राजधानी सहर सियानमा अवस्थित सियान मेडिकल युनिभर्सिटीमा प्राध्यापन र अनुसन्धानरत छन् ।

उनको नाममा चीन सरकारले सन् २०१५ मा युनिभर्सिटी अफ सियानमा 'चाइना नेपाल फ्रेन्डसिप मेडिकल रिसर्च सेन्टर अफ प्रोफेसर राजिवकुमार झा' पनि स्थापना गरेको छ । २०३६ मा धनुषाको प्रवाहा गाउँमा जन्मिएका डा झा २० बर्षअघि एमबिबीएस अध्ययन गर्न चीन गएका थिए र विद्यावारिधि सकेपछि उनी चीनमा नै प्राध्यापनरत छन् ।

# रौतहट घटना : मानवीय संवेदना हराएको क्षण

**समाचार टिप्पणी/मधेशवाणी डेस्क**

घटना १:

काठमाडौं मनमैजुस्थित युरिका हाइस्कुलको कक्षा ३ मा अध्ययनरत १० वर्षीया विनिता फुयाँल विद्यालयबाट नेपालटारस्थित घर जाँदा पानीले नहरजस्तै बनेको सडकको भेलले बगायो । भेलले चमती खोलामा पुऱ्याएपछि आफन्त र प्रहरीले उनको उद्धार गरे । उपचारका लागि त्रिवि, शिक्षण अस्पताल, पुराइएकी उनको मृत्यु भयो ।

घटना २:

काठमाडौंकै वृहस्पति विद्या सदन, नक्सालमा पढ्ने १३ वर्षीया सत्या सापकोटा गाडीबाट सामखुसी चोकमा ओर्लिन् । सडक जलमग्न देखेपछि अतालिँदै उनी रानीबारीमा रहेको घर तिर जाने भित्री सडकतर्फ लागिन् । नाली थियो बीचमा । पानी उर्लेर बगिरहेको थियो । सत्या त्यहीं नालीमा खसिन् । भेलले उनलाई ह्युम पाइपभित्र पुऱ्यो । धन्न वारिपारिका मान्छेले देखे र उनको उद्धार भयो ।

घटना ३:

रौतहटको गरूडामा सडक निर्माणका बेला खनिएको खाल्डोमा चार बालिकाको मृत्यु भयो । खाल्डोमा जमेको पानीमा गर्मी छल्न खेलिरहेका ती बालिकाहरूको ज्यान गएको हो । माथि उल्लेखित घटनामा नयाँपन केही छैन् र यी नयाँ घट्ना पनि होइन । मुलुककै राजधानी सहर काठमाडौंका सडकमा यस्ता घट्ना बारम्बार भइरहन्छन् भने काठमाडौं बाहिर यस्ता घटना हुनुलाई सामान्य नै मान्नु पर्छ । यद्यपी यस्ता धेरै घटना बाहिर आउँदैन । थोरैमात्र समाचारका विषय बन्छन् । माथिका पहिलो दुई घटना काठमाडौंमा घटित भएको हो र त्यसले सामाजिक सञ्चालका साथै समाचारको मुख्य अंश पनि बन्यो । घटना भए देखि नै अनलाइन, पत्रिका, रेडियो र टिभीहरूमा भएको प्रस्तुतीले एउटा भयावह अवस्थाको चित्रण गरेको पाइयो तर त्यस्तै प्रकारको घटना रौटहटमा हुँदा न त सामाजिक सञ्चालको नजर पऱ्यो न त काठमाडौंका लागि समाचारको विषय बन्यो । किनभने रौतहट काठमाडौंमा होइन । रौतहटमा एक्कै ठाउँमा चार अबोध बालिकाले ज्यान गुमाउँदा मानवीय संवेदना हराएको र खासै केही नभएको जस्तो प्रतीत भयो ।



निश्चित रूपमा काठमाडौंको घटनालाई प्रमुखताका साथ उठाउनु पर्छ तर यसको अर्थ यो होइन कि काठमाडौंबाहिरको घटना समाचारै, घटनै होइन । तर रौतहटका घटनामा जसरी सञ्चार माध्यमद्वारा विभेद गरियो र काठमाडौंबासीले रौतहटको संवेदनालाई बुझ्न सकेन यसले काठमाडौंको मनोविकृतिलाई उजागर गरेको छ । सामाजिक सञ्जालमा सत्याको भिडियो भाइरल भएपछि सामाजिक सञ्जालकै एउटा समूह एमआरआर ग्रुपले प्रर्दशन पनि गऱ्यो तर रौतहट घटनाका विषयमा सबै मौन ।

**रौतहटको घटना**

गत असार महिनामा दुर्गा निर्माण सेवाले गरूडा ४ स्थित सडक निर्माणको क्रममा उक्त खाल्डो खनेको थियो ।

ठेकेदारको लापरबाहीका कारण करिब १० फिट गहिरो उक्त खाल्डोमा घाँस लिएर आईरहेका गरूडा ४ बालिकाहरू डुवेर मृत्यु भएको हो । यो घटना त्यहाँ पहिलो पनि होइन । पछिल्ला दुई महिनामा मात्रै रौतहटमा त्यस्तै खाल्डाको पानीमा डुबेर अन्य सात जनाको मृत्यु भएको छ । सडक निर्माणको जिम्मा लिएका निकाय तथा व्यक्तिको चरम लापरबाहीकै कारण यस्तो दुर्घटना निम्तिएको हो । बालबालिका पटक-पटक डुब्ने गरे पनि गहिरा खाल्डा पुर्न सम्बन्धित निकाय र व्यक्तिबाट तदारूकता नदेखाउनु गैरजिम्मेवारीपनको पराकाष्टा हो । र, यो निन्दनीय मात्र होइन, अक्षम्य पनि छ । गरूडामा मुख्य गल्ती ठेकेदारकै देखिन्छ । निर्माण कार्यका यस्ता लापरबाही अन्त्य गराउन स्थानीय समुदायको दबाब पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

रौतहटमा सडक बनाउने बेला गहिरा खाल्डालाई जतिसक्दो छिटो पुर्नुपर्छ नै, सडक विभाग र ठेकेदारको हेलचेक्रयाइँले नपुरिएका खाल्डाको पानीमा डुबेर ज्यान गुमाएका बालिकाका परिवारलाई यथोचित राहत पनि उपलब्ध गराउनुपर्छ । सडक निर्माणका क्रममा त्यस्तै लापरबाही अन्य जिल्लामा पनि गरिएको हुन सक्छ । रौतहटको गरूडाको घटनाबाट अरू जिल्लाका सम्बन्धित निकायरव्यक्तिको समेत आँखा खुल्नुपर्छ । राजधानीको जलमग्न सडकमा यस्तै प्रकृतिका घटना हेर्ने राज्यले रौतहटसँग किन न्याय गर्न सकेको छैन । यसका लागि बोल्ने कोही भएन । मधेशका लागि राजनीति गर्ने र मधेशको वकालत गर्ने कथित बुद्धिजीविहरूको बोलीमा किन लगाम लागेको रहस्यमय छ । प्रधानमन्त्रीले राजधानीका सडकमा खाल्डाखुल्डी पुर्न निर्देशन दिँदा पनि रौतहटलाई बिर्सेको भनि सम्झाइ दिने को ?



## सम्पादकीय



# राजपा र एमालेको हठ, कति प्रसांगिक

सरकारले हरउपाय अवलम्बन गरी राजपालाई यथासक्य तेस्रो चरणको निर्वाचनमा सहभागी गराउन प्रयास जारी राखे पनि ठोस उपलब्धि हात लाग्न सकेको छैन। सत्तारूढ दलहरू विशेष गरी नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र तथा वर्तमान सरकार गठनमा सहयोग पुऱ्याएको राष्ट्रिय जनता पार्टी (राजपा)का नेताहरूबीच पटक-पटक भएका वार्ताहरू बिनानिष्कर्ष टुंगिदा संविधान संशोधनको मुद्दा अझै अन्योल रहेको छ।

कांग्रेस-माओवादी गठबन्धन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवा र पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले राजपाका नेताहरूलाई उनीहरूका माग पूरा गर्नका लागि आश्वासन मात्रै दिएका छैनन् राजनीतिक दल दर्तासम्बन्धी ऐन संशोधनसमेत गर्नका लागि पहल गरे र जसमा नेकपा एमालेको पनि समर्थन रह्यो। राजपा चुनावमा आउँछ भने उपयुक्त वातावरण निर्माण गर्नु सबैको दायित्व सम्झेर पक्ष-प्रतिपक्ष सबैले ऐन संशोधनमा सहमति जुटाउनुलाई वास्तवमै सकारात्मकरूपमा लिनुपर्ने हुन्छ। राजपाले आफ्ना मागहरू सम्बोधन नभएको भन्दै केन्द्रीय समितिको बैठकबाट तेस्रो चरणको निर्वाचन पनि वहिष्कार गर्ने निर्णय गर्नु निश्चित पनि स्वागतयोग्य कदम होइन। राजपाको निर्वाचन वहिष्कारको घोषणाले सरकारका सामु कसरी तेस्रो चरणको निर्वाचन सम्पन्न गर्ने भन्ने चुनौती थपिएको छ। यससँगै चुनाव गराउने र नगराउनेबीचको अडान कतै मुठभेडमा परिणत भई अर्को खतरा निम्तिने पो हो कि भन्ने चिन्ता पनि उब्जेको छ।

> राजपा संविधानको संशोधन माग गरिरहेछ, सरकार त्यसलाई टाल्दै अन्ततः राजपा बिनाको तेस्रो चरणको निर्वाचन चाहिरहेको त छैन भन्ने गम्भीर प्रश्न पनि उब्जिएको छ।

संविधान संशोधन गर्ने सरकार पक्षको पटक पटकको प्रतिवद्धता र प्रतिवद्धता अनुसारको काम पूरा नगरिएको भन्दै सरकारको कमजोरी ठान्ने राजपा र हुँदै नहुने माग राखेर खाली बार्गेनिङ मात्रै गर्ने अनि एकपछि अर्को गर्दै मागहरू राख्दै-फेर्दै जाने राजपाको कमजोरी देख्ने सरकार, दुबैको विश्लेषण पूरै खोटमुक्त भेटिँदैन। त्यसकारण, अब पनि सम्बद्ध पक्षले आ-आफ्ना गल्ती-कमजोरीको आत्मालोचना नगर्ने हो भने समस्या सुल्झिनुको साटो बल्झिँदै जानेछ, जसबाट जनअधिकार प्राप्ती र राष्ट्रहित त परै जाओस्, मुलुक झन् दलदलमा फस्नेछ। राजपा संविधानको संशोधन माग गरिरहेछ, सरकार त्यसलाई टाल्दै अन्ततः राजपा बिनाको तेस्रो चरणको निर्वाचन चाहिरहेको त छैन भन्ने गम्भीर प्रश्न पनि उब्जिएको छ।

सरकार र राजपा दुवैले एक-अर्काको नाडी छामिसकेकाले कसको के-कति दम छ भन्ने कुरामा उनीहरू सचेत छन्। त्यसैले अब हठको राजनीति होइन, द्वन्द्व समाधानको रणनीतिक उपाय अर्थात् दुवै पक्षको जीत हुने अवस्थाका लागि वातावरण निर्माण गर्नु जरूरी भइसकेको छ। त्यसका लागि दुवै पक्ष केही लचिलो हुनै पर्दछ।

समस्याको अर्को पक्ष भनेको प्रमुख प्रतिपक्षी एमाले हो। जसको हठका कारण संविधान संशोधनको विधेयक पास हुन गाह्रो भइरहेको छ। संशोधनको विपक्षमा रहेको एमाले पनि समस्या समाधान तर्फ आफूलाई केन्द्रित गर्नुभन्दा बढी परिस्थितिलाई जटिल बनाउँदै गइरहेको छ। एमालेको हठकै कारण सत्तारूढ घटक संशोधन पारित गराउन डराइरहेको छ भने एमालेले पनि राजपालाई निर्वाचनमा सहभागी गराउन उल्लेख्य भूमिका निर्वाह गरेको देखिएको छैन। वर्तमान अवस्थामा राजपालाई चुनाव बहिष्कार गर्नुभन्दा त्यसको उपयोग गर्नु नै बुद्धिमता ठहरिनेछ। किनकि बहिष्कारको राजनीति भनेको पराजित मानसिकताको उपज हो। राजपाले जान्ने हो भने चुनावमा भाग लिएर आफ्ना एजेन्डालाई स्थापित गर्नु, स्थानीय तहका लागि सरकारले छुट्याएको बजेट सदुपयोग गर्दै विविध आवश्यकताले जकडिएका नागरिकका लागि मलहम लगाउने काम गर्न सकिन्छ। मधेशका वास्तविक जनताको अधिकार स्थापित गर्न, उनीहरूलाई अनधिकृतरूपमा प्रवेश गरेर स्थानीयको अधिकारलाई नै विस्थापित गर्नबाट रोक्न र अल्पमतमा पर्नबाट जोगाउनलगायत उद्देश्य प्राप्तिका लागि पनि चुनावकै उपयोग गर्नु बुद्धिमता ठहरिनेछ।

## साताको सात बात



एमालेलाई सत्ता स्वार्थ प्रेरित संविधान संशोधनको मुद्दामा अल्झिरहने फुर्सद छैन। संशोधनको लफडा राजनीतिक अस्थिरता र अराजकताको जड हो। संशोधन नै गर्ने हो भने नयाँ संसद्ले गर्छ। रूपान्तरित संसद्को काम कार्यान्वयन गर्ने हो। पटक-पटक संशोधन गर्ने होइन। – **केपी ओली, अध्यक्ष, नेकपा एमाले**



प्रदेश सभा र प्रतिनिधिसभाको चुनाव एकैपटक गर्ने भनेर अहिलेसम्म आधिकारिक रूपमा धारणा आएको छैन। अरू देशहरूमा यस्तो भइरहेको छ हाम्रो देशमा त अभ्यास नभएको मात्रै हो। आधिकारिक रूपमा कुरा आएपछि निर्वाचन आयोगले पनि आधिकारिक धारणा सार्वजनिक गर्छ। **– डा. अयोधिप्रसाद यादव, प्रमुख आयुक्त, निर्वाचन आयोग**



लामो समयको चाहना र इच्छाबमोजिम जनताले पहिलो पटक आफ्ना लागि आफैंले संविधान लेखेका छन् तर आजको मितिसम्म आईपुग्दा सीवधान कायान्वयनमा चुनौती थपिँदै गएको महसुस हुन थालेको छ। अब हुने संविधान संशोधनमा असन्तुष्ट पक्षको माग पनि समेटेर अगाडि बढ्नुपर्छ। **– ओनसरी घर्ती, सभामुख**



यथास्थितिलाई परिवर्तन गर्ने शक्ति सरकारसँग छ अबको केही दिनमा सरकारले संविधान संशोधन , आन्दोलनका क्रममा मारिएकालाई सहिद घोषणा, आन्दोलनका क्रममा घाइते भएकालाई उपचारलगायतका माग पुरा गर्दैन भने हामी तेस्रो चरणको निर्वाचन बिथोल्ने गरी आन्दोलनमा जान बाध्य हुन्छौं। **– महन्थ ठाकुर, अध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल**



विद्यामान असन्तुष्टि सम्बोधन हुने गरी संविधान संशोधन गरेर अगाडि नबढे मुलुकले निकास पाउँदैन। मुलुकमा विभिन्न खाले द्वन्द्व हुने अवस्था रहे समृद्धि हाँसिल गर्न सकिँदैन। अहिलेको पहिलो आवश्यकता संविधान संशोधन नै हो। **– उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल**



नेपालको राजनीतिक निकास र आर्थिक विकासको साधन भनेकै आवधिक निर्वाचन हो। प्रदेश नम्बर दुईको निर्वाचनमा भारतको शुभेच्छा छ। निर्वाचनमा कति प्रतिशत सहभागी गराउने को-को सहभागी हुने नेपालको आन्तरिक विष हो। निर्वाचनमा भारतको कुनै विमति छैन। **– दीपकुमार उपाध्याय, भारतका लागि नेपाली राजदूत**



हामीलाई चुनावमा लैजाने वा आन्दोलनमा धकेल्ने सरकारकै हातमा छ। हामीले प्रक्रिया होइन, परिणाम खाजेका हौं। सरकारले तीनबुँदे सम्झौता गर्दा नै संविधान संशोधन पारित गर्ने तमसुक दिएको छ। विद्येयकलाई हामीले होईन सरकारले होल्डमा राखेको छ। **– मनीष सुमन, महासचिव, राष्ट्रिय जनता पार्टी नेपाल**

*प्रस्तुती : संगीता रेग्मी*

# राजपा बैठकले दिएको संदेश

विगत मंगलबार, अर्थात २०७४/०४/२४ गते राजपा नेपालको साताव्यापी बैठक सम्पन्न भएको छ। पहिलो ४ दिन पदाधिकारी बैठक र पछिल्लो ३ दिन केन्द्रीय कार्य समिति बैठक सम्पन्न भएको छ। ६ वटा पार्टी एकीकरण भएर बनेको राजपाको बारेमा रहेको वा राष्ट्रिय भनिएका मिडिया प्रयोग गरेर छरिएका भ्रमहरूलाई चिर्ने काम बैठकले गरेको छ। सत्ताधारी मिडियाहरूको प्रयोग गरी मधेशी जनतामा उत्पन्न गराईएका आशंकाहरूलाई समेत यस बैठकले किनारा लगाएको छ। हुन त केही सत्ताधारी मिडियाहरू अहिले पनि राजपा नेपालमा विभिन्न धार रहेको र अध्यक्ष मण्डलमा नै पार्टीको आगामी कार्यनीति र रणनीतिको बारेमा आपसी विमती रहेको प्रचार गरिँदैछ। तर बैठक र त्यसको प्रकृया र समापनले त्यस्ता कुरामा कुनै यथार्थ नरहेको स्पस्ट पारेको छ।



रानी शर्मा

> नेतृत्वले गरेका कमजोरी औंल्याउने र आफ्ना असन्तुष्टि पोख्ने थलो पनि हो पार्टीको बैठक। बैठकहरूमा उठ्ने असन्तुष्टि र औंल्याइएका कमजोरीले पार्टी नेतृत्वलाई सच्चिन अवसर दिने मात्र होईन, पार्टीको कार्यनीति र रणनीतिहरूलाई सही दिशामा डोऱ्याउन समेत मद्दत गर्छ।

१३२ जना पदाधिकारी र ८१२ जनाको केन्द्रिय कार्य समिति बैठक जसरी अनुशासित, एकतावद्ध र व्यवस्थित रूपमा सम्पन्न भएको छ। यसले मधेशवादी दल मात्र होईन, नेपालमै यत्रो धेरै संख्यामा रहेका सदस्यहरूको बैठक यती अनुशासित र व्यवस्थित भएको यो ऐतिहासिक नै हो। राजपा भित्र यथा स्थीतिमै निर्वाचनमा जान दोस्रो पंक्तीका नेता र कार्यकर्ताको ठुलो दबाव छ भन्ने प्रचारित भ्रमलाई यस बैठकले जरै देखि उखेलेको छ। ८१२ जनामा एक वा दुई जनाले निर्वाचनमा जानुपर्ने विचार राख्नु खासै ठुलो विषय होईन। फेरि लोकतन्त्रमा पार्टी भित्र विभिन्न विचार आउनु स्वभाविक हो, विचारहरूकै मन्थनबाट निर्णय सम्म पुगिन्छ। तर यथास्थीतिमा निर्वाचनमा नजाने विषय लगभग सर्वसम्मत नै भएको छ। हुन त केही संचार माध्यमले अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले निर्वाचनमा नजाने अडान लिएको र अर्का अध्यक्ष महेन्द्र यादवले निर्वाचनमा जानु पर्ने अडान लिएको र सोही विवादका कारण बैठक कै समय महेन्द्र यादव जिल्ला हिडेको जस्ता आधारहिन समाचार पनि प्रकाशित/प्रशारित भएका छन्। तर यथार्थ फरक छ, महन्थ ठाकुरले यथास्थितीमा निर्वाचनमा नजाने भन्नु भएकोमा महेन्द्र यादवले सरकारले माग पुरा गरेमा निर्वाचनमा जानु पर्छ भन्नु प्रकारान्तरले एउटै कुरा हो।

भाषा र प्रस्तुतीको तरिका मात्र फरक हो। अर्को तर्फ महेन्द्र यादव जिल्ला जानु भएको आफ्नै भतिजको आशयिक निधनका कारण हो, यस्तोमा बैठकमा बाँकी दिन पनि वहाँ उपस्थित हुनुलाई वहाँको पार्टी, मधेश प्रतिको लगाव र उच्च मनोवललाई दर्शाएको छ। सत्ताधारीहरूद्वारा संचालित संचार माध्यमले यस्तो गलत प्रकाशन, प्रशारण गर्नु शायद उनिहरूको धर्म होला। दुनियाभरमा राज्य र सत्ताधारीले विद्रोही वा अधिकार खोजिरहेको वर्ग र शक्तिको विरूद्ध यस्तो प्रोपोगाण्डा गर्छन, तर कती सम्म गिरेर गर्ने भन्ने चाहीँ ठाउँ र समुदाय पिच्छे फरक हुन्छ।



समावेशिताको हिसाबले पनि राजपा नेपालको बैठक उदाहरणिय नै रह्यो। राजपा नेपालको बैठकमा मधेशमा रहेका गैर मधेशी समुदायको राम्रै उपस्थिति रहेको थियो। त्यती मात्र होईन, मधेशका दलमा महिलाको प्रतिनिधित्व कम छ भन्नेहरूलाई बैठकका तस्विरहरूले समेत चुनौति दिई नै रहेका छन्। यस्तो आरोप लगाउने सत्ताधारी पार्टीहरूमा पनि महिलाको यस्तो उपस्थिति बैठकमा हुँदैन। अझ पदाधिकारीमा त विचरा आरक्षणमा आएका निमुखाहरूको मात्र मुख देख्न पाईन्छ।

राजपा नेपालमा भने पदाधिकारीमा समेत महिलाको उल्लेख्य र सकृय उपस्थिति हुनुले पनि राजपा नेपाल अन्य दल भन्दा बढी समावेशी रहेको स्पस्ट पारेको छ। यद्दपी महिलाको समावेशिता अझै वृद्धि गर्नु पर्ने अवस्था छ। त्यसै गरी दलित र मुस्लिमको समेत पदाधिकारी र सदस्यमा उल्लेख्य र सकृय उपस्थिति रहेको थियो। वास्तवमा राजपाको साता व्यापी बैठकले राजपाको सही अर्थमा समावेशी (सकृय समावेशी) चरित्रलाई अगाडि ल्याएर समावेशिताको नाममा मधेशी दलमाथी औंला उठाउनेहरूलाई जवाफ पनि दिएको छ। वास्तवमा सकृय समाबेशिता के हो भन्ने कुराको उदाहरण पनि यस बैठकले पेश गरेको छ। अव्यवस्थित भनेर आरोप लाग्ने राजपाको बैठकमा तिन दिन भित्र ८१२ जनाको विचारलाई व्यवस्थित रूपमा अगाडि ल्याउन ३०/३० जनाको समुह विभाजन गरी प्रत्येक समुहमा आन्तरिक छलफल गरेर निकालिएका निचोडहरूलाई फेरि समूह नेताले प्रस्तुत गरेका थिए। यसबाट सबैको विचार कम समयमा व्यवस्थित तरिकाबाट राख्न सम्भव भएको थियो।

६ वटा पार्टीको एकिकरणबाट बनेको पार्टीमा विभिन्न मत हुने र पार्टीको बैठकमा किचलो हुने र पार्टी बैठक अव्यवस्थित र अमर्यादित हुने आशमा बसेको विरोधी र सत्ताधारीहरूलाई भने यस बैठकले निराश बनाएको छ। राजपा नेपाल ६ वटा दलको एकिकरणबाट बनेको भए पनि वास्तवमा शैद्धान्तिक मात्र होईन, आत्मिक रूपमा पनि एक भएको संदेश जनतालाई दिन सफल भएको छ राजपा नेपालको बैठक। हो पार्टीको विधान, निर्णय पद्धती, लगायतका विषयमा केही प्रश्नहरू उठेका छन्। सुझावहरू आएका छन्। यो स्वभाविक हो र लोकतन्त्रको विशेषता पनि हो। नेतृत्वले गरेका कमजोरी औंल्याउने र आफ्ना असन्तुष्टि पोख्ने थलो पनि हो पार्टीको बैठक। बैठकहरूमा उठ्ने असन्तुष्टि र औंल्याइएका कमजोरीले पार्टी नेतृत्वलाई सच्चिन अवसर दिने मात्र होईन, पार्टीको कार्यनीति र रणनीतिहरूलाई सही दिशामा डोर्याउन समेत मद्दत गर्छ। राजपा नेपालले पनि यसै लोकतान्त्रिक पद्दतीलाई प्रयोग गरी आफ्ना आगामी कार्यनीति र रणनीति निर्धारण गर्नेछ।

*(शर्मा, राजपा नेपालकी उपाध्यक्ष हुन्।)*

# माटो संरक्षणको अपरिहार्यता



हेम चन्द्र महतो

## सन्दर्भ : भू-संरक्षण दिवस

> भूमिका उपयोगिता अनुसार त्यसको प्राकृतिक स्वरूपलाई उचित रूपमा परिवर्तन गरी त्यसको सतह संरक्षणका लागि अर्थात माटोमा भएका प्राङ्गारिक पदार्थका कम्तिमा पनि १% भन्दा कम हुन नदिन आवश्यक वैज्ञानिक प्रविधि अपनाई गरिने व्यवस्थापन प्रणाली नै भू-व्यवस्थापन हो।

माटो हाम्रो जीवन पद्धति र जीविकासँग जोडिएको प्राकृतिक स्रोत हो। प्रकृतिमा एक अंगुल माटो बन्न चार सय वर्षभन्दा बढी समय लाग्दछ। यस्तो दुर्लभ र पुनर्नवीकरण गर्न धेरै समय लाग्ने माटो प्राकृतिक कारण वा मानव सिर्जित कारणबाट बगेर खेर गइरहेको छ। माटोविज्ञका अनुसार पृथ्वीमा ढुंगामाटोको निश्चित आयु हुने त्यसपछि आफै कुहिएर, छुट्टिएर पानी तथा हावा जस्ता माध्यमले स्वतः बगाएर लैजाने तथ्य सुझाएका छन्। यी विभिन्न कारणले नेपालमा करिव ६००० नदीनालाहरू मलिलो माटो बोकेर बग्न बाध्य छन्। बर्षेनि करिब ५६ टन प्रतिहेक्टरका दरले माटो बगेर बंगालको खाडिमा पुग्ने गरेको तथ्यांक विभिन्न लेखमा पढ्न पाइन्छ। यद्यपि उक्त माटो बग्ने दरमा नियन्त्रण हुन नसकेको अवस्था छ।

नेपालको सन्दर्भमा ७५ प्रतिशतभन्दा बढी वर्षा मनसुनको समयमा हुने गरेको छ। यो समयावधि जुनदेखि सेप्टेम्बर महिनासम्मको पर्छ। नेपालमा मनसुनको समयमा मात्र बढी पानी पर्ने, भिरालोपन भएको भू बनोट, अग्ला पहाड, कमलो चटानले बनेको भौगोलिक अवस्था, गहिरो र सांघुरो नदी प्रणली जस्ता कारणले गर्दा नेपालका प्राकृतिक रूपमा पनि भूक्षय तथा भूस्खलनको समस्या हुने र जसबाट बर्सेनि हजारौ जनता विपत्तिमा पर्ने अनि जनधनको अपुरणीय क्षति भोग्नु पर्ने अवस्था छ।

खासगरी पहाडी क्षेत्रमा भइरहेको अव्यवस्थित बसोबास, भिरालो जमिनमा समेत जथाभावी गरिएका जग्गा प्लटिङ्ग, वातावरणीय अध्ययनविनै डोजरले खनिएका ग्रामिण सडक, वन विनाश, वन डढेलो, अव्यवस्थित चरिचरण प्रणाली, अवैज्ञानिक कृषि प्रणालि तथा एकीकृत भूउपयोग नीतिको अभाव जस्ता कारणले सतही माटो बगेर खोलानालामा मिसिदै बगिरहेको छ।

फलस्वरूप खेतीयोग्य जमीन नाश हुनुको साथै मलिलो माटो बगेर जाँदा भू उत्पादकत्वमा कमी भई खाद्यान्न उत्पादनमा समेत ह्रास आउनुको साथै जनताको सामाजिक अवस्थामा समेत नकारात्मक प्रभाव पारेको छ।

मुलुकको कुल जनसंख्याको करिब दुई तिहाई जनसंख्या कृषि पेशामा निर्भर रहेकोले आम नेपालीको जिउने आधार माटो हो, जसको दिगो संरक्षण भएन भने कृषि क्षेत्रबाट जनताको जीवनस्तर माथि उठाउन सकिदैन। जनताको जीवनस्तर उठाउन र वातावरणीय सन्तुलन कायम राख्न भू संरक्षण तथा जलाधार व्यवस्थापनको प्रयासद्वारा भूक्षय रोकथाम गरी जमीनको उर्वराशक्ति बढाउन आवश्यक छ। जलाधारीय स्रोतहरूको उचित संरक्षण एवम् दिगो उपयोगबाट जलाधार क्षेत्रका जनताका खाद्यान्नका साथै घास, दाउरा रका जस्ता आधारभूत आवश्यक्ताहरू दिगो रूपमा परिपूर्ति गर्दै जनताको जीविकोपार्जनमा ठोस मद्दत पुऱ्याउन जरूरी छ।

भूक्षयबाट हुने माटो उर्वराशक्ति ह्रासलाई रोकी जल, जंगल, जनता र जीवजन्तुवीचको अन्तर सम्बन्ध सन्तुलित राख्न र प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्ण उपयोग गर्दै जनताको जीवनस्तरमा सुधार ल्याउनु आजको आवश्यक्ता हो। जल जमीनको संरक्षणद्वारा स्थानिय आवश्यक्ता परिपूर्ति गर्दै सन्तुलित वातावरण कायम राख्न र जनताको आवश्यक्ता पूर्तिका लागि स्थानिय समुदायहरूको सहभागिता अपरिहार्य हुन्छ।

भिरालो जमिनका कारण माटोको जगेर्ना र संरक्षण गर्न हाम्रा पुर्खाहरूले गह्रा बनाएर खेतीपाती गर्ने, माटो बग्न नदिन खोल्सा खोल्सीमा बाँस, विरूवा लागाउने, भलपानी तर्काउन परम्परागत कुलोहरू बनाउने जस्ता कम खर्चिलो विधिहरू प्रयोग गरेका थिए। तर त्यसरी जोगाएको माटो आजकल जथाभावी डोजरले खनेर खोलामा बगाइरहेका छन्।

यसले गर्दा एकातिर उर्वर माटो कम हुन गई कृषिको उत्पादकत्वमा ह्रास भइरहेको छ भने अर्कोतिर खोलाहरूमा पानीसंगै ढुंगा, माटो, लेदो बग्दा माथिल्लो तटीय क्षेत्रमा नदी/खोलाको कटानी बढ्ने र तल्लो तटीय क्षेत्रमा गेग्रान थुप्रिने र बाढीले पुर्ने समस्याहरू विकराल रूपमा बढेको छ। यसैले जमिनको संरक्षण महत्वपुर्ण चासोको विषय सावित भएको छ।

विश्वव्यापी तापमान वृद्धिले जलवायु परिवर्तनमा परेको असरबाट अत्यन्त बढी प्रभावित मुलुकको सुचीमा नेपाल चौथो स्थानमा परेको एक अध्ययनले देखाएको छ। जलवायु परिवर्तनले पारेका नकारात्मक असरसँग जुध्न भूसंरक्षण कार्यालयहरूले गर्दै आएका संरक्षणमूलक कार्यहरू जस्तै : पानी मुहान संरक्षण, सिमसार र ताल तलैया संरक्षण, सिंचाइकुलो संरक्षण, भलपानी तथा आकेसेपानी व्यवस्थापन, बाढी, पहिरो र गल्छी नियन्त्रण, नदी खोलाको कटानी नियन्त्रण, वृक्षारोपण, कृषिवन मैत्री खेतबारी संरक्षण आदी कामहरू प्रभावकारी सावित भएका छन्।

भूमिका उपयोगिता अनुसार त्यसको प्राकृतिक स्वरूपलाई उचित रूपमा परिवर्तन गरी त्यसको सतह संरक्षणका लागि अर्थात माटोमा भएका प्राङ्गारिक पदार्थका कम्तिमा पनि १% भन्दा कम हुन नदिन आवश्यक वैज्ञानिक प्रविधि अपनाई गरिने व्यवस्थापन प्रणाली नै भू-व्यवस्थापन हो। चर्को हावा/वतास र वर्षातका कारण भू-क्षय हुने हुनाले एक ईञ्च मात्र माटा वन्न हजारौ वर्ष लाग्ने, कयौ इञ्च माटो क्षणभरमा नै वगेर जान सक्न भएकोले भू-क्षय नियन्त्रणका उपायहरू अपनाउनुपर्ने हुन्छ। यसमा कम खनजोतका प्रविधिहरू अवलम्वन गर्ने (जस्तै: गह्रा/कान्ला वनाउने, सम्याउने, समुचित जोताइ गर्ने, माटोलाइ कम चलाउने, वाली जमिनवाट नकाटी कमसेकम कहि वालीका अवशेष भएपनि खेतवारीमा छोड्ने, आदि) वाट माटो अस्थिर हुन पाउदैन र ठीक अवस्था वा ठाउँमा जगेर्ना भइरहन्छ।

भूक्षयबाट हुने समस्याहरूलाई न्यूनीकरण गर्न सहभागितात्मक जलाधार व्यवस्थापनका कार्यक्रमहरू मार्फत जमीनको उत्पाकत्व वृद्धि गरी स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गरी गरीवी न्यूनीकरणमा योगदान पुऱ्याउन दीर्घकालिन योजना तथा सोको प्रभावकारी कार्यान्वयनको टड्कारो आवश्यक्ता रहेको देखिन्छ।

(स.वन अधिकृत, वन विभाग, काठमाण्डौ हाल: स्नातकोत्तर (वन विज्ञान), कृ.त.व.वि.वि., हेटौडा)

# राजपाको विधानअनुसार पार्टीका अन्य पदाधिकारीको कामै छैन

अध्यक्ष मण्डललाई जतिखेर मन लाग्यो, उतिखेर आफ्नो किसिमले हिंड्ने बाटो बनाइदिएको छ। जुन निरंकुश व्यवस्था हो। यसलाई प्रजातान्त्रिक मान्न सकिँदैन। तर, यो विधान विस्तृत र पूर्ण नभएकोले अहिले राखिएको व्यवस्थालाई हेर्दा लोकतान्त्रिक भन्न सकिँदैन। पछि भने यसमा सुधार हुन सक्छ। यो विधानअनुसार पार्टीका अन्य पदाधिकारीको कामै छैन, जस्तो देखिन्छ।



मनोहर साह, अधिवक्ता

**○ राष्ट्रिय जनता पार्टीको केन्द्रीय कार्यसमितिमा प्रस्तुत विधान कस्तो लाग्यो ?**

– राष्ट्रिय जनता पार्टीको विधान अरू पार्टीहरूभन्दा फरक खालको छ। अध्यक्षमण्डल गठन गरी पालैपालो संयोजन गर्ने कुरा फरक छ। यो विधानमा लेखिएको छ, यो विधान अन्तरिम र संक्षिप्त हुनेछ। त्यसकारण यो विधानमा धेरै कुरो नखुलाइएको प्रष्ट हुन्छ। यसका साथै अध्यक्ष मण्डलको व्यवस्था महाधिवेशनपछि पनि रहने छ। भनेपछि अध्यक्षमण्डलको व्यवस्था पछि पनि कायम राखिएको छ। यसका साथै पार्टीको अन्य धेरै निर्णय गर्ने अधिकार पनि ६ वटा अध्यक्षहरूलाई दिइएको छ। तैपनि यो विधान अन्तरिम र संक्षिप्त विधान हुनेछ भनेर भनिएको छ। यसभित्र दफावार अध्ययन गर्दा धेरै कुराहरू खुलाइएको छैन। यसमा जति पनि अधिकारहरू दिइएको छ, सरा सर्वेसर्वा गर्ने निर्णय अधिकार अध्यक्षहरूले आफैमा निहित राखेका छन्।

**○ त्यसो भए यो विधान कत्तिको प्रजातान्त्रिक छ ?**

– अवश्य पनि, विधानलाई हेर्दा राजपा प्राइभेट फर्म जस्तो देखिन्छ। यसका साथै केन्द्रीय समिति, पदाधिकारी समिति, राजनीतिक समिति, लेखा समिति, सचिवालयलगायत आवश्यकता अनुसार अध्यक्ष मण्डल नै गर्ने भनिएको छ। खासमा समिति कत्ति सदस्य हुने, पद के-के रहने कुरा विधानमा हुनुपर्नेमा त्यसो गरिएको छ। तर, यी सबै विषयको जिम्मा अध्यक्ष मण्डललाई जतिखेर मन लाग्यो, उतिखेर आफ्नो किसिमले हिंड्ने बाटो बनाइदिएको छ। जुन निरंकुश व्यवस्था हो। यसलाई प्रजातान्त्रिक मान्न सकिँदैन। तर, यो विधान विस्तृत र पूर्ण नभएकोले अहिले राखिएको व्यवस्थालाई हेर्दा लोकतान्त्रिक भन्न सकिँदैन। पछि भने यसमा सुधार हुन सक्छ। यो विधानअनुसार पार्टीका अन्य पदाधिकारीको कामै छैन, जस्तो देखिन्छ। ६ दल एक भएपछि विभिन्न किसिमको बैठक बसिरहेको छ। तर, ती बैठकबाट आएको सुझावलाई पनि आत्मसात नगरेको देखियो। अन्तिम निर्णय गर्ने अधिकार ६ नेतालाइ नै दिइएको छ। राय सल्लाह मन लागे मान्ने मन नलागे नमान्ने जस्तो विधान भयो। यसलाई अलोकतान्त्रिक नै भन्नुपर्छ। त्यस्तै, धारा ६ को उपधारा ३ मा केन्द्रीय अध्यक्ष मण्डलले पार्टीको सर्वोच्च नेतृत्वका रूपमा आफ्नो अधिकार र कर्तव्य प्रयोग गर्नेछ भनिएको छ। भनेपछि अध्यक्षमण्डल बाहेक अरू कुनै निकाय नै भएन। त्यस्तै, केन्द्रीय लेखा परीक्षण समिति छ। तर, त्यसको संचालन पनि अध्यक्ष मण्डलले गर्ने भनिएको छ। त्यसो भए कार्यसमिति राखेको के अर्थ ?

> अहिलेको चुनावको संविधानको स्वीकारोक्तिका लागि भइरहेको छ।
>
> संविधान संशोधन नभईकन राजपा चुनावमा जानु हुँदैन। संशोधन नभई चुनावमा गइएन भने राजपाको शाख बच्छ।
>
> हालसम्म एक सय १५-२० जना शहीद भएका छन्। उनीहरूले शहादत केका लागि दिए भन्ने कुरा मधेशकेन्द्रित दलले बुझ्नु जरूरी छ। संविधानमा अधिकारका लागि उनीहरूले शहादत दिएका थिए।
>
> अहिले संशोधनअघि स्थानीय चुनावमा गयो भने पछि राजपालाई धेरै घाटा हुन्छ। अहिले चुनावमा गएन भने राजपामाथि जनताको विश्वास अझ बढ्छ।

**○ अध्यक्षमण्डलले चाहे भने पार्टीलाई विलय, नाम परिवर्तन, झण्डा परिवर्तन लगायत गर्न भन्ने धारा विधानमा रहेको छ, यसमा के भन्नुहुन्छ ?**

– त्यो भन्नु अर्थ के हो भने यो सबभन्दा निरंकुश व्यवस्था हो। पार्टीमा अरू नेताहरू वा पदाधिकारीहरूको कामै छैन। जस्तै, अहिले भर्खरै राजपा नेपालको केन्द्रीय पदाधिकारी र केन्द्रीय कार्यसमितिको बैठक बसेको थियो। त्यो बैठक भनेको एउटा छलफलका लागि मात्रै हो। त्यो बैठकले कुनै निर्णय गर्न सक्ने अधिकार विधानले दिएको छैन। अध्यक्षमण्डलले जे चान्छ त्यही हुने हो। यसलाई अलोकतान्त्रिक नै भन्नुपर्छ। विधान केन्द्रीय लेखा समिति पनि राखिएको छ तर, त्यसमा पनि पार्टीको अध्यक्षमण्डलको निर्णयअनुसार कोष सञ्चालन हुनेछ भनिएको छ। त्यसो भए, केन्द्रीय समिति राखेको के अर्थ भयो।

**○ राजपाको विधानको राम्रा पक्ष के-के छन् ?**

– म सुरूदेखि नै भन्दै आएको छु कि पार्टी एकीकरण भएको तर मन नमिलेको अवस्था छ। ६ दल एक हुनु राम्रो हो, तर मन नमिल्नु नराम्रो। मन र न्यायोचित रूपमा पद तथा जिम्मेवारी नमिलेसम्म समस्या यथावत् रहने छ। सबभन्दा बाध्यता मिल्नु राम्रो पक्ष हो तर मन नमिल्नु नराम्रो पक्ष हो। यी नेताहरूको मन र वरिष्ठताक्रम मिल्नुपर्छ।

**○ राजपा चुनावमा जानु उचित हो कि होइन ?**

– स्थानीय तहको दुई चरणको चुनावसम्ममा दुई वटा मधेशकेन्द्रित दलले सहभागिता जनाइसकेका छन्। तर, चुनावमा सहभागिता केका लागि ? २०६३/६४ को आन्दोलनमा ६० जनाले शहादत दिएका थिए। तर, अहिले मधेशकेन्द्रित दलका नेताहरूले पछिल्लो समयका ५८ जना शहीदको मात्र नाम लिने गरेका छन्। हालसम्म एक सय १५-२० जना शहीद भएका छन्। उनीहरूले शहादत केका लागि दिए भन्ने कुरा मधेशकेन्द्रित दलले बुझ्नु जरूरी छ। संविधानमा अधिकारका लागि उनीहरूले शहादत दिएका थिए। पछिल्लो समयमा संविधान संशोधन हुनुपर्छ भनेर हामीले अड्डी कसेर बसेका छौं। अहिलेको चुनावको संविधानको स्वीकारोक्तिका लागि भइरहेको छ। संविधान मान्यौं भनेर चुनाव भइरहेको छ। अर्को कुरो, राजपा वा अन्य मधेशकेन्द्रित दलमा के आधारमा भोट दिने ? यी दलले के उपलब्धि गरायो ? जनताले उहाँहरूलाई किन भोट दिने ? विगतमा उहाँहरूलाई त जनाले जिताएकै हुन्। तर, खोइ संसद् छोड्न सकेको ? उहाँहरूले भत्ता पाइरहनुभएका छन्। पटकपटक सरकार पनि बनाइरहनुहुन्छ। यसरी हेर्दा, उहाँहरू संविधान मानिसकेका छन्। त्यसकारण अहिलेको अवस्थामा मधेशकेन्द्रित दलहरू चुनावमा नजानु नै उत्तम हुन्छ। चुनावमा गयो भने जनताको विश्वास उठ्छ। संविधान संशोधन नभईकन राजपा चुनावमा जानु हुँदैन। संशोधन नभई चुनावमा गइएन भने राजपाको शाख बच्छ। अहिले त विकासका लागि चुनाव भइरहेको छ। प्रान्तीय र संसदीय चुनाव मुद्दाका लागि हो। अहिले संशोधनअघि स्थानीय चुनावमा गयो भने पछि राजपालाई धेरै घाटा हुन्छ। अहिले चुनावमा गएन भने राजपामाथि जनताको विश्वास अझ बढ्छ।

# राजपाको अन्तरिम विधान निरंकुश जस्तो देखिन्छ



सुनिलकुमार पटेल, अधिवक्ता

अहिले यो विधान निरंकुश देखिए पनि अन्तिम विधान आएपछि मात्र यस विषयमा केही भन्नु उचित हुन्छ। अब जुनसुकै पार्टी एकीकरण हुँदा अथवा विलय हुँदा त्यसको संरचना केही भद्रगोल नै हुन्छ। माओवादीपछि सबभन्दा बढी भद्रगोल संरचना भएको पार्टी अहिले राजपा हो। त्यसकारण अध्यक्ष मण्डलले असीमित अधिकार लिएको देखिन्छ। अलि निरंकुश जस्तो देखिन्छ।

**○ ६ वटा दल मिलेर एउटा बनेको राजपाको नीति र सिद्धान्त कस्तो छ ?**

– विगतमा ६ वटा दल भए पनि एउटै नीति र सिद्धान्त थियो। ६ वटा दल एकीकरण भएपछि अंकगणितीय रूपमा शक्ति प्रदान भएको छ। यो शक्तिलाई उहाँहरूले कसरी प्रयोग गर्नुहुन्छ, त्यसमा भर पर्छ।

**○ राजपाले हालै बनाएको पार्टीको विधान कस्तो लाग्यो ?**

– राजपाको विधानको विषयमा अहिले नै मूल्यांकन गर्नु हतार होला जस्तो छ। राजपालाई शंकाको सुविधा पनि दिनुपर्छ। अहिले सार्वजनिक भएको विधानलाई उहाँहरूले आफैं अन्तरिम विधान भन्नुभएको छ। भनेपछि अर्को मुख्य विधान आउन बाँकी छ। यो विधान अर्को विधानको रोडम्यास हो। त्यसैले यो विधान कत्ति प्रजातान्त्रिक भन्ने कुरा अहिले नै भन्न सकिँदैन।

**○ यो विधानमा के-के सुधार गर्नुपर्ने जस्तो लाग्छ ?**

– मेरो दृष्टिकोणमा यो विधानमा धेरै सुधार आवश्यक छ। अन्तरिम विधान कुन-कुन विधि र प्रक्रियाबाट पारित हुने त्यो कुरा प्रष्ट छैन।

**○ विधानमा पार्टीका अध्यक्षमण्डलले आफ्नो मातहतमा धेरै अधिकार राखेको कुराहरू पनि छन्। जस्तै, अध्यक्षमण्डलको अधिकारमा पार्टी विस्तार, विलय, एकीकरण, नाम परिवर्तन, चुनाव चिह्न परिवर्तन, झण्डा परिवर्तनलगायत अधिकार दिइएको छ। यसलाई कुन रूपमा लिनुहुन्छ ?**

– यस विषयमा चर्चा हुनु स्वभाविक हो। तर, त्यो अन्तिम विधान भइदिएको भए यो निरंकुश नै हुन्थ्यो। अहिले त अन्तरिम विधान आएको हो। ६ वटा दलहरू एक ठाउँमा आएका छन्। यसमा थुप्रै विरोधाभाष होलान्। थुप्रै समस्याहरू होलान्। अहिले यो विधान निरंकुश देखिए पनि अन्तिम विधान आएपछि मात्र यस विषयमा केही भन्नु उचित हुन्छ। अब जुनसुकै पार्टी एकीकरण हुँदा अथवा विलय हुँदा त्यसको संरचना केही भद्रगोल नै हुन्छ। माओवादीपछि सबभन्दा बढी भद्रगोल संरचना भएको पार्टी अहिले राजपा हो। त्यसकारण अध्यक्ष मण्डलले असीमित अधिकार लिएको देखिन्छ। अलि निरंकुश जस्तो देखिन्छ। तर, यो संक्रमणकालीन व्यवस्था हो।

**○ राजपाले तेश्रो चरणको चुनावमा सहभागिता जनाउनुपर्छ कि बहिष्कार गर्नुपर्छ ?**

– उपेन्द्र यादवजी चुनावमा गएर धोका दिइसक्नुभएको छ। यता, राजपाको अहिलेको अवस्था हेर्दा भद्रगोल छ। चुनावमा जाने कि नजाने विषयमा राजपा अन्यौलमा छ। राजपा आन्दोलनकारी पार्टी हो कि सत्ताधारी पार्टी हो, त्यसमा पनि अन्यौल छ। उहाँहरूले प्रधानमन्त्रीको चुनावमा पक्षमा भोट पनि दिनुभएको थियो। फेरि आन्दोलनको कुरा पनि गर्नुहुन्छ। संविधान संशोधनको कुरा पनि गर्नुहुन्छ। चुनावमा जाने कि नजाने भनेर पनि कुरो गर्नुहुन्छ। पछिल्लो समयमा मधेशकेन्द्रित दलमध्ये केहीले चुनावमा सहभागिता जनाएका छन्। तर, संविधान संशोधन सबै मधेशवादी दलले चाहेका छन्। अर्कोतर्फ ठूला दलको कुरा गर्ने हो भने कुनै पनि ठूला दल संशोधन चाहेका छैनन्। भन्नेबेलामा कांग्रेस र माओवादीले आफूहरू संशोधन गराउन चाहेको भनेर भन्ने गरेका छन्। यी कुरा झुक्याउनका लागि मात्र भनिएको अहिलेसम्म देखिएको छ। संविधानमा धेरै कमिकमजोरी रहेको कुरा सबैले स्वीकार गरेका छन्। संविधानमा सबैको स्वामित्व हुनुपर्छ। हुन त विगतमा उपेन्द्रजीले संविधान पुनर्लेखन गर्नुपर्ने भन्दै आएका थिए। तर, उहाँ चुनावमा सहभागिता जनाउनुभयो। अब जहाँसम्म तेश्रो चरणको चुनावको कुरा छ। सबै मधेशीले उत्सुकताका साथ राजपालाई हेरिरहेका छन्। राजपा चुनावमा जान्छ कि जाँदैन। यो सबैको चासोको विषय बनेको छ।

> राजपाले चुनावमा सहभागी हुनुहुँदैन, साथै सरकारलाई दिएको समर्थन पनि फिर्ता लिनुपर्छ। राजपा तुरन्त सडकमा आउनुपर्छ। संविधान संशोधन ठूलो नौटंकी हो। जसले जबरजस्ती संविधान जारी गरे ती दलहरूले सहजै रूपमा संविधान संशोधन गर्नेबाला छैनन्। त्यसैले चुनावमा जानु भनेको ठूलो धोकामा फस्नु हो।

**○ तपाईंको विचारमा राजपा चुनावमा जानुपर्छ कि पर्दैन् ?**

– नेपालको राजनीति धेरै नाजुक मोडमा आइसकेको छ। पहिला त आफ्नो धार छुट्याउनुपर्छ। आन्दोलनकारी हो कि सत्ताधारी हो कि गोलमटोलबादी हो भन्ने धार छुट्याउनुपर्छ। निश्चय पनि आन्दोलनमा जानु कसैका लागि पनि सुखद हुँदैन। तर, विद्रोह नगरेसम्म सुखद बिहानी पनि कहिल्यै आउँदैन। त्यसैले उहाँहरूले आफूहरू विद्रोही कि सत्ताधारी छुट्याउनुपर्छ। यसका साथै यो संविधान कत्ति हदसम्म स्वीकार गर्नुभएको छ, त्यो पनि छुट्याउनुपर्छ। मधेशलाई फेरि पनि गुलामीको बाटोमा लैजाने हो भने निर्वाचनमा जाँदा हुन्छ।

**○ राजपा चुनावमा गयो भने के हुन्छ ?**

– चुनावमा गयो भने अलिअलि उनीहरूले सत्ताको स्वाद पाउनेछन्। शासक वर्गले फेरि मधेशलाई फुटाउनेछन्। नुन च्यूरा र मासु च्यूरामा पनि मतदाताको खरिदविक्री हुने गरेको पनि सबैलाई थाहा छ। कसैलाई जागिर लगाइदिनेलगायतका विकृति प्रवेश गर्छ र यसले हाम्रो आन्दोलनलाई कमजोर बनाउनेछ। राजपाले चुनावमा सहभागी हुनुहुँदैन, साथै सरकारलाई दिएको समर्थन पनि फिर्ता लिनुपर्छ। राजपा तुरन्त सडकमा आउनुपर्छ। संविधान संशोधन ठूलो नौटंकी हो। जसले जबरजस्ती संविधान जारी गरे ती दलहरूले सहजै रूपमा संविधान संशोधन गर्नेबाला छैनन्। त्यसैले चुनावमा जानु भनेको ठूलो धोकामा फस्नु हो। मेरो विचारमा राजपाले अब स्थानीयस्तरमा समानान्तर कमिटी गठन गर्नुपर्छ।

**○ संविधान संशोधन विधेयक पारित भयो भने यसले समस्याको समाधान हुन्छ ?**

– यसबाट समस्याको समाधान हुँदैन। यो नौटंकी हो। अलिकति पछि संविधान संशोधनका लागि अहिलेको प्रस्तावले केही लचिलो बनाउँछ। अरू खासै उपलब्धि छैन।

# किन भएन मधेशमुखी राजनीति ?

## राजपा नेपाललाई सम्पादकहरुको सुझाव

### राजपामा भावनात्मक एकीकरणको खाँचो



**शुकेश्वर पाठक**
**(सम्पादक, विश्लेषण साप्ताहिक)**

राष्ट्रिय जनता पार्टी नेपाल गठन मधेशी जनता भावना र समय माग थियो। यो अत्यन्तै सकारात्मक र सराहनीय कार्य हो। एउटै मुद्दाका लागि मधेशको नाममा व्यक्तिगत स्वार्थपूर्ति गर्ने उद्देश्य विगतमा मधेशकेन्द्रित दलहरू खोलिएको थियो। तर, अहिलेको अवस्थामा आआफ्ना स्वार्थ त्यागी ६ मधेशी दलहरू एक ठाउँमा आउनु सकारात्मक नै हो। तर, आगामी दिनहरूमा उनीहरूले केकस्तो भूमिका खेल्खछन्, एक भएर बस्छन् कि बस्दैनन् यसबारे मधेशी जनताले हेरिरहेका छन्। राजपा गठन भयो, निर्वाचन आयोगमा दर्ता पनि भयो, तर यसमा आबद्ध नेताहरूबीच जबसम्म भावनात्मक एकीकरण हुँदैन तबसम्म राजपाको भविष्य उज्वल हुनसक्दैन। यिनीहरू कति दिनसम्म एक ठाउँमा बस्छन् भन्ने कुराले नै राजपाको भविष्यलाई निर्धारण गर्छ। विगतमा यिनीहरूले के-के गरे सबैलाई थाहै छ। विगतमा सबै मधेशको मुद्दाको नाममा आआफ्ना राजनीतिक स्वार्थका पार्टी विभाजन गरे। अहिले त्यसमा सुधार आयो भने सकारात्मक पक्ष मानिन्छ। नेताहरूको विगतकालमा जुन क्रियाकलाप, राजनीतिक अभ्यास, राजनीतिक आचरण, राजनीतिक चिन्तनमा परिवर्तन आयो भने सकारात्मक होला। जहाँसम्म सवाल छ, आसन्न प्रदेश नं. २ को स्थानीय तहको निर्वाचनको, कुनै पनि लोकतान्त्रिक प्रक्रियामा विश्वास गर्ने पार्टीले चुनावको उपयोग गर्नुपर्छ। यो सामान्य मान्यता हो। तर, राजपाको सन्दर्भमा के छ भने प्रदेश नं. १ र ५ मा निर्वाचन बहिष्कार गऱ्यो, बाँकी छ प्रदेश नं. २। यो प्रदेशमा राजपाको बाहुल्य छ। प्रदेश नं. २ मा भाग लियो भने यसले प्रदेश नं. १ र ५ लाई परित्याग गऱ्यो भन्ने सन्देश जान्छ। प्रदेश नं. १ र ५ राजपाको विरोधमा पनि आउन सक्छन् कि हामीहरूलाई बहिष्कार गराएर प्रदेश नं. २ को निर्वाचनमा किन सहभागी भयो भनेर। औचित्य साबित गर्नुपऱ्यो। किनकि जुन मुद्दाहरूको आधारमा अन्य प्रदेशहरूमा निर्वाचन बहिष्कार गऱ्यो त्यसमा त कुनै परिवर्तन आएको छैन। मधेशको राजनीतिक इतिहास हेर्दा आन्दोलनमा मधेशीहरूले खुलेर साथ दिन्छन्, बलिदान, परित्याग गर्न पछाडि पर्दैनन् तर, चुनावमा त्यति समर्थन गर्दैनन्। सैद्धान्तिकरूपमा चुनावमा जानु राजपाका लागि ठिक तर, व्यावहारिकरूपमा धर्मसंकट र नैतिक संकट छ। निर्वाचनमा त जानुपर्छ तर, बाटो खुलेको छैन। राजपा अहिलेसम्म आफै सुदृढ भइनसकेको कारणले अहिलेसम्म कुनै पनि नीतिहरू सुव्यवस्थित भइसकेको छैन। अहिलेसम्म राजपाको आफ्नै नीति छैन भने सञ्चार नीति के भन्ने। उनीहरूले अहिलेसम्म भावनात्मकरूपमा राजनीति गरिररहेका छन्। मधेशी राजनीतिक दल र सञ्चारकर्मीबीच कस्तो सम्बन्ध हुनुपर्ने हो, यस विषयमा अहिलेसम्म कुनै छलफल वा बहस भएको छैन। मधेशी सञ्चारमाध्यमले आफ्नै तवरले काम गरिरहेका छन्, राजनीतिक दलहरूले यसलाई गम्भीरताका लिइरहेका छैनन्। जब नेताहरू कुनै मन्त्री वा पदमा जान्छन् भने उनीहरूले कहिल्यै पनि विचार पुऱ्याउँदैनन् कि मधेशी पनि सञ्चार माध्यमहरू छन् भनेर। एउटा सामान्य सामूहिक भेटघाट पनि गर्दैनन्। त्यसकारण मधेशी सञ्चारमाध्यमले आफ्नो अस्तित्व र प्रभावकारिता देखाउन आफै सोच्नुपर्छ।

### पार्टीलाई एकढिक्का राख्नु ठूलो चुनौती



**राजेश मिश्र**
**(सम्पादक, विश्वदीप साप्ताहिक)**

मधेशमा लामो समयदेखि उठ्दै आएको मधेशकेन्द्रित दलहरूबीच एकताको मागलाई राजपाको गठनले एक हदसम्म सम्बोधन गरेकोलाई तत्कालका लागि यसको एकमात्र साकारात्मक पक्ष मान्न सकिन्छ। पार्टी गठन पछिका गतिविधि वा पार्टीको अडानबारे भने मधेशमा मिल्दो जुल्दो प्रतिक्रिया पाइन्छ। राजपाका अधिकांश नेताहरूको छबि सत्ता लोलुप, सत्ता बाहिर हुँदा मात्र मधेश मुद्दालाई सम्झने सत्तामा पुगेपछि मुद्दा बिर्सने, आफ्नो निर्वाचन क्षेत्रलाई मात्र प्राथमिकता दिने खालको बनिसकेको छ। यसमा सुधार ल्याउनु जरूरी रहेको छ। मधेशी दलहरूको इतिहासलाई हेर्ने हो भने राजपाका लागि पार्टीलाई एक ढिक्का राख्नु सबभन्दा ठूलो चुनौती रहेको बुझ्न सकिन्छ। आरम्भदेखि नै मधेश केन्द्रित दलहरूले मधेश मुद्दाप्रति प्रतिबद्ध आम संचार माध्यमहरूलाई प्रोत्साहित गर्ने, तिनलाई सवल बनाउने प्रयास कहिल्यै गरेनन्। निजि छवि निर्माण तथा व्यक्तिगत राजनीतिक स्वार्थ पूर्तिका लागि निजि संचार माध्यम संचालन गर्ने एक किसिमको चलन चल्दै आएको छ। यिनै नेताहरू अहिले राजपामा छन्। त्यसैले राजपाले संचार सम्बन्धि एउटा स्पष्ट नीति बनाएर संचारकर्मीहरूसँग सम्बन्ध बनाएर अगाडी बढनु जरूरी रहेको छ। मधेश सम्बन्धि समान माग र मुद्दाहरू लिएर छुट्टा छुट्टै राजनीति गरिरहेका मधेशी दलहरू चुनावमा जाँदा जातीय आधारमा केन्द्रीत हुने गरेका थिए। यस्ता पार्टीहरू एक ठाउँमा आउँदा जातीयताको स्थानमा मधेश मुद्दाले प्राथमिकता पाउने आशा गर्न सकिन्छ।

### निर्वाचन बहिष्कार नीति सकारात्मक

**हृदयकान्त झा**
**(सम्पादक, अप्पन मिथिला)**



६ वटा मधेशीहरू दलहरू मिलेर जुन एकीकरण भएर राष्ट्रिय जनता पार्टी नेपाल गठन भयो, यो अत्यन्तै सकारात्मक कुरा हो। अर्को कुरामा राजपाका नेताहरूले निर्वाचन आयोगमा राजपालाई राष्ट्रिय पार्टीको रूपमा दर्ता गराउनु पनि सकारात्मक पक्ष हो। यस्तै, मधेशका मुद्दाहरूलाई अहिलेसम्म उहाँहरूले बोकेर हिँडिरहनुभएका छन्, यो सराहनीय कुरा हो। अहिले राष्ट्रिय राजनीति र मिडियाहरूमा राजपाको जुन प्रकारको चर्चा भइरहेको छ, यो पनि एउटा उपलब्धि नै हो। राजपाले जुन मुद्दाका साथ अगाडि बढिरहेको छ, त्यो मुद्दालाई यथावत् राख्नुपर्छ अर्थात् आफ्नो बाटोबाट विचलित हुनु हुँदैन। किनभने आफ्नो मुद्दाबाट विचलित भयो भने मधेशको जुन माग छ त्यो माग नै अन्योलमा जाने स्थिति देखिन्छ। अहिलेको अवस्थामा राजपा निर्वाचनमा जाने कि नजाने भन्ने कुराको बहस भइरहेको छ, यसमा निर्वाचनमा गयो भने राजपाका लागि आत्मघाती कदम हुनेछ। अहिलेको अवस्थामा राजपा निर्वाचनमा सहभागी हुनुहुँदैन। कहिलेकाहीं राजनीतिमा पराजयमा पनि जीत हुँदोरहेछ। राजनीतिमा सबै कुरा जित्नैपर्छ भन्ने पनि होइन। महाभारतमै यदि युधिस्ठिर हारेको नभए सायद पछि गएर युधिस्ठिरको जीत हुनेवाला थिएन। नेपालकै राजनीतिक इतिहास हेर्ने हो भने नेपाली कांग्रेसले पनि कयौंपटक निर्वाचन बहिष्कार गरेका छन्, तर आज संसदमा सबभन्दा ठूलो पार्टीको रूपमा रहेको छ। त्यसकारणले राजपाको निर्वाचन बहिष्कार नीति सकारात्मक हो। राजपाका अगाडि चुनौतीका चाँडहरू रहेको छ। भखरै ६ वटा पार्टीहरूको एकीकरणबाट राजपा निर्माण भएको छ। स्थानीयस्तरमा ६ वटै पार्टीको आआफ्नै कार्यालयहरू यथावतै छ। ती कार्यालयहरूको एकीकरण अहिलेसम्म भएको छैन। यदि राजपा अहिलेको अवस्थामा निर्वाचनमा गयो भने कुनै एउटा पार्टीका नेता स्थानीय तहको मेयर, अध्यक्ष, उपाध्यक्ष वा अन्य कुनै पदमा आए भने अन्य पार्टीका नेताहरूबाट घात प्रतिघात हुने अवस्था प्रवल देखिन्छ। जसले गर्दा अपेक्षाकृतरूपमा राजपाको पक्षमा मत आउनुपर्ने हो, त्यसमा खतरा छ। अहिले राजपाका लागि पार्टी सुदृढिकरण गर्नु र प्रतिक्षा गर्नु नै राम्रो हुन्छ। मधेशको राजनीतिमा २०६३/६४ को आन्दोलनपछिको अवस्थालाई नियाल्ने हो भने सत्ताको खेलमा मात्रै भएको पाइएको छ। चाहे त्यो तत्कालीन तमलोपा, सद्भावना, फोरम वा अन्य कुनै दल होस्, पार्टी विभाजन गर्दै सत्तामा गएका छन्। त्यसकारणले भोली राजपामा पनि यस्तो प्रवृत्ति नआउँला भन्न सकिँदैन। सत्तामा बसिसकेका मान्छेले सत्ता खोजिरहन्छ। तिनीहरू आफै त्यहाँबाट निस्किन्छन् र जो मान्छे मधेश र मुद्दाका लागि लडिरहेका हुन्छन् उनीहरू तटस्थ रहन्छ। त्यसपछि सबैलाई प्रष्ट हुन्छ कि वास्तवमा जनताको हकहितका लागि लड्ने को छन् र सत्ताका लागि लड्ने को भन्ने कुरा प्रष्टिन्छ। अहिले जसरी उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालमाथि आरोप लागिरहेको छ कि मुद्दा छोडेर चुनाव गयो भन्ने, त्यो आरोप त भोली राजपामाथि लाग्न सक्छ। संविधान संशोधन भएन, घाइतेले उपचार खर्च पाएनन्, क्षतिपूर्ति पाएनन्, झुठा मुद्दाहरू फिर्ता भएन, स्थानीय तहको संख्या वृद्धि भएन भने कुन मुद्दा लिएर राजपा आज निर्वाचनमा जाने ?

### राजपा जनताको बीचमा जानुपर्छ

**डा. श्वेता दीप्ति**
**सम्पादक, हिमालिनी**



राष्ट्रिय जनता पार्टी नेपालको गठन मधेशको आवश्यकता थियो। मधेश जुन निराशाबाट गुज्रिरहेको थियो र मधेशी दलहरूप्रति जुन असन्तुष्टि र आक्रोश थियो त्यसका लागि यो एकीकरण आश्वयक थियो। यो त धेरै पहिला नै हुनुपर्ने थियो तर, ढिलो भएपनि एकीकरण भएको छ। जब सबैको लक्ष्य एउटै थियो भने बाटो किन फरक भन्ने सवाल हरेक मधेशीले गर्दै थिए जसको जवाफ राजपा गठन हो। धेरै उपलब्धि हासिल हुने सम्भावना तत्काल त छैन तर एउटा सकारात्मक सन्देश प्रवाह भएको छ कि एउटा खास वर्ग विशेषले व्यंग्य गर्दै आएका थिए कि मधेशी कहिल्यै पनि एक ठाउँमा आउनै सक्दैन, उनीहरूका लागि कडा जवाफ हो। जसलाई कायम राख्ने जिम्मेवारी राजपा नेपालको काँधमा आएको छ। अर्कोकुरा यो एकता कमसेकम नेपालको राजनीतिमा एउटा ठूलो मधेशी दलको रूपमा त राजपालाई अवश्य स्थापित गरेको छ जुन एउटा सुखद परिणाम ल्याउन सक्छ। तर, सबै नेताहरूले आफ्ना व्यक्तिगत स्वार्थभन्दा माथि उठ्नुपर्छ। जहाँसम्म राजपा नेपालमा सुधारको कुरा छ, उसले सुधार त गरिसकेको छ। जुन गल्तीहरू राजपाका नेताहरूले विगतमा गरेका थिए, एकीकरण नै सबभनदा ठूलो सुधार हो। यसभन्दा पनि महत्वपूर्ण कुरा परिवारवाद र व्यक्तिगत स्वार्थ वा सोचभन्दा माथि उठ्नुपर्छ। नभए यसको परिणाम सबैलाई थाहा नै छ। अर्को कुरा राजपाले मधेशका जनतासमक्ष एउटा ठोस नीतिका साथ आउनुपर्छ, जसमा पारदर्शिताको हुनुपर्छ। यो त निश्चित छ कि तीन ठूला पार्टी राजपा विभाजन होस् भन्ने कुराको प्रतिक्षा गरिरहेका छन् र प्रलोभन पनि दिनेछन् जसबाट बच्नुपर्छ। कुनै फरक पर्दैन कि राजपालाई तत्काल शक्ति वा सत्ता प्राप्त हुँदैन भने। इतिहास साक्षी छ कि अधिकार र अस्तित्वको लडाई लामो समयसम्म नै चलेको छ। राजपालाई जनताको बीचमा जानुपर्छ। आजको यिनीहरूको धैर्यताले भोली मधेशको हितमा परिणाम ल्याउँछ। तर, यिनीहरूले मुद्दालाई बेचेर सम्झौता गरे भने यो लडाई फेरि त्यहीं पुग्छ जहाँबाट सुरू भएको थियो। संचारमाध्यमसँग राजपा मात्र होइन कि सबै राजनीतिक पार्टी जुड्नुपर्छ। यस्तोमा राजपा यस सिद्धानतबाट अलग होइन। यहाँ केही यस्ता सञ्चारमाध्यमहरू छन् जसले राजपाका कुनै पनि समाचारलाई नकारात्मक ढंगबाट सम्प्रेषित गर्छन् जसबाट मधेश र मधेशी जनताको मनोवलमा ठेस पुग्छ। यस्तो अवस्थामा राजपालाई सतर्क हुनुपर्छ र यस्ता कुनै पनि विवादास्पद टिप्पणीको खण्डन तत्काल गर्नुपर्छ। यो समयमा मधेशी पत्रकारिता सहृदयताका साथ अगाडि आउनुपर्छ। किनकि कलमको शक्तिले कुनै पनि परिवर्तनमा आफ्नो अहम् भूमिका निर्वाह गर्छ। राजपा गठन नेपाली राजनीतिमा मात्र होइन मधेशको आवश्यकता थियो। जहाँ मधेशका जनता यो महसूस गर्न सकोस् कि उनीसँग उनका नेतृत्व छन्। हो, विगतमा राजपाका शीर्षस्थ नेताहरूले कैयौं गल्तीहरू गरेका छन्, जसबाट वर्तमान अवस्थामा बच्न आवश्यक छ। आफूलाई साबित गर्नका लागि एउटा राम्रो अवसर पाएको छ जसको फाइदा लिनसक्नु पर्छ। कांग्रेस, माओवादी अथवा एमाले यी तीनै पार्टीहरूको सोचमा मधेशका लागि कुनै खासै परिवर्तन आएको छैन। यस्तो अवस्थामा राजपाले मधेशको विश्वास जित्नुपर्छ। राजपाको एउटा सानो गल्ती मधेशलाई निराशाको स्थितिमा ल्याउन सक्छ।

### विवेक र संयमताबाट यो पार्टी परिचालित होस्



**अनिल कुमार कर्ण**
**सम्पादक, सञ्चारकनेपाल डटकम**

ठूला दलका गैरमधेशी नेताले छल, कपट, चातुर्य, शक्ति र सत्ता आदिको प्रयोगले मधेशी जनताका अधिकारलाई तेजोबध गर्न थालेपछि छरिएर रहेका मधेशी राजनीतिक शक्ति एकजुट बनुन् भन्ने जनचाहनाअनुरूप राष्ट्रिय जनता पार्टी नेपालको गठन भएको हो। तर, यो एउटा पाटोमात्रै हो। अर्को यथार्थ के हो भने राजनीतिक रूपमा असुरक्षित भएका बेला सीमान्तकृत हुने डरले पनि नेताहरू एक ठाउँमा उभिन बाध्य भएका हुन् आफ्नो अस्तित्व रक्षाका लागि। त्यसैले राजपाका सकारात्मक पक्षभन्दा पछिल्ला दिनमा देखिएका बेढब संरचना र निर्णय लिने सुस्त प्रक्रिया आदि आलोचनायोग्य छन्। तर, राप्रपामा मधेश आन्दोलनका वीर आँटी, त्यागी र स्वप्नद्रष्टाहरूको संख्या पनि उत्तिकै छ। जसलाई आहलादकारी मान्न सकिन्छ।

कुनै दलले अमुक पत्रकारसँग वा सिंगो सञ्चारकर्मी समुदायसँग सम्बन्ध राख्न चाहन्छ वा चाहँदैन, त्यो नितान्त उसको विषय हो। तर, लोकतन्त्र र जनताप्रति उत्तरदायी भन्न रूचाउने राजनीतिक शक्तिले सञ्चार जगत्लाई उपेक्षा गर्न सक्दैनन्। यो दल कम्तीमा अहिले सञ्चारकर्मी मैत्री छैन। पार्टी व्यवस्थित नहुँदा र हुन नचाहँदा पनि यस्तो भएको हो।

मधेशकेन्द्रित दलसँग मधेशी सञ्चारकर्मीको अपेक्षा बढी भएकाले यस्तो अनुभव भएको हो। तर, मूलभूत रूपमा मधेशी दलभन्दा बढी ठूला दलले मधेशी सञ्चारकर्मीलाई स्थान नदिएका हुन्। मधेशविरोधी दलाल र विदेशीका हाँडी खानेलाई ठूला दलले पत्याएकै छन् नि।

कुनै दलको गठन औचित्यहीन हुँदैन। राजपा नेपाल पनि समयको आवश्यकता हो। व्यवहारवादी राजनीति वा इमानदार राजनीतिमध्ये जुनसुकै रोजे पनि अतिवादमा मात्रै यसको भविष्य छ। विवेक र संयमताबाट यो पार्टी परिचालित होस् भन्ने कामना।

### निर्वाचनमा भाग लिनु भनेको आत्मसमर्पण गर्नु हो

**वीरेन्द्र केएम**
**सम्पादक, न्यूजअप्रेशन**



मधेशका ६ वटा पार्टीहरू मिलेर बनेको राष्ट्रिय जनता पार्टी नेपालको निर्माणले मधेशी जनतामा सकारात्मक सन्देश गएको छ। राजपाका नेताहरूले आफ्ना पद र व्यक्तिगत मोहलाई त्यागेर एकजुट हुनु सबैभन्दा सकारात्मक कुरा हो। राजपाले सबैभन्दा पहिले संगठनमा सुधार गर्नुपर्छ। क्षेत्र-क्षेत्र, गाउँगाउँमा आफ्ना संगठन मजबुत बनाउनुपर्छ। केन्द्रीयस्तरमा नेताहरूको विभिन्न पदीय झुण्डलाई समाप्त गरी सम्पूर्ण नेता कार्यकर्ता गाउँ र जिल्लाकेन्द्रित हुनुपर्छ। काठमाडौंमा र नेपालको राजनीतिमा राजपाको जति चर्चा भएपनि ग्राउण्डस्तरमा उसको अवस्था त्यति नै राम्रो छैन। यद्यपि राजपाका नेताहरूले सामूहिकरूपमा यसलाई सुधार गर्ने पहल थाले भने सफल नहोला भन्न पनि सकिन्न। खासगरी ६ वटा राजनीतिक दल मिलेर बनेको राजपा सामूहिक नेतृत्वको परम्परा सुरूवात गरेपनि यसको असर ग्राउण्डस्तरमा देखिन सकेको छैन। राजपाले राजनीतिकरूपमा आफ्नो अडानलाई निरन्तरता नै राख्नुपर्छ भने यसका अलावा मधेशको समृद्धि, आर्थिक उन्नति, शैक्षिक उन्नति र सामाजिक संस्कारका क्षेत्रमा समेत आफूलाई क्रियाशिलता बनाउनुपर्छ। स्थानीय निकायको निर्वाचन आफैमा राजनीतिकरूपमा यसको निकै महत्व छ। राजपा कि पूरै बहिष्कार गर्नुपर्छ कि मज्जाले नै भाग लिनुपर्छ। संसदीय राजनीतिमा प्रधानमन्त्रीको चुनावमा भाग लिने तर स्थानीय तहको निर्वाचनमा भाग नलिनु यो दोहोरो नीति हो। स्थानीय तहमा जीत हासिल गर्नु भनेको पनि एउटा जीत भएकोले गर्दा आफ्ना मुद्दा र अडानहरूलाई निरन्तर राख्दै स्थानीय तहको राजनीतिमा आफूलाई सफल बनाउनु राजपाको आजको समय निर्देश हो। यद्यपि यसअघिका अन्य चुनावहरूमा भाग नलिने तर, मात्र प्रदेश नं. २ मा भाग लिनु आत्मसमर्पण गर्नु सरहको कार्य पनि हो। तर, राजपाले अहिलेको समयसापेक्षलाई ख्याल गर्दै आफ्ना स्थानीयस्तरका नेता र कार्यकर्ताको सुझावलाई समेत मध्यनजर गरी अगाडिको कदम चाल्नुपर्छ। जबसम्म कुनै पनि राजनीतिक आन्दोलन वा यात्रामा चौतर्फी सहयोग हुँदैन तबसम्म कुनै यात्रा सफल हुँदैन भन्ने उहाँहरूले बुझ्नुपर्छ। पत्रकार र मधेशी राजनीतिकर्मी बीचमा तालमेल वा परामर्श नभएर केके हुन सक्छ त्यसको ज्वलन्त उदाहरण विगतको आन्दोलन नै हो। उक्त आन्दोलनमा काठमाडौंकेन्द्रित प्रायः सबै राष्ट्रिय मिडियाले नकारात्मक पक्षको मात्र प्रचार प्रसार गरे। तर, केही सीमित मधेशी पत्रकारहरूले गर्दा हो मधेश आन्दोलनका विविध कुराहरू राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा फैलिन सफल भयो।

## राजपामा फिलोसोफिकल र स्ट्रक्चरल समस्या छ



**बीपी साह**
**सम्पादक, हुलाकी न्यूज डटकम**

औपनिवेशिक पीडाबाट मुक्तिका लागि मधेशमा बारम्बार भएका आन्दोलनहरू स्खलित हुँदै गर्दा निरास भएका मधेशीजनको झिनो आशाको केन्द्रका रूपमा राष्ट्रिय जनता पार्टी समायोजन भएको छ। राजपाको सकारात्मक पक्ष के हो भने अर्धनग्न हुँदै गएका मधेशी राजनीतिज्ञ र निरास हुँदै गएका मधेशी जनतालाई नयाँ लेबल लगाएर नयाँ भरोसा दिलाएको छ। जसले औपनिवेशिक शासन अन्त हुँदा हुन सक्ने मानवीय र भौतिक क्षतिलाई केही दिनका लागि रोकथाम गरेको छ।

राजपा सैद्धान्तिक विचलन भएका नेतृत्वहरूको जमात हो जसले उपयोगितावादलाई राम्ररी बुझेको छ। सुधारबाद पनि हावी भएकै हो। राजपालाई अझै सुधार गर्ने हो भने अहिलेको शीर्ष नेतृत्वलाई 'मार्ग निर्देशक समिति' गठन गरी पठनपाठनको जिम्मेबारी दिनु पर्छ। पहिलो र दोस्रो मधेश आन्दोलनबाट नेतृत्व गर्न सिक्दै गरेकाहरूलाई कार्यकारी समितिको जिम्मेबारी दिनु पर्छ।

विश्वका चर्चित सिद्धान्तलाई अंगीकार गर्नुभन्दा पनि मधेशवादलाई टेकेर समुदायवादलाई बोकेर हिंड्नु उचित हुनेछ। तर त्यसो गर्न राजपाको नेतृत्वले आनाकानी गर्नेछ। किनभने सिद्धान्तहीन नेतृत्व र आत्मविश्वास कमी भएका व्यक्तित्वले मुक्तिकामी राजनीति गर्न सक्दैन। उसले उपयोग र व्यक्तिगत स्वार्थको राजनीति गर्न सक्छ।

राजपाको नेतृत्वलाई आलोचनात्मक ढंगले केलाउनु आवश्यक छ। किनभने सकारात्मक पक्षको गुनगान धेरैले गरिसकेका छन्। पार्टीको सैद्धान्तिक पक्षलाई थाति राखेर नेतृत्वलाई हेर्ने हो भने विविधता देखिन्छ।

राजपाको प्रमुख नेतृत्वकर्ता महन्थ ठाकुर प्रजातान्त्रिक समाजवादबाट बाटो परिवर्तन गरी समुदायवाद र मधेशवादमा प्रवेश गरे। उनी नेपाल राज्यमा मधेशवाद फल्ने र मधेशी फुल्ने अवस्था नदेखेपछि बहुराष्ट्रिय राज्यको अवधारणालाई अंगीकार गर्दै स्थापित गर्न खोजेका छन्। ठाकुरद्वारा गरिने बुहराष्ट्रिय राज्यको वकालतले नेपाली स्थायी सत्ता र नेपाली (शासकीय जाती)हरू सशंकित भएका छन्। बहुराष्ट्रिय राज्य भएका युरोपेली मुलुकहरू विभाजन भए जस्तो नेपाललाई पनि विभाजन गर्न खोजेको त्रास नेपालीहरूमा छ। र, ठाकुरलाई त्यही दृष्टिकोणले हेरिँदैछ। तर ठाकुरमाथि नेपालीहरू आक्रमक हुन सकेका छैनन् किनभने ठाकुरको व्यक्तित्वलाई अहिलेसम्म नेपाली स्थायी सत्ताले समाप्त पार्न सकेको छैन। तर ठाकुर घेराबन्दीमा परिसकेका छन्। ठाकुर आफ्नो जीवनको अन्ततिर पुनः एक पटक राजनीतिक धारलाई परिवर्तन गर्ने छन्। किनभने कुनै पनि राष्ट्रलाई कुनै नेताले दिन सक्ने सबभन्दा ठूलो धम्की नै विखण्डनको हो। यो धम्की ठाकुरले बारम्बार दिँदै आएको छ। तर पनि राज्यले ठाकुरलाई सुनेको छैन। त्यसकारण ठाकुर आफ्नो अन्तिम समयमा मधेश राज्यको पक्षमा उभिने छन्।

राजपाका दोस्रो शक्तिशाली नेता राजेन्द्र महतो मधेशवादको विजलाई जोगाएर राखेपनि राजपाको दस्तावेजहरू हेर्दा उसले मधेशवादलाई डुँगाको रूपमा प्रयोग गरेको देखिन्छ। महतोको अन्तर्आत्मामा रहेको समग्र नेपालको नेता बन्ने परिकल्पना राजपाबाट पुरा गर्ने सोच्दैछन्। उसले यसअघि पनि ६५ वटा जिल्लामा संगठन विस्तारको असफल प्रयास गरेको थियो। तर उसको इज्जत मधेशले नै जोगाएको थियो। बेलाबखतमा उसले मधेशवादलाई उग्र आन्दोलन अस्त्रको रूपमा प्रयोग गर्ने गरेका छन्। जो कतिपय अवस्थामा मधेशका लागि आवश्यक छ। तर महतोमा सैद्धान्तिक विचलन भन्दा पनि तीव्र आकांक्षाले समस्या सिर्जना गर्नेछ। महतोको जुन रूपले तेस्रो मधेश आन्दोलन उठान गर्नमा मदत गरेको छ, त्यो रूप महतोले फेर्दैछ। जो महतोको लागि घातक हो।

राजपाको तेस्रो शक्तिशाली नेतृत्व शरत्सिंह भण्डारी र महेन्द्र यादव छन्। जो उपयोगितावादलाई नजिकबाट नियालेका छन्। यादवभन्दा भण्डारी केही कदम अगाडि छन्। भण्डारीलाई मुक्तिकामी आन्दोलनभन्दा ठिकाउ राजनीतिले गाँजेको छ। उनी अब सडक संघर्षभन्दा पनि सदन संघर्षको बाटो रोज्न चाहन्छन्। किनभने उनको स्कुलिङले सडक संघर्ष सिकाएको छैन। र, उनी इलाइट नेतृत्व हुन्। महेन्द्र यादव सर्वहारा स्कुलिङबाट आएपनि उनी इलाइट वर्गमा प्रवेश गर्न खोज्दैछन्। जसरी उपेन्द्र यादवले पाराडाइम सिफस्ट गरेको छ त्यही बाटोमा महेन्द्र छ। तर महेन्द्रको राजनीतिक पारा मिटरमा उचाल्न सक्ने तत्व उनीसँग छैन। भण्डारी विजय गच्छदार शैलीको राजनीति गर्न खोजेका छन् तर उनीसँग जातीय समीकरण छैन।

राजपाका चौथो नेतृत्वमा छन् अनिल कुमार झा र राजकिशोर यादव। दुबै जना मधेशवादकै स्कुलिङबाट आएका हुन्। झामा म्यानेजमेन्टको क्षमता बढी छ भने यादवमा घुलनको क्षमता अधिक छ। झाले राजनीतिक संगठनलाई चुस्त राख्न सक्छ, जसरी कुनै गैरसरकारी संस्थालाई संस्थागत गर्न सक्छ। तर अहिलेको अवस्थामा दुबै जना फ्रन्टलाईन लिडर बन्न सक्ने अवस्थामा छैनन्। त्यसका अनेक कारणहरू छन्। तर हाल पार्टीभित्र उनीहरूले लिएको लाइनमा अगाडि बढ्ने हो भने राजपाको भोलीको नेतृत्व यिनै दुबै जनाको हातमा जानेछ।

राजपाभित्र सहायक शक्तिहरू छन्। जस्तै हृदेयश त्रिपाठी, सर्वेन्द्रनाथ शुक्ल, बृजेश गुप्ता र बृषेश चन्द्र लाल। यिनीहरू पनि फ्रन्टलाईन लिडर हुन सक्ने छवीका छैनन्। यिनीहरू साहायक नेतृत्वकर्ता हुन सक्छन्। त्रिपाठीले कयौंपटक प्रयोग पनि गरिसकेका छन्। र, उसलाई यो कुरा राम्ररी थाहा छ। शुक्ल पनि मुक्तिकामी मार्गको राजनीतिज्ञ होइनन्। उनी कुटनीतिक क्षमता बढी भएका नेता हुन्।

राजपाका यी सबै तत्वहरू एकै ठाउँमा रहिरहने सम्भावना न्यून छ। करिब ६५ वर्षको मधेशको मोर्डन पोलिटिक्सले एउटा पाराडाइम सिफ्ट गरेको छ। जुन अहिले ब्याक गियरमा छ। यसलाई अगाडिको गियरमा हाल्न धेरै शक्तिको आवश्यकता पर्नेछ तर शक्ति प्रदान गर्न सक्ने समूह राजपासँग छैन। राजपाको शक्ति स्थानीय स्तरमा छ। जुन शक्तिलाई राजपाले अहिलेसम्म बिर्सेको छ। हुनत् केही प्रयास भएको छ जस्तो कि कुनै निर्णय गर्दा जिल्लाबाट माइन्डेड लिने। तर राजपामा अहिले पनि फिलोसोफिकल र स्ट्रक्चरल समस्या छ। जसले राजपालाई केही दिनसम्म सन्तुलनमा ल्याउन अवरोध गरिरहनेछ।

तर मधेशी जनताले निरास हुनु पर्ने कुनै ठाउँ छैन। किनभने विज्ञानको सिद्धान्तले भन्छ 'कुनै ठाउँमा कुनै बेला कुनै शक्ति प्रयोग भएको छ भने त्यो शक्तिको प्रतिक्रिया कुनै रूपमा हुनेछ।' तीनवटै मधेश आन्दोलनमा मधेशी जनताको शक्ति प्रयोग भएको छ र यो शक्ति कुनै न कुनै रूपमा प्रतिक्रिया दिनेछ। चाहे त्यो दुई वर्षमा होस् चाहे त्यो दश वर्षमा होस्।

> राजपाको शक्ति स्थानीय स्तरमा छ। जुन शक्तिलाई राजपाले अहिलेसम्म बिर्सेको छ। हुनत् केही प्रयास भएको छ जस्तो कि कुनै निर्णय गर्दा जिल्लाबाट माइन्डेड लिने। तर राजपामा अहिले पनि फिलोसोफिकल र स्ट्रक्चरल समस्या छ। जसले राजपालाई केही दिनसम्म सन्तुलनमा ल्याउन अवरोध गरिरहनेछ।

# मधेशमा विवाह : वर्तमान परिवेश



मनोज कुमार कर्ण

> यदि दाइजो दिने र लिने गुपचुप मनसाय नै हो भने औकातभन्दा बढीको केटा किन खोज्ने ? साहित्य, विज्ञान र प्रविधि, अदालत, सरकार, समाज भनेको सामाजिक विकृति हटाउन र वास्तविक पिडितको पहिचान गरि उद्धार गर्नलाई हो । यसलाई बुझेर दुरूपयोग गर्नेलाई दोब्बर सजाय दिनैपर्छ ।

**परिवेश**

वर्तमान परिवेश भनेको मधेशको लागि आर्थिक उपार्जनमा भरपर्ने हो । भन्नाले मधेशमा विवाह कहाँबाट कुन रूपले कससित गर्ने जस्ता कुराहरू केटा वा केटीको परिवारको अर्थोपार्जन कुन स्केलको मासिक कतिको हो ? मजदूरी, पेशागत, जातीय व्यवसाय, सामान्य विजनेश, अनैतिक विजनेश, विदेशबाट कमाएर ल्याएको पैसा, सरकारी जागिरबाट आएको सामान्य तलब, घूसखोरी-कमिसनखोरी, नेतागिरीको 'सेवाबाट', दलाली वा कस्तो रूपैयाँ घरमा आउँदो हो ? यी सबैले केटा वा केटीको नयाँ घरजम गर्दा फरक पार्ने हुन्छ । केटाकेटी दुवै सामान्य, नैतिकरूपले रूखासुखा खाने इमानदार परिवारबाट छन् भने यस लेखमा उल्लेख भएका कुरा अपवाद हुन जान्छन् किनकि त्यसताका परिवारमा प्रायः लफडा आउँदैन । तर अनैतिक परिवार भएमा केटापक्ष जति धनीभएपनि दाइजो वा सम्पत्तिले नपुग्ने हुन्छ, एकचोटीको दाइजोले नपुगेर जीवनभरी अर्कोरूपमा जिन्सीको अर्थमा माग्या माग्यै गर्छ भने केटीपक्ष अनैतिकवालको पैसाले हुर्केकी छ भने विहेपछि केटालाई 'रातीमात्र' श्रीमान्को दर्जा दिन्छिन् नत्र केटाको हालत दाइजो यति रूपैयाँ मेरो पक्षले तिरेको गुरूरमा कुकुरभन्दा पनि बद्तर गरिदिन्छिन् । यस्ता केटी विहेपछि प्रायः मातिने, बुवादाईको माइती केअरपछि श्रीमान्लाई अटेर गर्दै पुरूषको चंगुलबाट 'आजाद पञ्छी' ठान्दै अनुशासन, मर्यादाहीन भई परपुरूषसित अन्जानमा फँसेकी र अन्ततः सबैको नाककान कटाई गरि सम्बन्ध बिच्छेदसमेत गरि स्वयँ दिशाविहीन जिवन बाँच्छन् । मधेशमा आज कोही घरपरिवार बिच्चली भएर रोएर बसेका छन्, कोही बिच्चली पारिदिने, ठगेर विवाह गराईदिने लमी वा बिचौलीयाको वंश सत्यानाश होस् भनेर सरापेर बसेका छन्, कोही उपयुक्त जोडीकै पर्खाईमा मागी विवाहमा ढिलाई गरिरहेका छन् भने कोही दाइजो कहाँबाट ल्याउने वा कति मैले सोहोर्ने भनेर बसिरहेका छन् । यस लेखको आशय मधेशमा विवाहको जटिलतामा कमि आवोस्, पारदर्शी होस्, दाइजो हटोस्, विवाहमा दलाल वा बिचौलियाको सत्यानाश होस् तर लमीको होइन किनकि लमीले मिलाउँछन् भने दलालले गलत जोडी मिलाउनेदेखि उता केटाले दाइजो नलिंदा उसले केटाले मागेको भनी स्वयँपनि धेरै केसमा पैसा चप्काइदिएर केटा र केटीपक्षको बीच भयंकर खाल्डो खनी गुमराहमा पारेको देखिएको छ । साथै, विवाहमा अवश्यपनि ढाँट्ने काम नहोस् र गर्ने जोकोहि केटा, केटी, लमी (बडतुहार वा बिचौलीया)लाई विवाहपछि अदालत र समाजले कसूर अनुसारको सजाय तोकोस्, सम्बन्ध विच्देदको मुद्दामा केटी जतिपनि अपराध गरेको भएपनि सबैको सहानुभूती पाउने तर केटा निरअपराध रहेपनि उसले एकतर्फी बेइज्जत सहने, सामाजिक हेय दृष्टिमा पर्ने र पत्नि चरीत्रहीन भएपनि उनलाई मुलुकी ऐन अन्तर्गत ४(क) अर्थात् सम्पत्ति अंशवण्डा दिनैपर्ने, केटाको नामको मादलपिट्ने तर त्यहीं कलमुँही यस्ता पत्निहरूको नाम सो बेला कथित् महिला अधिकार र सामाजिक सुरक्षाको नाममा गोप्य राख्ने, केटाको घरपरिवार बिगारेर उनी हिंड्दा केटाको क्षतिपूर्ति राज्य र समाजबाट किन केही छैन भन्ने समन्यायको भावना उठाउने यस लेखका आशयहरू छन् ।

**शारीरिक रंगको खेल**

मधेशमा विचित्र पागलपन विवाहको बेला शारीरिक रंगलाई हुने गरेको देखिन्छ । यसमा केटीपक्ष अलि सहने हुन्छ । केटी गोरोवर्णकी भएपनि स्याँवला वा गोरो वा कालो केटो चल्छ तर केटा यदि गोरोवर्णको छ भने माथि उल्लेख गरिएका मेरा कुरा केटाले केटीको हकमा उनी जति पढेलेखेका भएपनि बर्दाश्त गर्दैन, अपवादबाहेक । केटा मेरा ल्यापटप जस्तो कालो भएपनि केटी चन्द्रमुखी नै चाहियो भलै त्यो चन्द्रमुखी व्यवहारमा ज्वालामुखी नै किन नहोस् ? यस दुर्भाग्यबाट नचाहिंदो ढिलो विवाह गर्ने, इगो पालेर बस्ने र सोही इगोले जिवनको हरेक मामिलामा ठाकठुकु पारेर बस्नु मूर्खताशिवाय केही होइन । पर्फेक्ट पढाईलेखाई, संस्कारीत, समान आर्थिक हैसियत, फिजिकली फिट् आदि छन् भने केटाले अलि यहाँ कम्प्रोमाइज गर्दा बेस् ।

**दाइजो**

दाइजोबाट केटाले आफ्नो चिकित्सक, अभियान्त्रिक, चार्टर्ड एकाउन्टेन्ट्स आदि पढाईको खर्च निकाल्न सोच्नु वा केटीले दाइजो मेरो निजि सम्पति हो भन्नु दुवै सोच अतिवादी, असामाजिक तथा दाइजोप्रथाको निरन्तरता दिने हुन् । महिलाले यसलाई महिला अधिकार भनेर अपव्याख्या गर्नु डा. बाबुराम भट्टराईको भाषामा मीठो तरकारीमा नूनको ठाउँमा गोबर मिसाउनु हो । आसार महिनाको नागरिक पत्रिकाको परिवार भन्ने कम्प्लिमेन्टरी पाक्षिकमा एकजना महिला सांसदले नै यस्ता घटीया कुरा दाइजोलाई निजि सम्पति भनेर थुपार्ने मनसायले विश्लेषण गरेकोमा महिला भनेको आदर्श, जननी जस्ता शुभ अर्थको ठाउँमा मैले आजको जमानामा महिलाको व्यंग्यात्मक अर्थ 'महिला भनेको इन्टरनेटका भाइरस हुन् जुन् तिम्रो शरीरमा पस्छन् अनि अब तिमि पकेट स्क्यान गर, दिमाग एडिट गर, उनीहरूको समस्याहरू तिम्रोमा डाउनलोड गर र अन्त्यमा आफ्नो मुस्कान डिलिट गर !' बुझ्न पुगेछु । स्वस्थ मस्तिष्कले समन्यायको कुरो गरौं नत्र यस्ता कुविचारलाई मीडीया बहिष्कार गरौं । दाइजो हटाउन कडा कानूनको प्रभावकारी कार्यान्वयन, शिक्षाको प्रचार तथा जनतालाई उच्चशिक्षाको धारमा ल्याउने, चेतनामूलक कार्यक्रम मीडीयामा ल्याउने, पुरूषले दाइजो लिएमा वा कसैद्वारा माग्न लगाएमा वा फलानोको मेरो घरमा यो विवाहबाट यस्तो शौक छ भन्नेदेखि सबै मतियारलाई अदालतमा ल्याउनुपर्छ । प्राविधिक उच्चशिक्षा मेरिटमा तथा सस्तो र सुलभ हुनुपर्छ । त्यहीं म दाइजो लिन्न तर केटीको पढेको सर्टिफिकेट देखाउ, पढ्नमा कस्ती छे देखाउ, बोलीवचन कस्तो छ, संस्कार कस्तो आदि सोध्दा अल्मल्याउने तर केटाको इष्टमित्रबाट घेर्ने, चाँडो विवाह गर्न दबाब दिने, दाइजो नभनेर मेरी छोरी वा बहिनीको लागी पहिलेदेखि नै यो-यो साँचेको कृपया नाइँ नभन्नु होला भनेर फँसाउने तर विहेपछि क्वालिटीमा गोबर, भैंसी जस्ती मोटी, काली, घरव्यवहारमा उनले गर्ने स्वाभाविक कर्मपनि नगरि घर बिग्रँदा अब उल्टै उनका माइतीका मान्छेले दाइजो दिएको भनी कथित जातिय र कानूनी, सामाजिक धम्कि दिनेलाई समाएर केटाले दाइजोमा बलजफ्ति फँसाएको भनेर प्रतिवाद, प्रमाणित भए अरू यस्तालाई सबक सिकाउन समाजमै घोडाको कोर्राले त्यस्ता केटीका जिम्मेवार बुवा, दाई वा भाई वा नातेदार तथा लमीलाई किन हिर्काउन नपाउने ? कानूनमा सामाजिक आतंककारीको परिभाषामा यस्तालाई राखेर फाँसीको सजायको व्यवस्था राज्यले किन नगर्ने ? मानवाधिकार मानवको हुन्छ कि दानव को ?

**अन्तरजातिय विवाह**

यो स्तम्भकार जति जातिय कट्टरपन्थ भएपनि मानवताको परिभाषामा अन्तरजातिय विवाहलाई रोक्न सक्दैन अपितु, मान्छेको सोचमा छोड्छ । अन्तरजातिय विवाह पेशागत मिलन, मनको मिलन, एकअर्कालाई बुझ्ने र परख्ने मौका आदिको गुञ्जायस दिएपनि जीवनपर्यन्त विवाह शान्तिपूर्णरूपले टिकोस् जरूरी छ । यस्तो विवाह एकअर्काले करिअर अदिमा उपयोग गर्ने हिसाबले र इगोमार्फत् नै विवाह भएकोले विवाह पश्चात् इगो दुवैबाट गएन भने दुर्घटना अवश्यंभावी हुन्छ । कसैको यस्तो नहोस् ! नबिर्सौं विवाह एउटा सम्झौता हो र ५०/५० प्रतिशतमै एकअर्काको क्वालिटी तथा एसेप्टान्स भएर विवाह सम्भव भएको हो तसर्थ, विवाहपछि केटा वा केटी अर्कामाथि हावी नहोऔं नत्र नर्कको बाटो खुला छ । अन्तरजातिय विवाहबाट जन्मभएका क्रस सन्तान अति तेज मस्तिष्कका हुन्छन् भने आमाबुवा नै समाजलाई ड्यास दिएर विवाह गरेका हुनाले सन्तानमा ड्यासिङ्ग क्वालिटी अर्थात् डेभिएन्ट अर्थात् जानिजानि अटेर र अनुशासनहीन बन्ने गुण बढेर बद्मासी बढी गर्ने गरेको पाईन्छन् । करिब दशक अघि अमेरिकामा ट्राफिक प्रहरीको वार्षिक रिपोर्टमा सडकमा नियममिच्ने क्रस सन्तान डरलाग्लो ढंगले बढी पाइए भने हिटलरले दोस्रो विश्वयुद्धमा क्रस व्यक्तिलाई आफ्नो तेज दिमाग नेगेटिभ ठाउँमा बढी प्रयोग गर्नेगरेका भनी देख्ने बित्तिकै मार्न लगाउँथे । यी सबै कारणले गर्दा विश्वमा आज प्युरिटि अफ द ब्लडको अवधारणा आएको छ जसको अर्थ हो जातिय विवाह अर्थात् एशियाको परम्परागत विवाह र समाजमा रोग र असामाजिक गतिविधिबाट नियन्त्रण । यहाँ स्तम्भकार निरपेक्ष छ, जसको जे इच्छा ।

**विवाह र प्रविधि**

तपाईं आजको जमानामा ई-मेल, फेसबुक, ट्वीटर, भाइबर, मोबाइल भिडियो आदि चलाउनु हुन्न भने तपाईंलाई गँवार अर्थात् देहाती वा बेवकूफ भनेर भनिनेछ । एरिस्टोटलले समाजमा नाटक, साहित्य र आजको भाषामा सिनेमा, भीडीया आदिको चलन नै मानवको भित्रि यौनिक चेतनालाई अन्य जनावरको जस्तो छताछुल्ल नहुन दिनलाई, मानवलाई सभ्य बनाउन विकास गर्नुपर्ने भन्थे । हरेक प्रविधिको सचेतनायुक्त प्रयोग नहुँदा र नेगेटिभ प्रयोग हुँदा समाजमा अपराधको जन्म हुन्छ । प्रस्ट भाषामा, सभ्य दम्पत्ति आजको जरूरी छ । संगै, मिलेर तथा मायाले बस्ने दम्पतिलाई अश्लिल तस्विर, भिडियो वा विवाहपश्चात् परव्यक्तिसँगको सम्बन्ध किन चाहियो ? उमेर छँदै जोडीमध्ये एक बिते भने अर्को विवाह गर्दा भैगो तर पारिवारीक, मानसिक, आर्थिक सबै तयारी हुनुपर्‍यो । एकातिर म बितेको पति वा पत्निलाई बिर्सन सक्तिनँको नाटक गर्ने र अर्कोतिर नयाँ जोडी चहार्दै हिंड्ने पोस्टमोडर्न दुईजिब्रेको हरिबिजोग निश्चित छ । मधेशमा परदेश बस्ने पतिकी पत्नि तथा एकान्त जिवनको शिकार विवाहित पति सबै प्रविधिको गलत प्रयोगमा अधिकांशले पतिपत्निबीचको वास्तविक मायाबाट पर धकेलिएका महशुस हुन्छन् । कि दुवै इमान्दार हुनुपर्‍यो कि दुवै अश्लिल दुनियाँका भ्रष्ट । बल्ल एकले अर्काको मनको कुरा बुझ्न सक्छन्, भुलभुलैयामा होइन । राज्यले मधेशलगायत देशैमा मीडीयामार्फत् र मनोविज्ञान कोर्समार्फत् विद्यालयस्तरबाट नै शिक्षित गर्न लाग्नु पर्‍यो ।

**सम्बन्ध विच्छेदपछि के ?**

एक्काईसौं शताब्दिमा कसको के ईच्छा छ भन्न गाह्रो छ । कससित कतिखेर प्रभावित भई मन मिल्नेछ भन्न असजिलो छ । तर यस्ता महिला वा पुरूषको इच्छा के हो सो मा भर पर्दछ । प्रायः सम्बन्ध विच्छेदपछि एकले अर्कालाई आरोपलगाउने हुन्छ । प्रमाण, प्रमाण लुकेको क्षण वा ठाउँ तथा गलतफहमी सबै सतहमा आउनुपर्छ । प्रायः केटालाई अर्कीसँगै लहसिएको भनिन्छ, जँड्याहा भनिन्छ तर केटीको ठेक्का लिने समाजले उसको कर्तूतहरू बाहिर आउन दिंदैन । यो समन्याय होइन र यसले नै समाजमा कोहि आवेग थाम्न नसक्ने पिडित केटाबाट अशान्ति ल्याउन सक्छ । दाईजोले विवाह भएको हो र केटाको दोष हो भने दाईजो फिर्ता, कानूनी सजाय, अंशवण्डालगायत वगैरह हुनुपर्छ अन्य अवस्थामा केटाको सामाजिक, ऐतिहासीक, पारिवारीक विरासत बिग्रेकी केटी वा ठगेर कथित् विवाह गराएर अब कथित् न्यायको रूपमा माग्नेको एकतर्फी महिला कानूनको दुरूपयोगमा हुनुहुँदैन । मधेशमा पहिला थिएन तर प्रविधिक शिक्षा पढ्नेहरू, प्रविधि चलाएर भर्चुअल दुनियाँमा रमाउनेहरू, महिला अधिकारको गलत दुरूपयोग गर्नेहरू बढी सम्बन्ध बिच्छेदमा पर्ने गरेका छन् । अन्य जातमा थोरै यस्ता केसेज भएपनि मधेशको बाहुन, राजपूत, कायस्थहरूमा आउनु प्रविधिले छोएको, नयाँपन आउनुभन्दा पनि मौलिक परम्परा विवाहबारे हराएर छाडापन आएको, दाइजो वा माइतिको धाक लगाएको जस्ता कुराहरू पर्दछन् । दुर्भाग्य छ, केटाको बद्नामी सबैतिर हुन्छ, किन र कसको दोषले सम्बन्ध बिच्छेद भयो, त्यो मधेशका समाज र उक्त जातले खोज्दैन र केटा वा केटी एकजना दोषी वा बद्मास भएपनि बाँकीलाईपनि सोही तराजुमा राख्ने चलन छ । मधेशको केटा छ, उमेर विवाहको वा मध्य छ भने सम्बन्ध बिच्छेद भनेपनि नभनेपनि उसलाई राजधानी काठमाडौंमा समाजमा बस्न, कोठा पाउन गाह्रो छ । जिम्मेवार केटा हो भने सजायपाएको राम्रै भयो तर केटीपक्ष यदि कोर्राले नै हिर्काउनेस्तरको छ र अदालतले केटीकै आग्रहमा विना कुनै अंशवण्डा वा क्षतिपूर्ति सम्बन्ध बिच्छेद गराउँछे र त्यहाँ केटीको आमाबुवासमेत कोहिपनि अदालत र प्रहरीको सुरक्षामा देखापर्दैन भने 'दाल में कुछ काला है' स्वतः बुझ्दै त्यसो भए केटालाई विवाहमा किन ठगिस भनेर स्वतः ती केटीलाई किन हिरासतमा राख्ने तुरून्त आदेश जारि गर्ने ? विवाहको बेलाको बिचौलियालाई प्रहरीले किन घिसार्दै अदालतमा उपस्थित सत्यतथ्य बाहिर ल्याउनलाई ल्याउने ? अरू त अरू, केटाले यदि दाईजो लिएको छैन भने उसको विहेको क्षतिपूर्तिको लागि केटाले नयाँ मुद्दा किन हाल्ने ? सोही प्रसंगमै मिलापत्रमै अदालतकै तजबिजले त्यसो भए केटापक्षको भर्पाइ गर भनी मानसिक, सामाजिक क्षति नदिएपनि आर्थिक किन नगराउने ?

**उपसंहार**

महिला कानून र अधिकारको सदुपयोग हुनुपर्‍यो । महल नं. ४ (क) अंशवण्डाको हक वा मानाचामल जस्ता सचरित्र, निर्दोष पत्निको हकमा केटाको दोष देखिएमा मात्र लागू होस्, स्वयँ चरित्रहीन महिलाको हकमा होइन । समाजका केही ठेकेदार मान्यजन, पंजीकार तथा बिचौलियाले सामाजिक मूल्यमान्यता याद दिलाउनुको ठाउँमा यदि स्वयँ निर्दोष केटा वा केटीलाई पनि सम्बन्ध बिच्छेद पश्चात् विना कुनै सच्चाई सम्झी एक्ल्याउँछ भने पंजीकार आदिको टाइटल गैरकानूनी घोषित गरि रामधुलाई दिनुपर्छ सरकारले भने नयाँ जिवन जिउने बाटो पिडित केटा वा केटीको खोल्नुपर्छ । सत्यतथ्य नबुझी पावरफुल पोलिटिसियन, अदालतको वर्तमान वा रिटायर्ड जज्को कुरामा लागेर एउटा पक्षको मात्र कुरा हाइलाइट गर्ने र आफ्नो केटा वा केटीको कर्तूत लुकाउनेलाई सामान्य मान्छेको भन्दा दोब्बर सजाय अदालतले किन नतोक्ने ? दाईजो हट्नैपर्छ र भने केटाकेटीको विवाहपूर्व अभिभावको सामुन्ने नै आवश्यक जिज्ञासा एकअर्कालाई सम्मान गर्दै सोध्ने अवसर पाउनै पर्छ ताकि लमि वा बिचौलियाको मुखमा कालो पोतियोस् र खेल्ने मौका नपाओस् । मधेश यसमा उदार हुनैपर्छ । केटी वा केटीपक्षले हैसियतको वर खोज्ने । गलत नियतले कायस्थ, बाहुनमा तेज मस्तिष्को केटोलाई विवाहनामक जंजीरमा फंसाएर उसलाई राज्यशक्तिको राजनीतिक, अदालती, सामाजिक ठेकेदारहरूको धाक तथा प्रतिष्ठाको कथित् तरबार देखाएर बलजफ्ति स्वयँसंगै राजनीतिमा तान्ने, केटाको विवाहपश्चात् उसको इच्छा विपरीत केटी उचालेर घर बर्बादपार्नेलाई एक्सपोज गरेर कुनै निर्वाचन जित्न नदिने र सामाजिक बहिष्कारसम्मको कार्य अरू यस्तालाई सबक सिकाउन गर्ने । यदि दाइजो दिने र लिने गुपचुप मनसाय नै हो भने औकातभन्दा बढीको केटा किन खोज्ने ? साहित्य, विज्ञान र प्रविधि, अदालत, सरकार, समाज भनेको सामाजिक विकृति हटाउन र वास्तविक पिडितको पहिचान गरि उद्धार गर्नलाई हो । यसलाई बुझेर दुरूपयोग गर्नेलाई दोब्बर सजाय दिनैपर्छ । दोषी केटा वा केटी सम्बन्ध बिच्छेद पश्चात् दुवैको नाम मीडीयामा आउनुपर्छ, एउटामात्रको ल्याउनु कानून र समन्याय शब्दको बलात्कार हो । यसले शान्ति ल्याउँदैन नेपालमा ।

(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)

## मधेश अपडेट

### एमालेको व्यवहार राष्ट्रघाती : प्रम देउवा



शेरबहादुर देउवा

जनकपुरधाम । प्रधानमन्त्री शेरबहादुर देउवाले नेकपा एमालेले राष्ट्रवादको चर्को कुरा गरेपनि उसको व्यवहार राष्ट्रघाती भएको आरोप लगाएका छन् । जनकपुरमा शुक्रबार धनुषा कांग्रेसले गरेको पत्रकार सममेलनमा कांग्रेस सभापति समेत रहेका प्रधानमन्त्री देउवाले एमालेका पछिल्ला गतिविधि राष्ट्रहितभन्दा राष्ट्रघातलाई सघाउने किसिमका भएको आरोप लगाए । पत्रकार सम्मेलनमा देउवाले भने 'यदि एमाले साच्चै मधेशको पक्षमा हो र मधेशी जनताको हितमा काम गर्छ भने संविधान संशोधन प्रस्तावमा समर्थन गर्छ । होइन भने ऊ कसरी राष्ट्रवादी ठहरिन्छ ?' उनले एमालेले संविधान संशोधनको विरोध गरेर राष्ट्रघाती र राष्ट्र विखण्डन गर्ने काम गरिरहेको समेत बताए । 'यो संशोधन जनताको पक्षमा छ । जनताको पक्षमा भएको संशोधन पारित गर्न उसले रोकिरहेको छ,' प्रधानमन्त्री देउवाले भने ।

### सडक बनाउने जिम्मा पाएका ठेकेदार पक्राउ

रौतहट । सडक बनाउने जिम्मा पाएका ठेकेदारको लापरबाहीका कारण शनिबार गरूडा नगरपालिकामा चार बालिकाहरूको ज्यान गएको भन्दै ठेकेदार प्रह्लाद साहलाई प्रहरीले पक्राउ



सडकको खाल्डोमा डुबेर मृत्यु भएका चार बालिकाहरूको शव ।

गरेको छ । गत जेठमा दुर्गा निर्माण सेवाले सडक निर्माण गर्ने क्रममा खाल्डो खनेको थियो तर खाल्डो पुरेका थिएन । मृतक बालिकाहरूका आफन्तजनले आइतबार शव सडकमै राखेर प्रदर्शन गरेका थिए । गरूडा नगरपालिकामा खाल्डोमा डुबेर चार बालिकाको ज्यान गएपछि सडक बनाउने जिम्मा पाएको ठेकेदारलाई प्रहरीले पक्राउ गरेको छ । गरूडा नगरपालिकाको कार्यालय अगाडि बाटोमा शव राखेर करिब दुई घण्टा सडक जाम गरेपछि एसपी यज्ञविनोद पोखरेलको पहलमा भएको वार्तामा मृतक परिवारलाई किरियाखर्च वाफत १५ हजार रूपैयाँ दिने र दोषीलाई कारबाहीको प्रक्रिया अघि बढाउने सहमति भएपछि बाटो खुलाइएको थियो ।

### प्रेस क्लब बाँके पुनर्गठन

नेपालगञ्ज । प्रेस क्लब अफ नेपाल बाँके पुनर्गठन गरिएको छ । पत्रकार सावित्री गिरीको अध्यक्षतामा १२ सदस्यीय प्रेस क्लब अफ नेपाल, बाँके (पिसिएन) पुनर्गठन गरिएको हो । क्लबका केन्द्रीय अध्यक्ष यमनाथ घिमिरेको उपस्थितिमा भएको भेलाले पुनर्गठन गरेको बाँके शाखा कार्यसमितिको उपाध्यक्षमा दिनेश ठाकुर, सदस्य-सचिवमा कमला हमाल, सदस्यहरूमा कृष्ण वली, भीष्म लोध, निशु जोशी, प्रेम विश्वकर्मा, स्मृति देवकोटा, देवेन्द्रराज पौडेल, भगतराम थारू, पवित्रा परियार र लक्ष्मी गौडेल निर्वाचित भएका छन् ।

### "नमूना नेपाल" परियोजना सुरू हुने

कैलाली । नमुना नेपाल निर्माण गर्ने घोषणा गरेको धुर्मुसु-सुन्तली फाउण्डेसनले सुदूरपश्चिमबाट नमुना नेपाल परियोजना सुरू गर्ने भएको छ । शनिबार आयोजित पत्रकार सम्मेलनमा चर्चित हास्य कलाकार सीताराम कट्टेल 'धुर्मुस'ले विकासका दृष्टिमा पछि परेको ७ नं प्रदेशबाट 'नमूना नेपाल' परियोजना शुरू गर्न लागिएको जानकारी दिए । धुर्मुस-सुन्तली फाउण्डेशनले यसअघि महोत्तरीको गौशालामा नमुना मुसहर बस्ती निर्माण गरेर हस्तान्तरण गरिसकेका छन् । त्यसपछि उनले नमुना नेपाल निर्माण गर्ने घोषणा गरेका थिए । नेपाल सरकारका सरसफाइ राजदूत कलाकार तथा सामाजिक अभियन्ता धुर्मुसले सकारात्मक सोच अभिवृद्धिका लागि यसपटक सरसफाइ अभियान शुरू गर्न सुदूरपश्चिम ७ नं प्रदेश पुगेको बताए ।

### फोरम नेपालद्वारा सडकखण्ड निर्माण

वीरगन्ज । वीरगन्ज महानगरपालिकाले लापरबाही गरेपछि रानीघाट रामगढवा सडकखण्डको खाल्डो पुर्ने कार्य संघीय समाजवादी फोरम नेपालले गरेको छ । पर्सा जिल्लाको जनताका लागि वीरगन्जको मुख्य प्रवेशद्वारको रूपमा रहेको रानीघाट-रामगढवा सडकखण्डमा गत हफ्ता आएको बाढिपछि सडक भत्किँदा र कटानमा पर्दा उत्पन्न समस्यालाइ मध्यनजर गरी फोरम नेपालले सडकमा भएको खाल्डाहरू पुर्ने कार्य गरेको जिल्ला अध्यक्ष प्रदीप यादवले बताए । विगत एक हप्तादेखि वीरगन्ज र वरिपरि क्षेत्रमा परिरहेको अबिरल बर्षाको कारण सिरिसिया खोलामा आएको बाढीले वीरगन्ज वडा नं २४ रामगढवा स्थित सडकखण्ड भत्के र कटानमा परेपछि स्थानीय जनतालाई समस्या भएको थियो । वीरगन्जको सहरी क्षेत्रलाइ पर्साका विभिन्न गाउँहरूसँग जोड्ने मुख्य सडकको रूपमा विगतको समयमा प्रयोग हुँदै आएको सडक बाढीको पानीले भत्केपछि आवतजावत गर्न समेत समस्या भएको थियो ।

### आन्दोलनमा समाजसेवी साहको समर्थन

राकेश यादव, रौतहट । रौतहटमा जारी रहेको किसानहरूको आन्दोलनप्रति राजदेवी एफ एम् का अध्यक्ष एवं समाजसेवी शम्भू साहले समर्थन जनाउँदै पीडितहरूको माग पूरा गराउनलाई आफ्नो तर्फबाट आवश्यक पहल गर्ने प्रतिवद्धता जनाएका छन् । बर्षाको साथै आएको बाढीमा ज्योति डिस्टिलरीले भण्डारण गरीराखेको विषादीयुक्त पानी मिसाउँदा भएको धानवालीको क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने माग राख्दै स्थानीय सरूअठा, पचरूखी, बडहरवा, झुनखुनवा, जेठरहिया, भेडियाहीका किसानहरू गरिरहेको आन्दोलन जायज रहेको भन्दै समाजसेवी साहले आन्दोलन प्रति ऐक्यवद्धता जनाएका हुन् । संचारकर्मीहरूसँग कुराकानी गर्दै आसन्न तेस्रो चरणका स्थानीय तह निर्वाचनमा गौर नगरपालिकाका मेयरका प्रत्यासी समेत रहेको साहले किसानको माग सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागमा पहल गरी क्षतिपूर्तिका लागि सैकडो प्रयास गर्ने किसानहरूको माझमा विश्वास व्यक्त गरेका छन् ।

### पेट्रोलियम व्यवसायी आन्दोलित

चन्द्रकान्त खनाल, रूपन्देही । पश्चिमाञ्चल पेट्रोलियम व्यवसायीले पेट्रोल तथा डिजल खरिद नगर्ने निर्णय सहित आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका छन् । व्यवसायीका समस्यालाई लिएर पटक-पटक समाधान गरिदिन अनुरोध गरेपनि पछिल्लो समयमा १५ दिनको समयसीमामा यहि साउनको १८ गतेभित्र समस्या समाधान गरिदिने आयल निगमसँग सहमति भएको थियो । सो सहमतिअनुसार आफूहरूका माग सम्बोधन नभएकाले आन्दोलनमा जान बाध्य भएको पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एशोसिएसनका अध्यक्ष प्रेम न्यौपानेले बताए । पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एशोसिएसनले मंगलबार बुटवलमा पत्रकार सम्मेलन गरी यहि साउनको २० गतेदेखि दबाबका लागि पम्पमा कालो झण्डा गाडिएको जानकारी गराएको छ ।

### अनियमित विद्युत कटौतीविरूद्ध प्रदर्शन

धिरेश दत्त, जनकपुरधाम । जनकपुरधामको जानकी चौकस्थित ट्रान्सफर्मर बिग्रिएकाले बिगत १०/१२ दिनदेखि रातिको समयमा विद्युत अवरोध हुँदा स्थानीय यूवा विद्यार्थी तथा नगरवासीहरू सडकमै टायर बालेर प्रदर्शन गरेका छन् । आक्रोसित प्रदर्शनकारीहरू घण्टौंसम्म बाटो अवरूद्ध गरी टायर बालेर प्रदर्शन गरेका छन् । जसले गर्दा घण्टौंसम्म सवारिसाधनहरू अवरूद्ध भएका थिए । यूवा नेता सुशिल कर्णका अनुसार प्रायः रातिको दश बजेपछिको समयमा बिगत १०/१२ दिनदेखि घण्टौं लाईन काट्दै आएको र प्राधिकरणलाई फोन गर्दा कुनै चाँसो नदेखाएकाले बाध्य भएर प्रदर्शन गर्नुपरेको बताए ।

### जिसस संयोजकमा फोरमका श्रीवास्तव

नेपालगन्ज । बाँके जिल्ला समन्वय समितिको संयोजकमा संघीय समाजवादी फोरमका अजय श्रीवास्तव र सह-संयोजकमा नेपाली काँग्रेसका ज्ञानेन्द्रकुमार चौधरी निर्वाचित भएका छन् । निर्वाचनमा नौ सदस्यीय समन्वय समितिमा काँग्रेस, संघीय समाजवादी फोरम, राप्रपा र नेकपा माओवादी केन्द्र गठबन्धनले नेकपा एमालेलाई पाखा लगाउँदै जित हासिल गरेको हो । समितिमा काँग्रेसबाट तीन, फोरमबाट दुई, माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक/एकजना निर्वाचित भएका छन् । निर्वाचन अधिकृतको कार्यालयका अनुसार समितिको महिला सदस्यमा विमलासिंह थारू, निलमसिंह ठकुरानी, जानुका क्षेत्री, अल्पसंख्यकमा नफिस नाउ विजयी भएका छन् ।

### छाडा चौपाया नियन्त्रणमा, छाडा सुगुँर मारिदै

चन्दनकुमार यादव, राजविराज । राजविराज नगरपालिकाभित्र छाडा छोडिएका दर्जनौ चौपाया, सुगुरहरू नियन्त्रणमा लिएको छ । केही दिनदेखि नगरपालिकाले छाडा चौपाया, सुगुर तथा सार्वजनिक वाटोमा फोहोर फाल्नेलाई कारबाही गर्ने थालिएको अभियान अन्तर्गत राजविराजको विभिन्न ठाँउबाट चौपायालाई नियन्त्रणमा लिएको छ । यसैगरी छाडा छाडिएका सुगुरहरू नगरको विभिन्न ठाउँबाट नियन्त्रणमा लिएर मारिदै छ । राजविराज नगरपालिकाले सप्तरी युथ नेपाल र नेपाल प्रहरीको सहयोग लिएर छाडा चौपाया नियन्त्रण गर्न शुरू गरेको छ । सडकमै छाडा छाडिएका गाईवस्तुलाई नियन्त्रणमा लिन थालिएको छ । दुई दिनदेखि थालिएको यो अभियानअन्तर्गत तीन दर्जनभन्दा बढी चौपाया नियन्त्रणमा लिइएको नगरपालिकाले जनाएको छ । चौपाया छाडा छाड्नेसँग पहिलो पटक रू २ सय जरिवाना लिएर आगामी दिनमा छाडा नछाड्ने प्रतिबद्धतासहित चौपाया फिर्ता गर्ने गरिएको राजविराज नगरपालिकाका कार्यकारी अधिकृत उमेश यादवले जानकारी दिए ।

# तिरस्कारपछि मधेशको भविष्य

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३७९



❖ उपेन्द्र झा

**सत्तामा मधेशीलाई राष्ट्राध्यक्ष बनाई दिने, सुख सुविधा दिने तर सत्ता हस्तान्तरण नगर्ने। यिनीहरू आफ्नो वर्गीय सोचमा कुनै परिवर्तन गर्न नचाहने अन्तर्विरोधको मुख्य विषय हो। राजनीतिलाई अग्रगमनको दिशातिर जानबाट रोकेर रूढिवादी परम्परा लाद्न खोज्ने शक्तिहरूको अवसान नहुने त्यस्तो कुनै कारण हुन सक्दैन। अहिले औचित्यहीन देखिने पृथकतावादी शक्ति राज्यको अपमानजनक व्यवहारले भोली महत्वपूर्ण हुन सक्ने सम्भावनालाई नकार्न सकिंदैन।**

मधेशले आफ्नो पहिचान र समान हकको आवाज उठाउनुभन्दा पूर्व राज्यको आन्तरिक औपनिवेशिक शोषण, दमन र राज्यविहीनताको घेराभित्र गुलाम सरहको भेदभाव र उत्पीडन भोगेको २४५ वर्षको इतिहास छ। सामन्ती युगको बर्बर शासनमा मधेशले भोगेको पीडाभन्दा लोकतान्त्रिक सभ्य शासनमा पाएको पीडा किञ्चित फरक नदेखिएकोले मधेश पुनश्च बर्बर युगतिर धकेलिएको प्रष्ट हुन्छ।

मधेशको माँगप्रति शासकवर्गले प्रतिबद्धता देखाएपनि एक दशकको राजनीतिक षडयन्त्रको घेरामा पारि मधेशलाई सीमान्तीकृत बनाउनु ठूलो दुर्भाग्य हो। राज्यविहीताको अवस्थामा राज्यका विभिन्न अंग र तहमा मधेशीको उपस्थिति चाकडी र चापलुसीको प्रतिफल थियो। राज्यको सुविधा पाउन यही एकमात्र बाटो खुला रहेकोले मधेशले यसको भरपूर उपयोग गरे। फलत: मधेशमा चाकडी र चापलुसीको संस्कार द्रूत गतिले विकास भयो। यही कारण मधेशको अधिकार आन्दोलन पछाडि परेको थियो।

विस्तारै मधेशी समाजमा आई रहेको राजनीतक चेतनाले उसको अज्ञानताको अन्धकारलाई चिर्दै आफ्नो अधिकार सुनिश्चित गर्न प्रेरित गर्दै गयो र भीषण आन्दोलनको रूप लियो। भावनात्मक रूपमा शक्ति संचय भई आन्दोलनको रूप त ग्रहण गऱ्यो तर यसले साँगठनिक बलियो आधार तयार गर्न सकेन। राज्यको षडयन्त्र, मधेशको नेतृत्ववर्गको अकर्मण्यताका कारण मधेशले पाएको असफलताले उसलाई चाकडी, चापलुसीको पुरानै संस्कारतिर फर्कायो। नेपाली काँग्रेस, एमालेले ०७० को संविधान सभा चुनावमा मधेशबाट क्रमश: ५५ र ४० सीट जित्नु यसको ठूलो उदाहरण हो।

मधेशको अधिकार आन्दोलनको औचित्यलाई नै समाप्त पार्ने दीर्घकालीन रणनीति तहत राज्य अब मधेशप्रति आक्रामक बनेको हो। मधेशको यावत् समस्या हल गर्न नसक्ने संशोधन प्रस्तावलाई पास गर्न नचाह्ने राज्यको आक्रामक रवैयालाई दर्शाउँदैन ? मधेशमा गैर मधेशी पार्टीको प्रभाव बढ्दै जानुको अर्थ यिनीहरूले मधेश आन्दोलनको औचित्य समाप्त भई रहेको ठानेका छन्। मधेशका दलहरू पनि राज्यसंग भित्री साँठगाँठ गरि स्वार्थसिद्धिमा लागेपछि मधेश मुद्दाप्रतिको उदासीनताबाट यिनी हौसिएका छन्। फेरि मधेशलाई टुक्रा टुक्रा पनि पारिएको छ। समग्र मधेशको एकता खण्डित गरिएको छ। समग्र मधेश एक आवाज उठाउन नसकोस् भनेर यसलाई पहिलाभन्दा एकदमै कमजोर बनाई आवाजविहीन बनाईएको छ। मधेशको वकालत गर्ने पार्टीहरूबीच भिडन्तको अवस्था सृजना गरि दिएको छ। मधेशको अधिकारको आवाजलाई औचित्यहीन सावित गर्न अनेक प्रयत्न गरिएको छ।

मधेशलाई असफल पार्दै पुनश्च चाकडी, चापलुसीको बाटो आत्मसमर्पण गराउने राज्यको अन्तर्निहित धारणालाई पारस्परिक झगडा गर्ने मधेशका दलहरू बुझ्न सकेको छैन वा बुझ पचाएका छन्। यो र त्यो जे कारणले होस् मधेश राजनीतिक अन्योलतातर्फ उन्मुख छ। सफलतामा ज्यान जोगाउन मधेशका दलहरू आफ्नो र पार्टीको अस्तित्वका लागि मात्र चिन्तित छन्। मधेशको अधिकार आन्दोलन अब उनको राजनीति गर्ने सशक्त माध्यम बनेको छ।

मधेश विद्रोह पश्चात् मधेश राजनीतिक रूपले संगठित हुने प्रयास त गऱ्यो तर सशक्त आधार खडा गर्न सकेन। यसमा मूल दोष पार्टीका अध्यक्षहरूको हो। मधेशको अधिकार दिलाउनका लागि संघर्षरत पार्टी नभएर पैसा कमाउने समूहको रूपमा अनेक जातीगत समूहहरू बन्दा मधेशको बन्न लागेको राजनीतिक संगठनलाई ठूलो आघात पुग्यो। फलत: मधेशलाई अधिकार दिलाउन संघर्ष गर्ने पार्टीभन्दा पैसा कमाउनका लागि संघर्ष गर्ने पार्टीको विकास भयो। राज्यले यही पनि चाहेको थियो। राज्यले चाहे अनुसार मधेशका पार्टीहरूले स्वरूप ग्रहण गर्दै बदनाम भए।

भावनात्मक रूपमा राज्यप्रति मधेशको आक्रोश रहेपनि राजनीतिक असफलताले मधेशीहरूलाई यथास्थितिमा पुऱ्याई दिएको छ। सही दिशा निर्देशनको अभावमा राजनीतिक अराजकता त्यसै पनि फैलिएको छ। पराजित मानसिकताले राजनीतिमा अराजक अवस्था सृजना भएदेखि अहिले मधेशका नेतृत्ववर्ग ऊल जलूल निर्णय लिंदै अगाडि बढि रहेका छन्। ससफो बिना शर्त चुनावमा भाग लिएका छन् भने ६ पार्टी मिलेर बनेको राजपा संशोधन प्रस्ताव पास गराउने अडानमा चुनावभन्दा बाहिर देखिएका छन्। दुबै दुई धारमा रहेकोले पारस्परिक गाली गलौजको राजनीतिले प्रश्रय पाएका छन्।

श्रावण २१ गतेदेखि चलि रहेको राजपा केन्द्रीय समितिको ४ दिने बैठकले आफ्नो पूर्ववत् अडान कायम राखी संघर्षमा जाने निर्णय गरेको छ। राजपा चुनावमा भाग नलिए समाप्त हुने तर्क पनि ठूलो स्वरमा उठेको थियो। यथास्थितिवादीको ठूलो जमात भर्खरै मधेशको अधिकार दिलाउन क्रान्तिकारी छवि बनाउन जन्मेको राजपाले "यथास्थितिमा चुनावमा भाग नलिने" निर्णय गरेर मर्न लागेको मधेशको क्रान्तिकारी धारलाई तिख्खर बनाएको छ। मधेशलाई सही नेतृत्व दिने राजपाको संघर्षशील छविलाई बदनाम गरि समाप्त पार्ने भित्र बाहिरका षडयन्त्रकारीको पराजयले मधेश गौरवान्वित भएको छ। सरकारको वर्गीय चरित्र कति लोकतान्त्रिक छ, उजागर गर्न, संसार समक्ष मधेशको संघर्षको औचित्यलाई पुष्टि गर्न तथा मधेशको संघर्षशील शक्तिलाई संगठित गर्न पनि जन अपेक्षा अनुसार राजपाको निर्णय स्वागत योग्य छ।

चुनाव मधेश समस्याको निदान होईन। मधेशमा उठेको आवाजलाई नसुन्ने नेपालमा कुन खाले लोकतान्त्रिक सरकार हो यसको पनि स्पष्ट परिभाषा हुन आवश्यक छ। सरकारको कठमुल्लापनलाई पनि नाँगेझार गर्न आवश्यक छ। आफ्नो अधिकारका लागि सयकडौं मधेशी सपूतहरू शहादत दिंदा दुई चारवटा आँप झरेको भनेर मधेशप्रतिको घृणात्मक व्यवहारलाई मधेशले बिर्सेको छैन। पहाडी र मधेशीबीच पारिएको चिराको नतिजा पनि राज्यपक्षले भोग्नु पर्दछ। चुनावमा भाग नलिंदा राजपा समाप्त हुने, कमजोर हुने आकलन गर्नु यथास्थितिवादी सोच हो। आफ्नो क्रान्तिकारी विचारप्रति अडिग रहनु राजपाको जीत हो। सत्यको पक्षमा वकालत गर्ने एकछिनको लागि कमजोर होला, तर जीत भने सत्य कै हुन्छ।

मधेशमा उठेको अधिकारवादी आन्दोलनलाई जति धकेलिए पनि उसको स्वर दबिने कुरा सोच्नु दिवास्वप्न नै हो। मधेशका पार्टीहरूको क्रियाकलाप त छँदैछ, युवाहरू पनि बडो सक्रियताका साथ मधेशको अधिकारबारे वकालत गर्न कतिपय मञ्चहरू निर्माण हुन लागेका छन्। पार्टीहरू अधिकारका लागि निस्तेज हुन लाग्दा यी मञ्चहरू अगाडि आएका छन्। मधेशमा राजनीतिक चेतनाको विकास यति मात्रामा भएको छ कि सरकारले यो आवाज बन्द गर्ने प्रयासमा दिनानुदिन चुनौतीहरू नै थपिदै गएको देखिन्छ। मधेशका अधिकारकर्मीहरू, पत्रकारहरू जति बिके पनि आवाज उठाउने पनि जन्मिदै गएको छ।

मधेशलाई टुक्रा पारेर साना साना मधेशमाथि राज्यको रजाईं थोपर्ने मनसाय बिल्कुल न्यायोचित छैन। यही मधेशमा शान्तिपूर्ण ढंगले नेपालको नक्शाभित्र मधेशलाई अधिकार सम्पन्न बनाउने एकथरि सशक्त विचार छ भने खसवर्गीय अनन्त शासनमा नबस्ने भनेर मधेशलाई विभाजन गर्ने अर्को (१. शान्तिपूर्ण आन्दोलन गर्ने समूह र २. सशस्त्र समूह) शक्ति पनि अभ्यासरत छन्। मधेशमा अधिकारकर्मीको यति धेरै अभ्यास शुरू हुनु नेपालमा लोकतान्त्रि चरित्रमा रूपान्तरण हुन नसक्ने सामन्ती शासनको झझल्को यसै पनि हेर्न सकिन्छ। जाबो संशोधन प्रस्तावको बारेमा अमेरिकी राजदूतले एमाले अध्यक्ष केपी शर्मा ओलीसंग पास नगर्ने कारण सोध्दा निरूत्तर हुनु लोकतान्त्रिक चरित्र नै होईन भन्ने कुरा अमेरिकी राजदूतले सजिलै बुझे।

नेपालमा खसवर्गीय केन्द्रीकृत राज्यसत्तालाई टिकाउन अनेक दर्शनको माध्यमबाट षड्यन्त्र गरिएको इतिहास छ। कहिले पंचायती प्रजातन्त्र त कहिले वैधानिक राजतन्त्र, कहिले प्रजातन्त्र त कहिले लोकतन्त्र, अब अहिले गणतन्त्र भनेर वर्गीय सत्ताको नयाँ दुर्ग बनाईएको छ। सत्तामा मधेशीलाई राष्ट्राध्यक्ष बनाई दिने, सुख सुविधा दिने तर सत्ता हस्तान्तरण नगर्ने। यिनीहरू आफ्नो वर्गीय सोचमा कुनै परिवर्तन गर्न नचाहने अन्तर्विरोधको मुख्य विषय हो। राजनीतिलाई अग्रगमनको दिशातिर जानबाट रोकेर रूढिवादी परम्परा लाद्न खोज्ने शक्तिहरूको अवसान नहुने त्यस्तो कुनै कारण हुन सक्दैन। अहिले औचित्यहीन देखिने पृथकतावादी शक्ति राज्यको अपमानजनक व्यवहारले भोली महत्वपूर्ण हुन सक्ने सम्भावनालाई नकार्न सकिंदैन। सत्ता संचालक शीर्ष तीनवटै दलहरूको मधेशप्रतिको रूखो व्यवहारबाट भोली अलगावको आँधी नआउला भन्न सकिन्न।

नेपालका शासकहरूले अहिलेको परिवेशमा नेपालको राजनीतिलाई सामान्य ठानेका छन्। दक्षिण एशियामा विकसित भई रहेको चीन र भारतबीचको तनावको स्थिति निश्चय पनि नेपालको अन्दरूनी समस्यालाई प्रभावित गर्छ र सो बेला आन्तरिक समस्या शक्तिकेन्द्रको चासोको विषय हुन जान्छ। आउने चुनौतीको कल्पना समेत नगर्ने यी दलहरूको मधेशप्रतिको निरंकूशता यसै बरकरार रह्यो भने यो वर्गको हितमा भएपनि देशको हितमा अवश्य पनि रहँदैन। अरूलाई विधीको शासनको पाठ पढाउने दलहरू मधेश मामिलामा कति कानून विपरित कार्यहरू गरे, त्यसको लेखाजोखा छैन। भूतकाल र वर्तमानमा राजनीति मुक्त शासकहरू पनि कानून उल्लंघनको मुद्दामा जेल बस्न बाध्य भएको ऐतिहासिक घटनाहरू छन्। यहाँ राजनीति गर्नेहरूलाई कानून नै लाग्दैन भन्ने मान्यता राख्नेहरू आफैबाट लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित व्यवहारको शुरूवात गरेर देखाउनु पऱ्यो। आफ्नो चरित्रबाट लोकप्रियता हासिल गरेर देखाउनु पऱ्यो।

क्रमश:

janukjha24@gmail.com

## संक्षिप्त समाचार

### विराटनगरमा "जनवेदना सम्मेलन" हुने

विराटनगर। मुस्लिम समुदायका हक हित, अधिकार र विकासको क्षेत्रमा आवाजलाई निरन्तरता दिने उद्देश्यले राष्ट्रीय मुस्लिम जनाधिकार मंचले यही साउन ३२ गते जन वेदना सम्मेलन कार्यक्रमको आयोजना गर्न गईरहेका छन्। ३२ गते बुधवार दिउंसो १२:३० बजे बिराटनगरको बुधहाटचोक मेनरोडमा हुने वृहत कार्यक्रममा राष्ट्रिय मुस्लिम जनाधिकार मंचका अध्यक्ष सलीम अन्सारीले उक्त कार्यक्रममा उपस्थितका लागि सबैमा हार्दिक अनुरोध गरेका छन्।

### स्कुटरको ठक्करबाट एकको मृत्यु

मोरङ। शनिश्चरे नगरपालिका-२ जय चोकमा को.१७ प ८७४४ नम्बरको स्कुटरले सोही ठाउँ बस्ने पैदलयात्री ५० वर्षीय टंकबहादुर रम्तेललाई ठक्कर दिंदा गम्भीर घाइते भएकाले उपचारको लागि न्यूरो अस्पताल बिराटनगर लैजाने क्रममा आइतबार बाटोमै मृत्यु भएको छ। स्कुटर चालक जाते-८ बस्ने २२ वर्षीय मिराक चेम्जोङ र स्कुटर पछाडि सवार ३० वर्षीय डेबिड मगरलाई स्कुटर सहित प्रहरीले नियन्त्रणमा लिएको छ।

### ट्रकको ठक्करबाट बालकको मृत्यु

बाँके। राप्ती सोनारी गाँउपालिका-१ लौकीमा ना.३ ख ९०३१ नम्बरको ट्रकले सोही ठाउँ बस्ने १० वर्षीय कपिल बिकलाई आइतबार ठक्कर दिई गम्भीर घाइते बनाएकाले मेडिकल कलेज कोहलपुर पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटना पश्चात् फरार भएका ट्रक चालक कंचनपुर पुर्नबास नगरपालिकाका ४५ वर्षीय रतन कार्कीलाई स्थानियले कुटपिट गर्दा गम्भीर घाइते भएकाले उपचारको लागि मेडिकल कलेज कोहलपुर पठाइएको छ। कार्कीलाई कुटपिट गर्ने सोही ठाउँका २ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### लाखभन्दा बढीको धनमाल चोरी

धनुषा। जनकपुर उपमहानगरपालिका-२४ दक्षिणकाली मन्दिर नजिक बस्ने संजय दासको घरबाट नगदसहित करिब तीन लाखभन्दा बढीको धनमाल चोरी भएको छ। नगद १ लाख ४५ हजार रूपैयाँ र सुनको डेढ तोलाको गहना गरी करीब ३ लाख रूपैयाँ बराबरको धनमाल सोमबार चोरी भएको छ। फरार चोरहरूको स्थानीय प्रहरीले खोजतलास गरिरहेको छ।

### खोलामा डुबेर बालक बेपत्ता

कैलाली। गौरीगंगा नगरपालिका-४ खुलखुलियास्थित गौरीगंगा खोलामा पौडी खेलिरहेका सोही ठाउँ बस्ने जयराज जोशीको १४ वर्षीय छोरा गणेश जोशी खोलामा डुबेर बेपत्ता भएका छन्। उनीसँगै डुबेका १७ वर्षीय चन्द्रबहादुर साउदलाई खोजी गर्ने क्रममा बेहोश अवस्थामा फेला पारी उपचारको लागि स्थानिय मेडिकल राजीपुर पठाइएको छ। वेपत्ता भएका दुबैजनाको स्थानीय प्रहरीले खोजी कार्य जारी राखेको छ।

### मोटरसाइकलको ठक्करबाट महिलाको मृत्यु

मोरङ। रंगेली नगरपालिका-२ मंगलबारेस्थित सडकमा को.२८ प ७९० नम्बरको मोटरसाइकलको ठक्करबाट सोही ठाउँ बस्ने पैदलयात्री ६५ वर्षीया सोनी ऋषिदेवको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको कोशी अंचल अस्पताल बिराटनगरमा उपचार भइरहेकोमा घाइतेको अवस्था सामान्य रहेको भन्दै चालकले आफुखुशी रंगेली अस्पताल लगी उपचार गराउने क्रममा आइतबार उनको मृत्यु भएको हो। हाल फरार रहेका चालकको प्रहरीले खोजी गरिरहेको छ।

### करेन्ट लागेर एक जनाको मृत्यु

रौतहट। रौतहट जिल्लाको मौलपुर गाउँपालिकामा बिजुलीको करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। खेतमा पानी पटाउन जडान गरिएको विद्युतीय मोटरमा तार जोड्न गएका बेला करेन्ट लाग्दा स्थानीय वार्ड नंबर ४ निवासी ५५ वर्षीय बुधन राय यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

### करेन्ट लागेर मृत्यु

मोरङ। सिटी सफारीको ब्याट्री चार्ज गर्ने क्रममा करेन्ट लाग्दा गम्भीर घाइते भएका सुन्दरहरैचा नगरपालिका-४ बाँसवारी डेरा गरी बस्ने होक्लावारी-४ का ३२ वर्षीय प्रकाश थापाको धरान घोपामा उपचारको क्रममा आइतबार मृत्यु भएको छ।

### घरको छतबाट खसेर बृद्धको मृत्यु

रूपन्देही। घरको छतबाट खसेर एक वृद्धको मृत्यु भएको छ। सिद्धार्थ नगरपालिका-९ उदयपुर बस्ने ७५ बर्षीय कन्हैया लाल यादव बुधबार आफ्नै घरको छतबाट खसेर मृत्यु भएको छ। खसेर गम्भीर घाइते भएकाले मेडिकल कलेज भैरहवा लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

### मोटरसाइकलबाट लडेर महिलाको मृत्यु

सिरहा। अर्नामा गाउँपालिका-३ स्थित भित्री सडकमा स.७ प ५७२४ नम्बरको मोटरसाइकलबाट सोमबार एक्कासि लडेर गम्भीर घाइते भएकी मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने ६० वर्षीया सुर्जादेवी यादबको उपचारको लागि सप्तऋषि अस्पताल लहानतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको छ। मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### उपचारको क्रममा कैदीको मृत्यु

झापा। झापा कारागारमा २०७२ जेठ ७ गतेदेखि लागूऔषध मुद्धामा कैद भुक्तान गरिरहेकी झापाकै शनिअर्जुन नगरपालिका-३ बस्ने ५७ वर्षीया तारा ऋषिदेवको मेची अंचल अस्पताल भद्रपुरमा उपचारको क्रममा मंगलबार मृत्यु भएको छ। मुटु दुख्ने बिमारी भएपछि उनलाई उपचारको लागि साउन २१ गते उक्त अस्पताल लगिएको थियो।

### डुबेर बालकको मृत्यु

रौतहट। परोह गाउँपालिका-८ रामपुर खाँप बस्ने सबिर मिया धोबीको छोरा ३ वर्षीय शाहिद मिया धोबीको मंगलबार डुबेर मृत्यु भएको छ। सोही ठाउँस्थित खेतमा जमेको पानीमा खेल्ने क्रममा डुबेका बालकलाई तत्काल उद्धार गरी उपचारको लागि भारततर्फ लैजाने क्रममा बाटोमै उनको मृत्यु भएको हो।

## स्वास्थ्य शिविर सञ्चालन



स्वास्थ्य शिविरमा उपचार गराउँदै।

विराटनगर। बृहत मधेशी नागरिक समाज केन्द्रीय कार्यालय मोरङले स्पर्श चिकित्सा शिविर संचालन गरेको छ। सो शिविर विराटनगर महानगरपालिकाको शीतल धर्मशालामा १० दिनसम्म संचालन हुने शिविर आइतबार विधिवत् रूपमा सुरू भएको छ। एक्युप्रेशर रिसर्च एण्ड ट्रीटमेन्ट इन्टीयुट जोधपुर (राजस्थान), भारत रेकी, एक्यूप्रेशर एवं सुजोक पद्धती द्धारा लक्ष्मी नरायण स्वामी सुजोक एवं रेकी मास्टर, डा. अभिजित (एक्यूप्रेशर एवं रेकी मास्टर, ईशुपाल सिंह भुल्लर (एक्यूप्रेशर एवं रेकी मास्टर) र अरविन्द कुमार अभिजित (सुजोक एवं रेकी मास्टर) ले स्पर्श विधिबाट विरामीहरूको उपचार गर्नेछन्। उक्त शिविरमा सुगर, दमा, कब्जीयत, गठिया, गैस्टीक, लक्वा श्वास प्रस्वास, पोलियो, तनाव, अनिन्द्रा, पथरी, बाबासीर, ब्लड प्रेशर, माईग्रेन, कमर दर्द, साइटिका, टाउको दुखाई, चक्कर आउने, मोटापना, जोडहरूको दुखाई, सवाईकर, मुखको दाग, आँखाको कमजोरी आदी विरामीहरूको उपचार गरिनेछ। सो शिविर श्रावण ३१ गते सम्म संचाल हुनेछ। शिविर उद्घाटन सत्रका प्रमुख अतिथि शीतल धर्मशालाका अध्यक्ष तथा समाजसेवी भगवान लाल साहले पुरातन सभ्यतामा विना औषधी खाएर पनि मान्छे धेरै दिनसम्म बाँचेका थिए तर अहिलेको आधुनिक चिकित्सा भएपनि मान्छे चाडै मर्दछन्। त्यसैले विना औषधीको स्पर्श चिकित्साले खर्चपनि कम हुने र रोग पनि जरावाट हट्ने भएकाले यसमा सबैलाई सहभागी हुन आह्वान गरेका थिए। त्यसैगरी, लक्ष्मी नारायण स्वामी, मधेशी पत्रकार समाजका अध्यक्ष श्याम सुन्दर सुतिहार, महिला नागरिक समाजका अध्यक्ष आशा झाले शिविरको सफलताको शुभकामना दिएका थिए। सो शिविर बृहत मधेशी नागरिक समाजका अध्यक्ष सुर्यनाथ प्रसाथ सिंहको अध्यक्षतामा संचालन भइरहेको छ।

## संघद्वारा बधाई तथा शुभकामना




पाल्पा। नेपाल-भारत मैत्री संघ जिल्ला शाखा पाल्पाले स्थानीय तहको निर्वाचनमा विजयी मैत्री संघमा आबद्ध आजीवन सदस्यहरूलाई बधाई तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ। संघका जिल्ला शाखा अध्यक्ष कृष्णप्रसाद श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख आतिथ्यता संघका केन्द्रीय सदस्य धानिश्वर बस्यालले गरेका थिए। मैत्री संघको कार्यालय बिशालबजारमा भएको सम्मान कार्यक्रममा केन्द्रीय सदस्य धानिश्वर बस्यालले बगनासकाली गाउँपालिकाको अध्यक्षमा निर्वाचित मैत्री संघका जिल्ला शाखाका उपाध्यक्ष कृष्ण प्रसाद बस्याल, रामपुर नगरपालिका वडा नम्बर १ का वडाध्यक्षमा निर्वाचित आजीवन सदस्य मित्रलाल कडेंल, निस्दि गाउँपालिका ५ गल्धाका वडा सदस्य निर्वाचित दुर्गा बहादुर सोमैलाई ढाकाको खादा तथा अविर लगाई बधाईका साथ सम्मान गरेका थिए। मैत्री संघको १०औं बैठकका अवसरमा भएको सम्मान कार्यक्रममा बोल्दै संघका केन्द्रीय सदस्य धानिश्वर बस्यालले नेपाल-भारत मैत्री संघले पर्यटनलाई प्राथमिकता दिएर नेपालमा कार्यक्रम गर्न लागेकोले पाल्पाको रानीमहल, रूरू क्षेत्रलाई जोडेर पाल्पामा कार्यक्रम ल्याए समग्र पाल्पालीको हितमा हुने बताए। साथै मैत्री संघको केन्द्रीय कार्यालयले मासिक बुलेटिन प्रशासन गर्न थालेको कुरा समेत जानकारी गराएका थिए। कार्यक्रमको सञ्चालन सचिव नारायण कार्कीले गरेका थिए।

देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो। यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व परिवेश

## लाहौरमाथिको आतंकपूर्ण आक्रमणले पाकिस्तानी सेनाको गर्वलाई असत्य पारी दिएको छ ?



यस वर्ष लाहौरमाथि भएको चौथो घोर दुःखद आक्रमण लाहौर र पाकिस्तानको जनताका लागि ठूलो दुर्घटनाको एक साताभित्र नै पाकिस्तानी सेनाले त्यसलाई आदिवासी क्षेत्रमा रहेका आतंकवादी विरूद्धको अर्को कारवाईको दावी गर्नुबाट पाकिस्तानी सेनाले वर्षौंदेखि पाकिस्तानका जनतासँग विश्वलाई समेत धोका दिदै आएको कुरा पुष्टि हुन आएको छ । प्रख्यात पत्रकार जहिद हुसैनले लाहौर आक्रमण सम्बन्धमा 'डाँन' पत्रिकाको फरवरी, २०१७ को अंकमा प्रकाशित एक लेख मार्फत यो स्पष्ट रूपमा सार्वजनिक गर्नु भएको छ कि पाकिस्तानी सेनाका जनरलहरू लगायत धोकेबाज राजनीतिज्ञहरूले कुनै परिवर्तन नगरे पनि अझसम्म झुठो दावी मात्र गर्दै पाकिस्तानी जनता र विश्वलाई समेत ठग्दै र धोका दिँदै आएका छन् भने तथ्य यो छ कि उग्रवादी तत्वहरू अफगानिस्तान सीमा पार गरेर र देशभित्रबाट समेत आक्रमण गर्दै आएको छ । सबभन्दा पहिल्लो आक्रमणबाट यो स्पष्ट देखिन आएको छ कि उग्रवादी संगठनहरू राज्यले बेवास्ता गरेको कारण पुनसंगठित भै अपेक्षा गरे विपरीत झन आक्रमणकारी गतिविधिहरू तीव्ररूपले संचालित गर्दै आएकाछन् ? क्वेटा अस्पतालमाथि अगरन २०१६ मा आतंकबादीहरूले बम आक्रमण गरेर झण्डैले सबै वरिष्ठ अधिवक्ताहरूलाई समाप्त पारी दिए पछि न्यायाधीश काजीफैज इसा कमीशन गर्रिएको थियो , जसले आफ्ना प्रतिवेदनमा संघिय सरकारले प्रतिबन्धित आतंकवादी र अतिवादी संगठनहरू सम्बन्धमा कुनै चासो नलिएको कारण त्यस्तो दुर्घटना भएको स्पष्ट आरोप आफ्नो प्रतिवेदन मार्फत स्पष्ट पारेको सम्बन्धमा समेत पत्रकार जाहिद हुसैनले आफ्नो लेखमा दोहोऱ्याएका छन ।

वर्षौंदेखिको विभिन्न प्रतिवेदनहरूका आधारमा हुसैनले लेखेका छन् कि संघिय र प्रान्तीय सरकारले चुनौतिलाई अस्वीकार गर्दै आए तापनी पंजाव प्रान्त तीव्र उग्रवाद सँगै प्रतिबन्धित आतंकवादी संगठनहरू स्वतन्त्रतापूर्वक आतंकवादी गतिविधीहरूको संचालन केन्द्र रहेको छ । सबभन्दा खतरनाक कुरो प्रान्तीय सरकारको बेवास्तापूर्ण दृष्टिकोण ठुलो खतराको परिचय छ । पाकिस्तानी सेनाले पाकिस्तानी जनताको रक्षक हुने दावी गर्दै आए तापनि यो प्राय : सर्ववंदित नै छ सेनाकै संरक्षकमा आतंकवादीहरू पंजावमा स्वतन्त्ररूपले आफ्ना सहयोगीहरू नियुक्त गर्ने, चन्दा संकलन गर्ने लगायतका अन्य विध्वंसक गतिविधिहरू संचालित गर्दै आएका छन् । यो त्यही सेना हो जो हरेक ठुलो आक्रमण पश्चात कुखुरा जस्तै टाउको निहुराएर चारैतिर घुम्दै सबै आतंकवादीहरूलाई समाप्त पार्ने दावी गर्दै आएको छ भने सेनाका जनरलहरू खाकी वर्दी लगाएर घुम्दै जनतालाई पटक–पटक मूर्ख बनाउदै आएका छन् । यसवर्षको मध्य जुलाईमा सेनाले 'औपरेशन खिवर ४' संचालन गर्ने निहुँमा आतंकवादीलाई समाप्त पार्ने निहुँमा बलोचिस्तानको आदिवासी क्षेत्रहरूमा अज्ञात व्यक्तिहरूलाई हत्या गरेर बलोचको जनतालाई गोली हान्ने र मार्ने नीति लिएको छ ?

पाकिस्तानी सेनाका जेनरलहरूलाई सोध्नु पर्ने प्रश्न यस प्रकार रहेकोछ – 'के तिनीहरूले संचालन गरेका कारवाहीहरूले' आतंकवादीहरूलाई अलिकति पनि प्रभावित पारेको छ त ? लाहौरमाथि पटक–पटक आक्रमणबाट स्पष्ट हुन आएको छ कि जेनरलहरूले आतंकवादीहरूलाई पराजित गरेको दावी झुठो रहेको छ ? सेना र अर्को सुरक्षा निकायहरूले पंजावबाट हजारौं उग्रवादीहरू गिरफ्तार गरिएको दावी गर्दै आएका छन् तर त्यस मध्येका एक जना पनि नत जेनरलहरूद्धारा संचालित अदालतहरूमा नै प्रस्तुत गरिएका छन् नत अन्य कुनै कानूनी अदालतबाट दण्डित गरिएका छन् ? बरू पाकिस्तानी संचारमाध्यमहरूले सार्वजनिक गरेको गुप्तचरहरूको प्रतिवेदन अनुसार सुरक्षा निकायहरू तथा जेनरलहरूले विश्वव्यापी आतंकवादी संगठनहरू लश्कर–ए–तैयबा र इस्लामिक स्टेट जस्ता संगठनहरूका सदस्यहरू र उग्रवादीहरूलाई लुकाउँदै गरेका संभावनालाई इन्कार गर्न सकिन्न ? सेनाले त्यसको संभावनालाई अस्विकार गर्दै आए तापनि संचार माध्यमहरूका प्रतिवेदन अनुसार पाकिस्तानमा आतंकवादी आक्रमणहरूसँगै आई.एस. ( इस्लामिक स्टेट) को गतिविधि बढ्दै गएको छ ?

पाकिस्तानको मुटुमा बढ्दो आतंकवादी आक्रमणलाई अन्तत : जेनरलहरूले स्वीकार गरेर त्यसलाई 'औपरेशन खिबर ४' को संचालनको प्रतिफल भन्न थालेका छन् ? तथ्य यो पनि छ कि तहरीक–ए–तालिवान पाकिस्तान र अन्य थुप्रै त्यस्ता आतंकवादी संगठनहरू पंजाबमा सक्रिय रहेका छन र तिनीहरू मध्ये प्राय : सबैको इस्लामिक स्टेटसँग सक्रिय संलग्नता रहेको प्रशस्त प्रमाणहरू फेला परेका छन् र देखिएका पनि छन ? जेनरलहरूले आफ्नो रणनीतिक स्वरूपको जस्तो प्रतिरक्षात्मक क्षेत्र दावी गरे पनि आदिवासी क्षेत्रहरूमा हक्कानी संगठन तथा लस्कर–ए–तैयबा सँगै जमात–उद–दावाले संयुक्त रूपमा पंजाबमा तथा अन्य अतिवादी संगठनहरूले बलोच तथा पख्तुनका निर्दोष व्यक्तिहरूको हत्या गर्दै आएका छन ? वास्तवमा भन्ने हो भने पाकिस्तानको दक्षिण पंजाब 'लस्कर–ए–तैयबा र जमात–उद–दावा' को मूल क्षेत्रसँगै हजारौं उग्रवादी संगठनहरूको दशकौं पूर्वदेखि आश्रयस्थल रहि त्यस क्षेत्रमा इस्लामिक स्टेटको गतिविधि तथा क्रियाकलापहरूलाई सशक्त पार्दै आएको छ ? लाहौरको आक्रमणमा हजारौं निर्दोष मानिसको मृत्यु सँगै पाकिस्तानी जनतासमेतको मृत्युबाट स्पष्ट हुन आएको छ कि जेनरलहरले शासनको निरन्तरता बनाई राख्न पाकिस्तानी जनतालाई सुरक्षा प्रदान गर्नुको साटो त्यस्ता जघन्य अपराधिक खेल खेल्दै आएका छन् ? – *एजेन्सीहरूको सहयोगमा*

## आतङ्ककारी आक्रमण चार सैनिकको मृत्यु

पाकिस्तान । उत्तरपश्चिमी पाकिस्तानमा बुधबार बिहान सबेरै भएको दोहोरो गोली हानाहानमा परी एक वरिष्ठ सैनिक अधिकारीलगात चारको मृत्यु भएको छ। खैबर पाख्तुनख्वा प्रान्तमा लुकेर बसेका तालिवान आतङ्ककारीहरू लक्षित जारी सुरक्षा कारबाहीको क्रममा सुरक्षाबल र आतङ्ककारीबीच भएको झडपको क्रममा चार सैनिकको मृत्यु भएको छ। सुरक्षा कारबाहीमा संलग्न सुरक्षा समूहमाथि आतङककारी समूहले सुरू गरेको गोली प्रहारपछि झडप सुरू भएको थियो। त्यहाँ रहेका दुई आत्मघाती आक्रमणकारीमा एक भने आफै गरेको आत्मघाती आक्रमणमा मारिएका छन भने अर्को एक भने दोहोरो गोली प्रहारका क्रममा सुरक्षा अधिकारीले प्रहार गरेको गोली लागेर मृत्यु भएको थियो । यस आतङ्ककारी आक्रमण एक वरिष्ठ अधिकारीसहित चार सैनिकले ज्यान गुमाएका सैनिक स्रोतले जानकारी दिएको छ। यस आक्रमणको कुनै पनि आतङ्ककारी समूहले जिम्मा भने लिएका छैनन् । खैवर पाख्तुनख्वा प्रान्तको दिर जिल्लामा तेहरिक ई तालिवान पाकिस्तानको पहिलैदेखि नै सक्रिय रहदै आएको पाइन्छ । यद्यपी अफगानिस्तानको सीमा क्षेत्रमा रहेको यो इलाका सुरक्षा अधिकारीहरूले जारी राखेको कारबाहीको क्रममा आतङ्ककारीहरू सङ्ख्या घैरै कम भएको छ ।

## चीनमा ६.३ म्यागिनच्युडको भूकम्प, १९ जनाको मृत्यु

चीन । चीनको दक्षिणपश्चिमी क्षेत्रमा ६.३ म्याग्निच्युडको भूकम्प गएको छ। सो भूकम्पमा परी मृत्यु हुनेहरूको सङ्ख्या बढी रहेको छ। यो समाचार तयार पार्दा सम्म कम्तीमा १९ जनाको मृत्यु भएको र अरू २४७ जना घाइते भएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ। घाइते मध्ये ४० जनाको अवस्था गम्भीर रहेको पनि समाचारमा उल्लेख छ। पर्यटकीय नगरका रूपमा प्रख्यात रहेको दक्षिणपश्चिमी चीनको सिचुयान प्रान्तको जिउजाइगुउ अति नै प्रभावित हुने गरी मङ्गलबार राती सात म्याग्नीच्युडको शक्तिशाली भूकम्प आएको अधिकारीहरूले बुधबार बताएका छन्। स्थानीय समयानुसार मङ्गलबार साँझ ९:१९ बजे आएको भूकम्पको केन्द्रविन्दु जिउजाइगुउ ग्रामीण इलाकाको २० किलोमिटर गहिराईमा रहेको भूकम्प सम्वन्धी चिनिया निकायले जनाइएको छ। मंगलबार रातिदेखि २४ घन्टायता दुई वटा शक्तिशाली भूकम्पको धक्का महसुश गरिएको अधिकारीहरूले जानकारी दिएका छन्। यसपछि पनि ६.३ म्याग्नीच्युडको शक्तिशाली भूकम्पमा अएको छ। यस भूकम्पको केन्द्रविन्दु सीनजियाङ्ग प्रान्तको काजकिस्तानको सीमा इलाका नजिकै रहेको जनाइएको छ।

# पत्रपत्रिकाबाट...

## साना विकास कार्यक्रम सम्बन्धी सम्झौता अन्त्य



काठमाडौं । भारतीय दूतावाससमार्फत् साना विकास परियोजनामा भारतले गर्ने लगानी अब रोकिने भएको छ । भारतीय दूतावासले नेपालमा आफैं योजना छानेर पाँच करोडसम्म खर्च गर्न पाउने सम्झौता नवीकरण नभएपछि भारतीय लगानी रोकिने भएको हो । अर्थ मन्त्रालयले सम्झौता तत्काल नवीकरण नगर्ने व्यहोराको पत्र भारतीय दूतावासलाई पठाइसकेको छ। दूतावासले गत अगस्ट ५ मा साना विकास परियोजना (एसडिपी)को म्याद सकिनु अगावै सम्झौता नवीकरण गर्न मन्त्रालयलाई पत्र पठाएको थियो । पत्रको जवाफमा मन्त्रालयले नेपाल संघीय संरचनामा गइसकेको र जिल्ला र गाउँ तहमा सञ्चालन हुने यस्ता परियोजनामा वैदेशिक लगानी कसरी लिने भन्ने कानुन बनिनसकेकाले तत्काल सम्झौता नवीकरण गर्ने अवस्था नभएको व्यहोराको पत्र दूतावासलाई पठाएको छ ।

परियोजना अन्तर्गत लगानी गर्दा दूतावासले जिल्ला विकास समितिसँग समन्वय गर्ने गर्थ्यो ।साविकका जिल्ला विकास समिति खारेज भइसकेकाले दूतावासको पैसा कुन संयन्त्रमार्फत खर्च गर्ने र स्थानीय सरकारसँग कसरी समन्वय गर्ने कुराको टुंगो नभएकाले सम्झौता नवीकरण गर्न नसकिएको मन्त्रालयको भनाइ छ। दूतावासले साझै खर्च गर्न पाउने यो सम्झौता तीन/तीन वर्षमा नवीकरण गर्नु पर्ने प्रावधान थियो । यसअघि ४ चोटी सम्झौता नवीकरण भएको थियो । पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाको पालामा २०६० सालमा भारतीय दूतावासले नेपालमा आफैं योजना छानेर लगानी गर्ने सम्झौता भएको हो। सुरूमा तीन करोडसम्म लगानी गर्न पाउने सम्झौता भए पनि तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईको पालामा सम्झौता नवीकरण हुँदा रकम बढाएर पाँच करोड पुऱ्याइएको थियो । यो सम्झौता अन्तर्गत भारतले विद्यालय, स्वास्थ्य चौकी, ग्रामीण सडक लगायतका ५ सय बढी योजनामा अर्बौं रूपैयाँ खर्च गरेको छ ।

## चेम्बर र भारतीय व्यापार महासभाबीच हस्ताक्षर

काठमाडौं। नेपाल चेम्वर अफ कमर्स र भारतस्थित अखिल भारतीय व्यापार महासभाबीच बुधबार राजधानीमा एक कार्यक्रमबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ। समझदारीपत्रमा नेपाल चेम्वर अफ कमर्सका तर्फबाट अध्यक्ष राजेशकाजी श्रेष्ठ र अखिल भारतीय व्यापार महासभाका तर्फबाट अध्यक्ष सञ्जय अग्रवालले हस्ताक्षर गरेका छन्। दुईपक्षीय व्यापार अभिबृद्धिका लागि समझदारीमा हस्ताक्षर गरिएको हो। हस्ताक्षर कार्यक्रममा चेम्वरका अध्यक्ष श्रेष्ठले समझदारीपत्रमा हस्ताक्षरपछि नेपाल र भारत दुई देशबीच सम्बन्ध अझ बढी प्रगाढ हुने विश्वास व्यक्त गरेका थिए। नेपाल र भारतबीच संयुक्त व्यवसाय प्रबर्द्धनका लागि आफुहरू तयार रहेको उनले बताए। कार्यक्रममा महासभाका अध्यक्ष अग्रवालले पव्लिक प्राइभेट पार्टनरसीपको आधारमा भौतिक निर्माण कार्य अगाडी बढाउन आफुहरू तयार रहेको बताए। साथै सुरक्षासँग सम्बन्धित उद्योगहरू, औषधी उत्पादन, पर्यटन, रोजगारी सृजना हुने उद्योगहरू तथा विश्वस्तरीय वैवाहिक कार्यक्रम आयोजना गर्ने स्थलहरूको निर्माण गर्न आफुहरू तयार रहेको उनले बताए। नेपाल चेम्वरले हालसम्म विभिन्न ५१ वटा विदेशी चेम्वरहरूसँग समझदारीपत्रहरूमा हस्ताक्षर गरिसकेको छ।

## नेपाल र भारतका कलाकारहरूले गरे सिर्जना

काठमाडौ । नेपाल र भारतका २५ जना कलाकारहरू 'हिरोसीमा पीस मेमोरियल डे' को अवसरमा 'हिरोसीमा पीस मेमोरियल आर्ट क्याम्प २०१७' मा सहभागी भएका छन् । विश्वमा आणविक हातहतियारको प्रतिबन्ध र शान्तिको कामना गर्दै उनीहरू यो क्याम्पमा सहभागी भएका हुन् । प्रत्येक वर्ष अगष्ट ६ तारिखका दिन स्मरण गरिने 'हिरोसीमा पीस मेमोरियल डे' यो वर्ष 'बसुधैव कुटुम्बकम'को नारासहित लुम्बिनी वर्ल्ड पीस फोरमको आयोजनामा भएको छ। विश्व शान्ति झल्काउने गरी आर्ट क्याम्पको आयोजना गरिएको संस्थाले जनाएको छ। कार्यक्रममा कवि विप्लव प्रतिकले कविता बाचन गरेका थिए। हरेक वर्ष बुद्ध जयन्तीका दिन लुम्बिनीमा लुम्बिनी आर्ट क्याम्प, लुम्बिनी विश्वशान्ति प्रदर्शनी, सद्भाव वर्ष, सद्भावका लागि क्रिकेट, लुम्बिनी शान्ति सम्मेलन जस्ता कार्यक्रमहरू गर्दै आएको लुम्बिनी वर्ल्ड पीस फोरमले यस वर्षदेखि प्रत्येक वर्ष अगष्ट ६ तारिखका दिन 'हिरोसीमा पीस मेमोरियल आर्ट क्याम्प' गर्न लागेको हो। यस वर्ष आर्ट क्याम्पमा भारत,फ्रान्स र नेपालका कलाकारहरूले भाग लिएका थिए। कार्यक्रम प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति किरण मानन्धरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो।

# जिल्ला समाचार

## आपूर्तिमन्त्री मण्डललाई २५ किलोको माला



शिवकुमार मण्डल

विराटनगर । आपूर्तिमन्त्री शिवकुमार मण्डललाई उनका समर्थकहरूले २५ किलोको माला लगाई स्वागत गरेका छन् । आइतबार गृहजिल्ला मोरङ पुगेका मन्त्री मण्डललाई नेकपा माओवादी केन्द्रका नेता कार्यकर्ताहरूले विमानस्थलमा २५ किलोको माला पहिराएका थिए । विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै मन्त्री मण्डलले नेपाल आयल निगमद्वारा जग्गा खरिद गरिएको प्रकरणका सम्बन्धमा मन्त्रालयद्वारा अनुसन्धान भइरहेको बताउँदै दोषी ठहरिएमा कारबाही गरिने दृढता व्यक्त गरे । उनले दशैंतिहारका लागि सहज, सुलभ र सस्तो मूल्यमा आवश्यक खाद्यान्नलगायत सामग्री उपलब्ध गराउन सरकार दत्तचित भएर लागेको र मूल्य नियन्त्रण गर्न प्रभावकारी अनुगमन गरिने स्पष्ट पारे ।

## विज्ञान प्रयोगशाला विद्यालयलाई हस्तान्तरण

वीरगन्ज । क्वेष्टफर्माद्वारा सुविधा सम्पन्न विज्ञान प्रयोगशाला निर्माण गरी सरकारी विद्यालयलाइ हस्तान्तरण गरिएको छ । एक कार्यक्रमका बीच वीरगन्ज चिनी मिलस्थित श्री सिद्धार्थ माध्यमिक विद्यालयलाइ सुविधासम्पन्न प्रयोगशाला सोमबार हस्तान्तरण गरिएको हो । क्वेस्ट फार्मास्युटिकल्स प्रा. लि. को आर्थिक तथा प्राविधिक सहयोगमा निर्मित विज्ञान प्रायोगशाला तथा विभिन्न दाताहरूको सहयोगमा ३६ कम्प्युटरको प्रयोगशालाको उद्घाटन पर्साका प्रमुख जिल्ला अधिकारी केशवराज घिमिरेले गरेका थिए । भुकम्मप पछि विद्यालयका भौतिक अवस्था जिर्णभएपछि व्यवस्थापन समितीका अध्यक्ष विजय सरावगीको विशेष पहलमा विद्यालयमा धेरै बिकास भएको बताउदै शिक्षकहरूद्धारा शैक्षिक स्तरको विकासमा धयान दिनुपर्ने आवश्यता रहेको जिल्ला अधिकारी घिमिरेले बताए । उनले ३करोड भन्दापनीबढीको लगानिमा विभन्न निर्माण कार्यहरू भइरहेको कार्यक्रममा बताए । अध्यक्ष सरावगीको अनुरोधमा विद्यालयका विद्यार्थीहरूको उत्कृष्ट भविष्यका लागि ८ लाखको लागतमा विज्ञान प्रयोगशालाको निर्माण गरि हस्तान्तरण गरिएको क्वेष्ट फर्मा प्रालिका प्रबन्ध निर्देशक पृथ्वीराज भन्डारीले बताए ।

## भू-क्षयबाट जोगाउन वृक्षारोपण

महोत्तरी । वातावरण स्वच्छ, हरियाली सुन्दर र बस्तीलाई भू-क्षयबाट बचाउने उद्देश्यले महोत्तरीको बर्दिवास नगरपालिका १ र ३ मा रहेको च्यानडाँडाँ सामुदायिक वनमा सोमबार वृक्षारोपन कार्यक्रमको आयोजना गरिएको छ। च्यानडांडा सामुदायिक वनकी अध्यक्ष जमुना पोखरेलको अध्यक्षतामा भएको कार्यत्रममा इलाका वन कार्यालयका प्रमुख चन्देश्वर यादव, बर्दिवास नगरपालिकाका कार्यकारी अधिकृत रामकुमार कार्की, उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष कृष्ण प्रसाद गौतम, सुनौलो बस्ती टोल सुधार समितिका प्रतिनिधि, वन समितिका पदाधिकारी, उपभोक्ता लगायतको सहभागिता रहेको थियो। माइस्थान वन सेक्टर नर्सरीको सहयोगमा प्राप्त एक हजार विरूवामध्ये सोमबार सात सय मसलाको बिरूवा च्यानडाँडाँ सामुदायिकमा वनमा रोपिएको छ। माइस्थान वन सेक्टर नर्सरीले उपलब्ध गराएका बिरूवा नसकून्ञ्जेल वृक्षारोपन कार्यक्रम जारी नै राखिने इलाका वन कार्यालयका प्रमुख चन्देश्वर यादवले जानकारी दिए।

## एक जनाद्वारा झुण्डिएर आत्महत्या

कपिलवस्तु। कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका वार्ड नं. १० को सोनहवा गाउँमा बस्ने ४५ वर्षीय अधारे कोरीले झुन्डिएर आत्महत्या गरेका छन्। गत मंगलबार राती ११ बजे अधारे कोरी शवबरगदको रूखमा झुन्डिएको अवस्थामा स्थानीयबासीहरूले कोरीको शव देखेपछि त्यसको खबर स्थानीयबासीहरूले गणेशपुर थानामा दिएका थिए। सूचना पाउने बित्तिकै प्रहरी निरीक्षक खिमबहादूर घर्तिमगरको टोली घटना स्थलमा पुगेर घटनाको बारेमा जानकारी लिई शवको मुचुल्का बनाई ईलाका प्रहरी कार्यालयको कृष्णनगर मार्फत शिवराज अस्पताल बहादूरगंजमा पोस्ट मोर्टमको लागि पठाए पछि अधारे कोरीको शव सम्बन्धि परिवारलाई बुझाइ दिएको छ।

## सुरक्षाको पूर्ण प्रत्याभूति दिने प्रतिबद्धता

चन्द्रकान्त खनाल, रूपन्देही । रूपन्देहीका सुरक्षा प्रमुखहरूले छिटफुट घटनालाई लिएर नआत्तिन सर्वसाधरणलाई आग्रह गरेका छन् । रूपन्देहीको सुरक्षा संयन्त्र प्रभावकारी भएको उल्लेख गर्दै उनीहरूले नागरिकको पूर्ण सहयोग पाए जस्तासुकै अपराधीलाई पनि कानुनको दायरा भित्र ल्याई नागरिकलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिने प्रतिबद्धता व्यक्त गरेका छन् । तिलोत्तमा उद्योग वाणिज्य संघले उद्योगी व्यवसायी र सुरक्षा निकायहरूसँग भलवारीमा आयोजना गरेको रूपन्देहीको शान्ति सुरक्षा बिषयक अन्तक्रिया कार्यक्रममा सहभागी सुरक्षा अधिकारीहरूले अपराधिक मनोबृत्तिका सूचना नलुकाई सुरक्षा निकायलाई उपलब्ध गराउन आग्रह पनि गरे ।

## दुई दर्जन महिलाहरू एमालेमा प्रवेश

वीरगन्ज । वीरगंज महानगरपालिकाको वडा नं. ७ मा नेपाल कम्युष्टि पार्टी एमालेको पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ । पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्नु हुदै प्रमुख अतिथि नेकपा एमालेबाट वीरगंज महानगरपालिकाको मेयरको उम्मेदवार बसरूदिन अंसारीले नेकपा एमाले जनताको सुख दुःखमा साथ दिने पार्टी भएकोले यसमा पार्टी प्रवेश गर्नेहरूको लहर बढदै गएको चर्चा गरे । पार्टी प्रवेशले नेकपा एमाले अझ बलियो भएको उनले बताए । नवप्रवेशीहरूलाई टिका लगाएर स्वागत गर्दै प्रमुख अतिथि अंसारीले असोज २ गते हुन लागेको स्थानीय तहको निर्वाचनमा इमान्दारिताका साथ सहयोग गरेमा नेकपा एमालेलाई पर्सामा कुनै पनि शक्तिले हराउन नसक्ने दाबी गरे । आफू मेयरको उम्मेदवार लगायत नेकपा एमालेका सम्पूर्ण उम्मेदवारलाई जिताएमा शिक्षा, स्वास्थ्य, यातायात, रोजगारी लगायतमा सोंचेको जस्तो विकास हुने बताए । इन्दु रञ्जीतकारको अध्यक्षतामा भएको कार्यक्रमहरूमा कल्पना रञ्जीतकार, अमिता प्रधान, जमुना देवी, मिना देवी डंगोल, गिता देवी रौनियार, माला देवी साह, रेनु डंगोल, तेतरी देवी पटेल, सन्नी शर्मा, एतुका श्रेष्ठ लगायत २ दर्जन महिलाहरू विभिन्न पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेका हुन् । कार्यक्रममा युवा नगर अध्यक्ष इमरान हुसैन, शिव कुमार अग्रवाल, प्रवेज अंसारी, दिलिप सिंह, पप्पु सिंह लगायतको सक्रिय सहभागीता रहेको थियो ।

## महाराजगंज नगरपालिकाको बजेट सार्वजनिक

कपिलवस्तु । कपिलवस्तु स्थित महाराजगंज नगरपालिकाको चालु आर्थिक बर्षको बजेट ४१ करोड १४ लाख ३८ हजार बजेट प्रस्तुत गरिएको छ । नगरपालिको प्रथम नगर सभामा मेयर अब्दुल कलाम खाले प्रस्तुत गरेको सो बजेटमा चालु तर्फ ७ लाख ७४ हजार र २५ करोड ६ लाख ६४ हजार पुजीगत बजेट बिनियोजन गरिएको छ । जसमध्ये १० करोड ७८ लाख ७४ हजार सशर्त अनुदान रहेको छ । तत्काली अवश्यक्ता र ठुला आयोजनालाई प्राथमिकता दिईएको मेयर कलामले बताए । यसबैबर्ष देखि कालोपत्रे सडक निर्माण सुरूवात गर्ने, हरेक बार्डको ३ वटा बस्तीको बाटोका पक्की नाली तथा कंक्रीट सकडन बनाउने उनले बताए । सोही कार्यक्रममा बार्षिक नीति कार्यक्रम र बजेट सिलिङ प्रस्तुत गर्दै वडा अध्यक्ष जोगेन्द्र सिंहले एउटै सडककालागि ७ करोड ६८लाख बजेट पारित गरिएको बताए । बित्तीय समानिकरण अनुदानबाट १ करोड छुट्टाईएको छ । सडक पुर्वाधारमा ११ करोड ४५ लाख फोहरमैला तथा ढल ब्यवस्थापनमा ५० लाख, बिपत ब्यवस्थापनकालागि १० लाख बिनियोजन गरिएका छन ।

## हजारौं बिघामा लगाइएको बाली नष्ट

राकेश यादव, रौतहट । रक्सी उत्पादन उद्योगका कारण रौतहटमा हजारौं बिघामा लगाइएको विभिन्न बालीहरू नष्ट भएका छन् । क्षतिपूर्ति तथा उद्योग संचालक माथि कारबाहीको माग गर्दै रौतहटका पीडित किसानहरूले मंगलबार जिल्ला प्रसाशन कार्यलय घेराउ गरी विरोध प्रदर्शन गरेका छन् । रौतहटको सात्विक पिपरिया पोखरिया गौ विकास समितिमा सञ्चालन रहेको रक्सी उत्पादन उद्योग ज्योति डिस्टलरीले बाढीको पानीमा आफ्नो रसायनयुक्त पानी मिसाएको कारण हजारौं विघा जग्गामा लगाइएको धानबाली, उखुबाली नस्ट भएको भन्दै किसानहरू उद्योग संचालकमाथि कानूनी कारबाही गरी क्षतिपूर्ति दिनु पर्ने माग राख्दै आन्दोन्लित भएका छन् । साउन १९ गतेका दिन वर्षाका साथै झाझ नदीमा आएको बाढीको पानीमा पहिलादेखि भण्डारण गरी राखेको विषादी पानी मिसाउँदा स्थानीय गाउँ विकास समिति सरूअठा, पचरूखी, राजपुरतुलसी, भेड़ियाही, झुनखुनवा, जेठरहियाका किसानहरूको करीब २ हजार बिघामा रहेको धानबाली तथा उखुबाली नस्ट भएको किसान संघर्ष समितिले जनाएको छ । तीन दिनदेखि आफ्नो माग पूरा गराउनका लागि विरोधका कार्यक्रम सञ्चालन गर्दै आएका पीडित किसानहरू जिल्ला कृषि विकास कार्यालयसमेत घेराउ गरेका थिए । घेराउ कार्यक्रममा सहभागी भएका किसानहरूले माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी समेत दिएका छन् । २०७१ साल साउन २९ गतेमा त्यहीं उद्योग र श्रीराम सुगर मिल्सले विषादी पानी छोड्दा २७ सय बिघा जग्गामा रहेको बालीनाली नस्ट भएका थिए ।

## "हाम्रो टिम मैदानमा" सम्पन्न

जलेश्वर, २४ साउन । प्रहरी र स्थानीय युवाहरूलाई समाजमा शान्ति र सामुदायिक सुरक्षाका लागि सहकार्य गरी अगाडि बढ्ने उद्देश्यले महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा तीन दिन अगाडिदेखि सुरू 'हाम्रो टिम मैदानमा' नामक फुटबल क्लिनिक सम्पन्न भएको छ । युकेएडको आर्थिक सहयोगमा सर्च फर कमन ग्राउण्डले पहुँच परियोजना अन्तर्गत नेपाल प्रहरी र रतौली युवा क्लबको सहकार्यमा सो फुटबल क्लिनिकको आयोजना गरिएको रतौली युवा क्लबका कार्यकारी निर्देशक वैद्यनाथ चौधरीले जानकारी दिए । जिल्लाका विभिन्न युवा क्लब, राजनीतिक पार्टी, जातीय संस्था, सरकारी कर्मचारी लगायतका १६ वर्षदेखि २९ वर्षका ६० जना युवा र २० जना प्रहरीको सहभागितामा सो कार्यक्रम गरिएको कार्यकारी निर्देशक चौधरीले स्पष्ट गरे । प्रहरी र स्थानीयबीच विश्वास, सहकार्य र आपसी जवाफदेहिता बढाउने उद्देश्यका साथ फुटबल क्लिनिकको आयोजना गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी निरीक्षक चन्देश्वर यादवले बताए ।


प्रदेश, संघ र केन्द्रको चुनाव एकैचोटि गर्नु समय, साधन श्रोत र राजनीतिक सबै हिसाबले उत्तम हो। निर्वाचन आयोगले खुट्टा नकपाओस्। कुनै वहाना नगरियोस्। **डा. बाबुराम भट्टराई**


नेपालको संविधानले मृत्युदण्ड बर्जित गरेको छ, तर उपत्यका अपराध महाशाखामा एसएसपी फेरिएसँगै एउटा 'डन'ले मृत्युदण्ड पाउने गर्छन्। **मातृका पौडेल**


तपाई मगन्ते हुनुहुन्छ ? चिन्ता नगर्नुस्। सर्त मधेशी हुनुपर्छ। धनाढ्य बन्न सक्नुहुन्छ। संस्था खोल्नुस् मधेशीका नाउँमा। सरकारले दान दिन्छ र विदेशी मालिकले पनि। एक करोडमा एक लाख खर्चनुस् बाँकी आफ्नै खातामा जम्मा गर्नुस् मधेश बेच्दै जानुस्। **अनिकुमार कर्ण**


यो देशमा आवधिक निर्वाचनले कुन चै 'लोकतन्त्र' संस्थागत र प्रणालीमा चलेको छ ? केवल निर्वाचनको नाममा निर्वाचन र देशलाई जोकतन्त्र, लुटतन्त्र र सत्ताको खेल बाहेक अरू के भा छ कसैले भन्न सक्छ ? **अन्नत अनुराग**


राजपा नेपाल संविधान संशोधन बिना कुनैपनि निर्वाचनमा सहभागी नहुने जनाइसकेको अवस्थामा एमाले, काँग्रेस र माओवादी जस्ता मधेश बिरोधी पार्टीबाट बारम्बार राजपासँग चुनावी तालमेलको कुरा आउनु दुःखद हो। यसले मधेशी जनतालाई भ्रममा पार्न खोजेको प्रष्ट छ। तसर्थ यी पार्टीहरूलाई भ्रमको खेती नगर्न चेतावनी र मधेशी जनसमुदायलाई भ्रममा नपर्न अनुरोध छ। **सुरेश मण्डल**


आँखा, नाक, कान, मन, मस्तिष्क, भूत, वर्तमान, भविष्य सबैले चिच्याई रहँदा पनि आँखा, नाक, कान सब थुनेर सत्यसँग भाग्नुपर्ने' कस्तो विडम्बना। मधेशको राजनीतिसँग इन्सपाइर्ड हुँदै गएको जिन्दगी। **स्नेहा झा**


काठमाडौँको भेलमा बगिन् एकजना : बहिनी। मिडिया रोयो, हामी रोयौ र सिङ्गो देश नै रोयो। सडक निर्माणको क्रममा बनाईएको खाल्डोमा परेर रौटहटको गरूडामा ४ जना निर्दोष बालबालिकाहरूको दुःखद निधन भयो। र ति शवहरू लिएर आज सडकमा रूदैछन् एउटा : बाबा। काठमाडौं प्लिज, रोईदेउ न तिमी पनि। **दिलनिशानी मगर**


सडक निर्माणको क्रममा खनेको खाल्टोमा रौतहटमा चार बालिकाहरूको मृत्यु हुँदा मधेशी दलहरू किन बोल्दैनन्। मधेशको पक्षमा काम गर्ने पार्टी हो कि मधेशको नाममा जागिर खाइरहने पार्टी। **संगीता रेग्मी**


अब आएर, राजपाले निर्वाचनमा जानको लागी संसोधनको विकल्प नखोजे मधेशले राजपाको विकल्प खोज्न थाल्नेछ। निर्वाचनबाट भागेर लोकतन्त्र बचाउन सकिदैन। **मनिष झा**


कता जाँदैछ हाम्रो तराई मधेशको ग्रामीण भेगको मधेशी समुदायको जीवन चर्या ? आजभन्दा बीस बर्ष अगाडि यति भेदभावपूर्ण भएको थाहा थिएन , बिसवर्ष पछि अझ अगाडि बढ्नुपर्नेमा अझ अस्तव्यस्त हुँदैछ कस्तो संजोग या संज्ञा भनौ यसलाई। **सन्तोषी साह**


दुई पार्टी मिलेर एक पार्टी भएको राप्रपा आठ महिनामा नै फुटेर तीन पार्टी भयो। अब भन्नुस ६पार्टी मिलेर एक पार्टी बनेको राजपा कति दिनमा कति टुक्रामा फुट्नेछ ? **अफरोज अर्पण**

# संरक्षण एउटा पोलिटिकल ड्रामा हो


**पुर्णेन्दु झा, निर्देशक**

**० तपाईको निर्देशनमा निर्माण भएको संरक्षण चलचित्रलाई तपाई कसरी व्यख्या गर्नुहुन्छ ?**

– संरक्षण चलचित्र एउटा पोलिटिकल ड्रामा हो। जुन हाम्रो नेपालको समसामयिक राजनीतिक अवस्था छ। विभिन्न जातजाति विभिन्न समुदायमा सेन्टिमेन्ट बाँडिएको छ त्यो कसरी बाडिँयो त, किन त्योस्तो बाडिँयो त्यसको कारण के त, अबको सोलुसन के त ? यसको अधारमा निर्माणमा भएको राजनीतिक ड्रामा हो।

**० संरक्षण चलचित्रको कथा वस्तु कुन विषयमा अधारित रहेको छ ?**

– यो चलचित्रको कथावस्तु अहिलेको राजनीतिक अवस्थामा नै केन्द्रित रहेको छ। हामीले अहिले स्टोरी भन्न मिल्दैन। के स्टोरी हो कसको स्टोरी हो यस्ता कुराहरू भन्न मिल्दैन। चलचित्र साउन २७ गते रिलिज हुदैंछ। यसलाई संक्षिप्तमा भन्नु पर्दा अहिलेको वर्तमान नेपालको जुन प्रकारको राजनीतिक अवस्था छ त्यसमै अधारित चलचित्र हो।

**० तपाईको विचारमा संरक्षण भनेको के ? संरक्षण के का लागि ?**

– मेरो बुझाइमा संरक्षण देशको लागि। एक लाइनमा भन्नु पर्दा मुलुकमा जति पनि अपराधीहरू छन् तिनीहरू राजनीतिक संरक्षणबाट परिचालित रहेको छ। त्यसकारण देशका अपराधीहरूलाई राजनीतिक संरक्षणबाट मुक्त गर्नु र देशलाई संरक्षण दिनु नै यो चलचित्रको मूल थिम्स नै यहि हो र समाजमा यो संदेश नै दिनको लागि यो चलचित्रको निर्माण गरिएको हो। पब्लिकलाई पोलिटिसिएन्स, प्रेस र पुलिसले कसरी म्यानुप्लेट गरिरहेको हुन्छ त्यो सबै कुरा संरक्षणमा हामीले एउटा स्टोरी मार्फत देखाउन खोजेका हौं।

**० नेपाली चलचित्र जगत जुन प्रकारले फस्टाउनु पर्ने थियो त्यस्तो फस्टाएको अवस्था छैन नि ?**

– हैन अहिले त्यस्तो अवस्था रहेको छैन। पहिला फस्टाउन नसक्नुको धेरै कारणहरू थियो। तर आजकल राम्ररी चलिरहेको अवस्था छ। काठमाडौं र बाहिरका सहरहरूमा पनि मल्टिप्लेक्स सिनेमा हलहरूको संख्या बढेको अवस्था छ। सिनेमा हलहरू बढेसँग नेपाली चलचित्र पनि फस्टाइरहेको अवस्था छ। पहिला विभिन्न समस्याहरू रहेको थियो। अहिले सिनेमा जगतको अध्ययन गरेर अनुभवीहरूले निर्माण गरिरहेको चलचित्र बजारमा राम्रो चलेको अवस्था छ। विश्व जगतसँग अब डाइरेक्ट कन्टेक्ट छ, त्यही भएर अब नेपाली चलचित्र पनि केही वर्षमा पक्कै पनि त्यो उचाँइमा पुग्छ भन्ने मेरो विश्वास छ।

**० तर अहिले कतिपय चलचित्रले जुन लगानी लगाउँछन् त्यो पनि उठाउन सकिरहेको छैन। यसमा तपाईको विचार के छ ?**

– हरेक फिल्छ चल्छ भने कुरा हुँदैन। हामीले संरक्षणमा १ करोड पचास लाखको लगानी लगाएका छौं। अब भोली यो फिल्म चल्छ कि चल्दैन त्यो कहाँ भन्न सकिन्छ र। राम्रो फिल्म बनाएका छौं। यसले भोलीको दिनमा कस्तो कमाइ गर्छ यो अहिले नै भन्न सकिदैन। कुनै पनि देशको फिल्म इन्ड्रस्टीमा ९० प्रतिशत फिल्मले पैसा पनि उठाउन सकिदैन। १० प्रतिशत फिल्मले मात्र राम्रो पैसा उठाउने गरेको छ।

**० तपाई संरक्षणको प्रमोशनको लागि मेची-महाकाली यात्रामा हुनुहुन्छ, फिल्मबारे कस्तो प्रतिक्रिया पाउनु भयो ?**

– हामीले जहाँ जहाँ फिल्म र थिएटर चल्छ त्यो ठाँउको आम पब्लिक र पत्रकारहरूसँग कुरा गर्दा फर्स्ट टेलर आएदेखि नै फिल्म कति बेला हेरौँ हेरौँ जस्तो प्रतिक्रिया मैले पाए। यात्रा पनि मेरो लागि एकदमै उत्साह पूर्ण रहयो। तिनीहरूले डायलग नै मलाई सुनाइरेको थियो। पत्रकारहरूले पनि डायलगहरूको मिनिङ्गबारे प्रष्टयाउन आग्रह गरेका थिए। त्यही भएर सबै ठाउँको प्रतिक्रिया मैले राम्रो पाए।

## संरक्षण सम्वाद
## विजय यादव

# संरक्षण एउटा उद्देश्य लिएको फिल्म हो


**स्वेता साह, निर्मात्री तथा नायिका**

**० तपाइँ संरक्षणको निर्माता पनि हुनुहुन्छ र अभियन पनि गर्नु भएको छ, चलचित्रको निर्माण गर्नु र अभिनय गर्नुमा तपाईले के-कस्तो भिन्नता पाउनु भयो ?**

– निर्माण गर्नु मलाई लाग्छ धेरै मेहनतको काम हुन्छ। अभिनय गर्नु पनि मेहनतकै काम हो। तर निर्माण गर्दा सबै कुरालाई सन्तुलन मिलाएर जानु पर्ने हुन्छ। मलाई त्यो गर्नु परेन। किनभने त्यो सबै पुर्णेन्दुजीले नै सबै गरिदिनु भयो। अभिनयको कुरा गर्दा त्यसमा पनि धेरै मेहनत छ। एउटा निर्देशक जे गर्नु पर्छ त्यो सबै मैले गर्न पाएको छैन, त्यो सबै पुर्णेन्दु जीले नै गर्नु भएको छ। मलाई अभिनयमा मात्र मेहनत गर्नु परेको छ। दुइटै आफ्नो ठाँउमा राम्रै छ।

**० तपाई यो संरक्षण चलचित्र निर्माण गरिरहँदा के कस्ता अप्ठयारोहरूको सामना गर्नु पर्‍यो ? तपाई तराई मधेशको चेलिबेटी हुनुहुन्छ, तराई मधेशमा विभिन्न प्रकारका समस्याहरू रहेको छ, विभिन्न प्रकारका प्रथा र बन्देजहरू छोरी मान्छे माथी रहेको छ नि ?**

– मलाई त्यस्तो प्रथाहरूको सामना गर्नु परेन। किन भने मेरो परिवारको सोच के छ भने चाहे छोरा होस या छोरी सबैलाई पढाएर अगाडी बढायो भने त्यो नै सबै भन्दा ठूलो खजाना हो। मेरो बुवाको यस्तो मानसिकता भएर मलाई समाजिक प्रथाहरूले छेक्न सकेन। तराई मधेशको धेरै गाँउहरूमा यस्तो समस्याहरू रहेको छ तर मलाई यो क्षेत्रमा प्रवेश गर्दा त्यस्तो कुनै प्रकारको समस्याहरूको सामना गर्नु परेन।

**० तपाईले अहिलेको नेपाली चलचित्र बारे राम्ररी जानकारी हुनुहुन्छ अब नेपाली चलचित्रहरू छ त्यसमा र संरक्षण फिल्ममा तपाईले के भिन्नता पाउनु भो त ?**

– नेपाली चलचित्रहरू जुन अहिले छ र यो संरक्षणमा सबभन्दा पहिले त म के भिन्न पाएको छु भने यो चलचित्रमा धेरै कास्टहरू रहेको छन्। सबै चुनिन्दा क्यारेक्टरहरू रहेको छ। यो फिल्म पाँच वटा 'पी' जुन पावर फुल छ त्यसलाई देखाएको हो । जस्तै पोलिटिक्स, प्रेस, पुलिस, पिपुल्स यी सबै देशको अभिन्न अङ्ग हो। त्यही भएर यो संरक्षण एउटा उदेश्य लिएको फिल्म हो त्यही भएर यो अरू चलचित्र भन्दा भिन्न लाग्छ मलाई।

**० संरक्षण फिल्म २७ गते रिलिज हुदैंन र जनताहरू हेर्नको लागि एकदमै उत्साहित छ यस्तो अवस्थामा तपाईले आम पब्लिकलाई के भन्न चाहनु हुन्छ ? दर्शकलाई के भन्नु हुन्छ ?**

– म दर्शकलाई यहि भन्न चाहन्छु कि अल नेपालमा एकै साथ रिलिज हुदैछ। यो फिल्म अहिलेको राजनीति चलखेल कस्तो भइरहेको छ र यसको सोलुशन के त इत्यादी विषयमा देशको चिन्ता छ भने यो फिल्मले भरपूर्ण आन्नद दिन्छन् । सबैजनालाई म आग्रह गर्छु नजिकै सिनेमा गएर फिल्म हेरिदिनु होला। र सोसल मिडिया मार्फत हामीलाई प्रतिक्रिया दिनु होला।

**० अन्तिममा तपाईले दर्शकहरूलाई के भन्न चाहनु हुन्छ ?**

म दर्शकलाई यो मात्रै भन्न चाहन्छु कि तपाईहरू सिनेमा गएर एकचोटी फिल्म हेरिदिनु मलाई विश्वास छ कि एक चोटी हेर्नु हुन्छ भने अर्को चोटी पनि जाने चाहनु हुन्छ। किनभने हामीले यो संरक्षण चलचित्र आम पब्लिकको माथी बनाएका छौं। हाम्रो देशमा खाली डाक्टर इन्जिनीयरले हुदैन। अहिलेको पोलिटिक्लन सिचुएशन राम्रो छैन। त्यसको लागि हाम्रो नयाँ जेनरेशनलाई जो केही गर्न सक्छ त्यो मुदाहरूमा पनि केन्द्रित छ। त्यसको लागि तपाईहरू एक चोटी सिनेमा घरमा चलचित्र हेरिदिनु।

# भारतीय गायक कुमार सानुले विराटनगर तताउने


विराटनगर। भारतका चर्चित गायक कुमार सानु विशेष सांगीतिक प्रस्तुति दिन विराटनगर आउने भएका छन्। मुन्टेज इन्टरनेसनल र फन एन्ड फुड भिलेज रिसोर्टले दसैंको अवसरमा गर्ने कार्यक्रम सानुलाई निम्त्याउने भएको हो।

आयोजक संस्थाले विराटनगरमा पत्रकार सम्मेलन आयोजना गरी गायक कुमार सानुलाई विशेष सांगीतिक प्रस्तुतिका लागि ल्याउन लागिएको जानकारी दियो। 'कुमार सानु लाइभ इन कन्सर्ट विथ टिम एट विराटनगर' नाम दिइएको कार्यक्रम आगामी असोज ७ का दिन विराटनगरमा हुनेछ।

विराटनगरको हाटखोलास्थित फुड भिलेज रिसोर्टमा हुने कार्यक्रममा कुमार सानुलाई नेपाली कलाकारले पनि साथ दिनेछन्। यसअघि काठमाडौंमा विशेष सांगीतिक प्रस्तुति दिइसकेका कुमार सानु पहिलोपटक विराटनगर आउन लागेका हुन।

आयोजकका अनुसार एकदिने कार्यक्रममा कुमार सानुले आफ्नो करिअरका बुहचर्चित दुई दर्जन गीत प्रस्तुत गर्नेछन्। त्यसैगरी उनले ५-६ वटासम्म नेपाली गीत पनि प्रस्तुत गर्नेछन्।

# स्वराज र राजपा नेताहरूबीच भेटवार्ता


*राजपा अध्यक्षमण्डलका नेताहरू र भारतीय विदेशमन्त्री सुष्मा स्वराज भेटवार्ता गर्दै।*

काठमाडौं। राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलीय नेताहरूले भारतीय विदेशमन्त्री सुष्मा स्वराजसँग भेटवार्ता गरेका छन्। राजपा नेपालका अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुर, अध्यक्षमण्डलका सदस्यहरू राजेन्द्र महतो, महेन्द्र राय यादव, शरत्सिंह भण्डारी, राजकिशोर यादव र अनिल झाले विदेशमन्त्री स्वराजसँग बिहीबार साँझ भेटवार्ता गरेका छन्।

# नेपालले त्रिदेशीय साझेदारी बढाउने

काठमाडौं। नेपालले दुई ठूला छिमेकी भारत र चीनबीच 'दोक्लम क्षेत्र' लाई लिएर तनाव बढिरहेको बेला त्रिदेशीय साझेदारी अभिवृद्धि हुनेगरी भारत र चीनसँग सम्बन्ध अघि बढाउने नीति लिएको छ। प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण र चिनियाँ उपप्रधानमन्त्री वाङ याङको नेपाल भ्रमणको पूर्वसन्ध्यामा नेपालले दुई छिमेकीसँगको अबको सम्बन्ध त्रिदेशीय साझेदारीमा आधारित हुने नीति सार्वजनिक गरेको हो।

उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले हालै सार्वजनिक गरेको परराष्ट्र मन्त्रालयको कार्ययोजनामा आर्थिक महाशक्तिका रूपमा उदीयमान दुई विशाल छिमेकी भारत र चीनसँगको त्रिदेशीय साझेदारी अभिवृद्धि गर्न पहल गर्दै राष्ट्रिय समृद्धि हासिल गर्न जोड दिइने भनिएको छ।

नेपालले सन्तुलित परराष्ट्र नीतिको मर्मअनुसार दुई ठूला छिमेकी चीन र भारतसँग 'त्रिदेशीय साझेदारी अभिवृद्धि' हुनेगरी कूटनीतिक सम्बन्ध अघि बढाउने कार्ययोजनामा उल्लेख छ। अहिले भारत र चीनबीच दोक्लम क्षेत्रलाई लिएर तनाव बढ्दो छ। दोक्लममा दुई देशका सेना आमनेसामने भएका छन्। यस्तो अवस्थामा दुई छिमेकीसँग सम्बन्ध बलियो बनाउन त्रिदेशीय साझेदारीलाई आधार बनाउने नीति नेपालले लिएको हो। 'सन्तुलित परराष्ट्र नीतिको मर्मअनुसार छिमेकी लगायत मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई उच्च प्राथमिकतामा राखी सबै मित्र राष्ट्रहरूसँग असल कूटनीतिक सम्बन्ध कायम गरिनेछ,' पराष्ट्रमन्त्री महराले बताए।

# आदिवासी जनजाति महासंघ र प्रतिष्ठानले जातीय हत्या गरिरहेको आरोप

काठमाडौं। नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आदिवासी जनजातिको मानवअधिकारले प्रदत्त गरेको स्वपहिचान र आत्मनिर्णयको अधिकार उल्लंघन गरेको आरोप लागेको छ। ४३ जातीय समूहहरूले आफूहरूलाई आदिवासी जनजातिको मान्यता नदिएको भन्दै गुनासो पोखेका छन्। ४३ जातीय समूहहरूले मंगलबार मधेश मिडिया हाउसमा पत्रकार सम्मेलनको आयोजना गरी आदिवासी जनजातिको मान्यता प्राप्त गर्न प्रमाण र दस्तावेजसहित बारम्बार सरोकारवाला निकायहरू आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको कार्यकारिणी समिति, संचालक परिषद लगायतले कुनै ठोस निर्णय नगरेको गुनासो गरेका छन्।

पत्रकार सम्मेलनमा ४३ भन्दा बढी जाति तथा समुदायहरूको मौलिक पहिचान अर्को जातिमा विलय गराउने गम्भीर जातीय हत्याको कार्य गरिरहेको आरोप लगाएको हो।


*४३ आदिवासी जनजाति समुदायले आयोजना गरेको पत्रकार सम्मेलनमा सहभागीहरू ।*

नेपाल जनजाति महासंघसँग बारम्बार संवाद, छलफल, जानकारी, अपिल आदि गर्दा पनि आजको मितिसम्म कुनै ठोस निर्णय नगरी अनिर्णयको बन्दी बनाइरहेको अवस्थाले सामाजिक द्वन्द्व, अन्याय, विभेद, असमानता, उत्पीडन, दमन र शोषणले प्रश्रय पाइरहेको आदिवासी किराँत महासंघ केन्द्रीय अध्यक्ष पृथ्वीराज मुकारूङ वान्तवाले बताए।

'आदिवासीका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको घोषणा गरेको १० वर्ष पुगेको अवसरमा घोषणापत्रको कार्यान्वयनको समिक्षालाई मूल विषय बनाइ सन् २०१७ को ९ अगष्टका दिनलाई विश्वभर मनाइरहेको छ। तर नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आदिवासी जनजातिको मानवअधिकारले प्रदत्त गरेको स्वःपहिचान र आत्मनिर्णयको अधिकार उल्लंघन गरी ४३ भन्दा बढी जाति तथा समुदायहरूको मौलिक पहिचान अर्को जातिमा विलय गराउने गम्भिर जातीय हत्याको कार्य गरिरहेको जानकारी गराउन चाहन्छौं। जुन निन्दनीय र दण्डनीय छन्।' पत्रकार सम्मेलनमा जारी विज्ञप्तिमा उल्लेख छ।



ldlynf bz{g 6L=eL=
कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं